# अध्याय- एक : शोधको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

'शैली' प्राचिन कालदेखि नै बहुप्रचलित अवधारणा मानिन्छ । 'शील्' धातुबाट निर्मित 'शैली' को अर्थ ढङ्ग, ढाँचा, परिपाटी, तरिका, रीति, मार्ग, वृत्ति आदिमध्ये कुनै पनि हुन सक्छ । शैलीविज्ञान साहित्यको क्षेत्रमा नवीन समालोचनात्मक पद्धति हो । शैलीविज्ञान अङ्ग्रेजी शब्द 'Stylistics'को नेपाली रूपान्तरण हो । आधुनिक भाषाविज्ञानको जन्म भएपछि नै शैलीविज्ञानको उत्पत्ति भएको मानिन्छ । संस्कृतिको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको व्युत्पादन भएको र यही 'शील' शब्दमा 'ई' प्रत्यय जोडिएर 'शैली' शब्दको निर्माण भएको हो; (शर्मा २०४८:३) । पश्चिममा Stilusको प्राप्त सबैभन्दा पुरानो प्रयोग 'मइन' माथि लेख्न बनाइएको 'हाड' वा 'धातुको कलम' भन्ने अर्थ भेटिन्छ । १९ औँ शताब्दीको प्रारम्भमा सर्वप्रथम जर्मनीमाStylistickशब्दको प्रयोग भएको पाइन्छ; (शर्मा २०४८:४) । फान्सेली भाषामा सन् १८७२ मा Stylistiqueशब्दको प्रयोग भएको पाइन्छ । अङ्ग्रेजीमा भने 'Stylistics' शब्दको प्रयोग सर्वप्रथम सन् १८८२ मा भएको देखिन्छ (शर्मा २०४८:४) ।

हाल आएर शैलीविज्ञानले आफ्नो छुट्टै क्षेत्र वा आफूलाई स्वतन्त्र विज्ञानको एक विधाको रूपमा स्थापित गरिसकेको छ । पूर्वीय जगत्मा भरत, कुन्तक, ढण्डी, आनन्दवर्धन क्षेमेन्द्र आदि विद्वानहरूको साहित्य शास्त्रीय चिन्तनमा भाषा पक्षको पनि धेरै त्रुटि र विवेचना भएको पाइन्छ । त्यसैगरी पाश्चात्य जगत्मा ग्रिसेली विद्वान प्लेटो, अरस्तु त्यस्तै रोमन जगत्मा सिसेरो आदिका साथै अन्यले पनि शैली विषयमा विवेचना गरेको पाइन्छ (शर्मा २०४८:४) । शैलीवैज्ञानिक चिन्तनका दृष्टिकोणबाट पूर्वीय र पाश्चात्य साहित्य जगत्लाई अध्ययन गर्दा पश्चिमेली चिन्तन लथालिङ्ग यानि छरिएर रहेको पाइन्छ भने पूर्वीय चिन्तन निकै प्रभावशाली र बढी वैज्ञानिक रहेको पाइन्छ । यसरी शैलीविज्ञानको सुरुआत पूर्वीय जगत्मा भरत र पाश्चात्य जगत्मा प्लेटोदेखि नै देखाउन खोजिएता पनि शैलीविज्ञानले नयाँ मोड वा नया पहिचान भने आधुनिक युगमा नै पाएको हो । (शर्मा २०४८:४) ।

आधुनिक युगमा शैलीविज्ञानका पिता भनेर फर्डिनान्ड डी सस्युरलाई मानिन्छ । वर्णनात्मक भाषाविज्ञानका प्रथम प्रवर्तक फर्डिनान्ड डी सस्युर र उनका चेला चार्ल्स वालिका कार्यबाट हाल शैलीविज्ञानको सुरुआत भएको हो (शर्मा २०४९:५) । यसले मौखिक वा लिखित साहित्यिक सङ्कथनको विशिष्ट शैलीको आफ्ना प्रकृतिअनुसार भाषावैज्ञानिक अध्ययन गर्दछ । साहित्यिक

सङ्कथनको शैलीको व्यवस्थित वर्णन विश्लेषण त्यसमा उपयुक्त काव्यभाषाको आधारमा गर्छ साथै कृतिको वस्तुगत मूल्याङ्कनसमेत प्रस्तुत गर्दछ । शैलीविज्ञानले काव्य, कृति वा सङ्कथनको भाषिक आधारबाट विश्लेषण गर्ने काम गर्नुका साथै शैलीका माध्यमबाट त्यसमा भएका कलात्मक संवेगहरूको रेखाङ्कन गर्नुका साथसाथै शैलीविज्ञानले साहित्यिक काव्य कृतिको अध्ययन अनुसन्धान विश्लेषण गर्छ र अन्तरनिहित सौन्दर्य एवम् साहित्यिकताको उद्घाटन गर्दछ (शर्मा २०४८:३१) ।

कथाकार रीता ताम्राकारद्वारा रचित 'संवेग' कथा सङ्ग्रह एक उत्कृष्ट र नमुना कृति हो । यस कथा सङ्ग्रहभित्र जम्मा एक्काइस ओटा कथा समावेश गरिएका छन् । कथाका शीर्षकहरूमा देवी, आउट पास, चोरिएको निद्रा, धनेश्वरकी साहिँली, कार्की, बाको मुस्कान, सोह्र सोमबार, अकल्पनीय दृश्य, उद्वेलित संवेग, चोटका टाटाहरू, अनुत्तरित प्रश्न, स्मृतिका डोब, विथोलिएको मन, सधैँ झैँ आज पनि, अढाई लाखको चेक, शङ्काको किनारा छैन, विवशता, गिद्धे भोज, दूषित मन, हठ, समयको गति, बाफिलो मन जस्ता उत्कृष्ट शीर्षक चयन गरिएको छ । वि.सं. २०७४ सालमा डिकुरा पब्लिकेशनद्वारा प्रकाशित 'संवेग' कथा सङ्ग्रह हाल निकै चर्चामा रहेको छ । यस्तै अन्य प्रकाशित कृतिहरूमा दूई ओटा कथा सङ्ग्रह 'तुसारा पात, वि.सं. २०६१' र 'दृश्य परिदृश्य, २०७३' रहेका छन् भने निसास्एिको नारी आवाज, जीवन भोगाइको क्रममा, दुखेको वर्तमान, सम्झनाको तरेलीमा, बुबा, तिमी, भाग्य हाँगा, र ऊ, आज अतीत ब्युँझिरहेछ, यथार्थता अनामपरिधि (२०७६) साथै फुटकर कविता, केही मुक्तक, गजलसमेत छापिएका छन् । यस अध्ययनमा भने 'संवेग' कथा सङ्ग्रहभित्रको चौधौँ कथा 'अढाई लाखको चेक' कथाको शैलीवैज्ञानिक अध्ययन गरिने छ । 'अढाई लाखको चेक' कथाभित्र समाजको यथार्थलाई टपक्क टिपेर कलात्मक रूपमा वर्णन गरिएको छ । एक असल सक्षम साहित्यकारले गरिबीका कारण उत्कृष्ट लेख रचना लेखे पनि त्यसलाई पुस्तकका रूपमा प्रकाशन गर्न नसक्नु आर्थिक अभावको कारण थाहा पाएपछि धनी भन्नेहरूले मौकाको फाइदा उठाएर अरूको सिर्जना, रचनालाई चोरेर, लुटेर, झुक्काएर, किनेर आफ्नो नाममा प्रकाशन गर्नु, जसले साहित्य सिर्जना गऱ्यो उसले बोल्ने ठाउँ नपाई अर्कोले नै प्रकाशित गरी आफू सम्मानित बन्नु, साहित्यको 'स' पनि नजान्ने व्यक्ति देश, राष्ट्र तथा अन्तर्राष्ट्रिय रूपमा ख्याती प्राप्त गरी नाम कमाउनु जस्तो कुरालाई सुन्दर रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी एक साहित्यकारले कलम चलाएर जीवन व्यतीत गर्न कठिन हुने र परिवारको इच्छा चाहना पूरा गर्न नसक्ने तितो सत्य अनुभूति प्रकट गरेकी छन् । कथाकारले कथामा हाम्रो देशमा कला संस्कृतिको नाममा विकृति र विसङ्गतिले जरा गाड्दै गएको कुरालाई पनि उजागर गरेकी छन् । त्यसैगरी साथीसङ्गी पार्टी प्यालेसजस्ता ठाउँमा जाने, अरूलाई देखाउनकै लागि महँगो गरगहना, सुनचाँदी, लत्ताकपडा ऋण गरेर लगाउने अहिलेको देखासिकीले

पारिवारिक वातावरण बिग्रँदै गएको कुरालाई कथामार्फत कलात्मक रूपमा हालको समाज, संस्कृति र व्यक्तिप्रति तिखो व्यङ्ग्यवाण प्रहार गरेकी छन् । 'घाँटी हेरेर हाड निल्नु' पर्ने उखानसँग मिल्दाजुल्दो कथा रहेको छ साथै वर्तमानमा यथार्थमा जिउनुपर्ने सन्देश पनि कथाका माध्यमबाट दिन खोजिएको छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाँचौ पत्र (ने.पा.शि. ५९८) को पाठ्यांशको प्रयोजनार्थ यो अध्ययन गर्न थालिएको हो ।

**१.२ समस्या कथन**

कथाकार रीता ताम्रकारद्वारा लिखित 'संवेग' कथा सङ्ग्रहभित्रको 'अढाई लाखको चेक' नेपाली साहित्यमाा हालसालै प्रकाशित 'संवेग' कथा सङ्ग्रहभित्रको एक उत्कृष्ट कथा हो । कुनै पनि कथाको शैलीवैज्ञानिक अध्ययन गर्दा सामान्यतः कथाको क्रमिक विकास भए नभएको भनेर खोज अध्ययन गरिन्छ । यसका लागि विशेष गरी फेटागको पिरामिडअनुसार अध्ययन गर्ने सिद्धान्त स्थापित भएको छ । प्रस्तुत अध्ययनमा फेटागको सिद्धान्तअनुसार कथानकको अध्ययन गरिने छ ।

यसैगरी कथानकभित्र विभिन्न किसिमका चरित्रहरू हुन्छन् । शैलीविज्ञानले त्यस्ता चरित्रको अध्ययन गर्ने विभिन्न आधार पनि निर्माण गरेको छ । ती आधारहरूसँग 'अढाई लाखको चेक' कथाको चरित्रको संरचना भएको छ वा छैन भन्ने कुराको पनि यहाँ अध्ययन गरिने छ ।

शैलीविज्ञान अध्ययन गर्दा भाषशैलीको अध्ययन गरिन्छ । त्यसमा पनि चयन, विचलन र समानान्तरताको अध्ययन गरिन्छ । 'अढाई लाखको चेक' कथामा विभिन्न तहमा चयन, विचलन र समानान्तरता के कस्तो छ भन्ने विषयको पनि अध्ययन गरिन्छ । यसर्थ प्रस्तुत शोधकार्यको समस्याहरू निम्नलिखित छन् :

(क) 'अढाई लाखको चेक' कथामा फेटागको पिरामिडअनुसार कथानक र त्यसको विकासक्रम के कसरी भएको छ ?

(ख) 'अढाई लाखको चेक' कथाका पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण के कसरी गर्न सकिन्छ ?

(ग) शैलीविज्ञानअनुसार 'अढाई लाखको चेक' कथामा के कस्ता चयन, विचलन र समानान्तरता पाइन्छ ?

## १.३ अध्ययनका उद्देश्यहरू

कुनै पनि कार्य सम्पन्न गर्न निश्चित उद्देश्य हुनुपर्छ । उद्देश्य बिना कुनै कर्य गर्न खोजे त्यो काममा सफलता पाइँदैन । त्यसकारण कुनै विषयवस्तुमा केन्द्रित भएर गरिएको अध्ययन तथा अनुसन्धानमा पनि त्यस सम्बन्धी समस्याको पहिचान गरी उद्देश्य निर्धारण गर्नुपर्छ । उक्त उद्देश्य 'अढाई लाखको चेक' कथाको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोध पनि निम्न उद्देश्यमा केन्द्रित रहेको छ । यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहने छन् :

(क) 'अढाई लाखको चेक' कथामा फ्रेटागको पिरामिडअनुसार कथानक र त्यसको विकास के कसरी भएको छ विश्लेषण गर्नु,

(ख) 'अढाई लाखको चेक' कथाका पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु,

(ग) 'अढाई लाखको चेक' कथामा शैलीविज्ञानअनुसार के कस्तो चयन, विचलन र समानान्तरताहरू पाइन्छन् विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य तथा महत्व

शोधप्रस्तावमा शोधकर्ताले अध्ययन गर्न लागेको शोधकार्यको औचित्यमाथि स्पष्ट पार्नु नै शोधको औचित्य हो । अध्ययन, अनुसन्धान वास्तवमै भन्नुपर्दा उपलब्धिमूलक र फलदायक/फाइदाजनक हुन्छ । प्रस्तुत कृतिको शैलीवैज्ञानिक अध्ययनले कृति तथा साहित्यकारका बारेमा धेरै वा थोरै विषयको जानकारी राख्दछ । कृतिहरूको शैलीगत अध्ययन गरी वास्तविक सत्यतथ्यहरू प्राप्त गरी कृतिका बारेमा खेल्ने भूमिकाको अध्ययन गरी शैलीवैज्ञानिक अध्ययनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा कुनै शंका-आशंका रहँदैन ।

'संवेग' कथा सङ्ग्रहभित्रको सामाजिक यथार्थलाई समेटेर हालको समाजप्रति व्यङ्ग्यवाण प्रहार गर्न सक्ने सशक्त कथाको रूपमा 'अढाई लाखको चेक' कथाको विषयवस्तु रहेको छ । 'अढाई लाखको चेक' कथाको अध्ययनले कथाकार रीता ताम्राकार अन्य साहित्यिक मूल्य एवम् स्थान निर्धारण गर्नका लागि यस शोधप्रस्ताव कार्यले धेरै मद्दत मिल्ने छ । कथाको व्याख्या विश्लेषण गर्दा आवश्यक विषयवस्तुको जानकारी गराउनका लागि शिक्षक र शिक्षार्थीलाई सहयोग पुग्ने साथै समालोचनात्मक रूपमा कृतिको समीक्षा गर्न समालोचकहरूलाई समेत सहयोग पुग्ने देखिन्छ ।

प्रस्तुत अध्ययन कथाकार रीता ताम्राकारद्वारा रचित कृति 'संवेग' भित्रको 'अढाई लाखको चेक' कथाको शैलीवैज्ञानिक अध्ययनबाट प्रस्तुत गरिएका निष्कर्षहरूको अध्ययनबाट शिक्षक, विद्यार्थी,

पाठक, कृतिकार, समालोचक, पाठ्यक्रमविद्, सम्पादक, पाठ्यक्रम प्रकाशक, विषयविज्ञ, अभिभावक, समाज साथै राष्ट्रलाई समेत फाइदा र सहयोग पुग्ने भएको हुनाले यो अध्ययन औचित्यपूर्ण, महत्वपूर्ण रहेको छ ।

यस 'अढाई लाखको चेक' कथाका माध्यमबाट पाठक, शिक्षक विद्यार्थी, समालोचक समाज, अभिभावक, देशलाई समग्र रूपमा कसरी के के फाइदा हुन्छ भने यस कथाको विषयवस्तु बुझिसकेपछि हामीले अर्काको 'लहै लहै' मा लागेर होइन आफ्नो औकात हेरेर व्यवहार गर्नुपर्ने कुराको बोध हुन्छ । त्यसैगरी संस्कृतिको नाममा आज भइरहेको विकृतिले गर्दा सारा समाज नै नकारात्मक बाटो हिड्न लागेको छ; यसलाई सकारात्मक सोच राखेर देखासिकी गर्नु भन्दा पनि संस्कृतिलाई जोगाउनेतर्फ लाग्नुपर्ने सन्देश यसबाट प्राप्त भई सकारात्मक सोचको विकास हुनेछ । त्यस्तै गरी माया, प्रेम, सद्भावले जिन्दगी पारिवारिक वातावरण राम्रो हुने कुराको सन्देश यस कथाबाट प्राप्त हुन्छ ।

### १.५. अध्ययनको सीमा

यस अध्ययनमा संवेग कथासंग्रह भित्रको 'अढाई लाखको चेक' कथाको कथानक पात्रविधान चयन विचलन र समानान्तरता भित्र यस अध्ययनलाई सीमित गरिएको छ ।

### १.६. पारिभाषित शब्द

यस सोधकार्यमा परिभाषिक शब्दहरुको प्रयोग भएका कारण ती शब्दहरुको अर्थ निम्नानुसार रहेको छः-

पुस्तकालयीय अध्ययन कार्य : सम्बन्धित विषयमा केन्द्रित भएर पुस्तकालयमा गएर अध्ययन गरिने विधि

प्राथमिक स्रोत : अनुसन्धानकर्ताद्वारा प्रथम पटक संकलन गरिएको सामग्रीहरु

द्वितीय स्रोत : अन्य अनुसन्धानकर्ताले प्रयोग गरिएका सामग्रीहरु

चयन : छान्ने वा रोज्ने काम

समानान्तरता : पद पदावली वाक्यांश वाक्य तथा भावार्थको पुनरावृत्ति हुनु

विचलन : मानक भाषाको अतिक्रमण गर्नु वा क्रम नमिल्नु

अग्रभूमि निर्माण : सम्बन्धित विषय शीर्षकमा प्रवेश गर्नु अघि त्यस सम्बन्धी दिइने जानकारी

शैली : भाषा संरचनाको क्रमवद्ध व्यवस्थित रुप

वस्तुपरक : बाहिरी वस्तु जगतलाई जोड्ने कार्य

## १.७. अध्ययनको रुपरेखा

अध्याय - एक : परिचय

अध्याय - दूई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अध्ययन

अध्याय - तीन : अध्ययनको विधि तथा प्रक्रिया

अध्याय - चार : **'अढाई लाखको चेक'** कथाको शैलीवैज्ञानिक अध्ययन

अध्याय - पाँच : सारांश, निष्कर्ष र उपयोगिता

## अध्याय - दूई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक आधार

### २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि काम, खोज तथा अनुसन्धान कर्य गर्नु अगावै सो सम्बन्धित अरू कोही कसैले कुनै कार्य गरेका छन् वा छैनन् भनि पत्ता लगाउन आवश्यक हुन्छ । वर्तमानमा कार्यहरूलाई विगतले मार्गदर्शन गर्ने हुँदा आफूले गर्न लागेका अध्ययन अनुसन्धानलाई उद्देश्यमलक बनाई सही, सत्मार्गमा हिड्नका लागि आवश्यक सहयोग गर्नुका साथै विषय र शीर्षकको पुनरावृत्ति हुनबाट रोक्ने काम पूर्वकार्यको समीक्षाले गर्दछ ।

पोखेल, (२०७४) द्वारा जनता बहुमुखी क्याम्पस, इटहरीमा 'ऐना' कथा सङ्ग्रहका पात्रहरूको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । प्रस्तुत शोधप्रस्तावका समस्याहरू निम्नानुसार रहेका छन् :

(क) रामलाल जोशीको साहित्यिक व्यक्तित्व के कस्तो छ ?

(ख) पात्रका आधारमा 'ऐना' कथा सङ्ग्रह के कस्तो छ ?

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको देखिन्छ :

(क) रामलाल जोशीको साहित्यिक व्यक्तित्वको परिचय दिनु,

(ख) 'ऐना' कथा सङ्ग्रहका पात्रहरूको शैलीविश्लेषण गर्नु रहेको पाइन्छ भने यसमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको पाइन्छ ।

पुस्तकालयीय कार्य प्रयोग गरिएको यस शोधभित्र सामाजिक यथार्थवादी धारालाई आत्मसात गरेर लेखिएको छ । यस कृतिमा समाजमा हुने कूरीति, विकृति, विसङ्गति सुदूरपश्चिमाञ्चलको जनजीवनले भोग्नुपरेको भोकमरीको समस्या, निम्नवर्गीय समुदायको कहाली लाग्दो दुःखकष्ट र पीडादायी जीवनको चित्रण, यौन व्यापारमा लागेर जिन्दगी चलाउनुपर्ने वादी समुदायको पीडा, सुकुम्बासी समस्या, घाटको कोइला बेचेर, गिट्टी फोरेर जीवन निर्वाह गर्नुपर्ने निम्नवर्गीय बालबच्चा र वृद्धवृद्धाको कष्टकर जीवनको प्रतिबिम्ब 'ऐना' कथा सङ्ग्रहमा प्रथम पुरूष शैलीमा (आत्मपरक) उतारिएको पाइन्छ । शैलीवैज्ञानिक अध्ययनको सीमा राखेर 'ऐना' कथा सङ्ग्रहका पात्रहरूको अध्ययन तथा विश्लेषण गरिएको निष्कर्ष निकालिएको पाइन्छ ।

राई, (२०७४) द्वारा जनता बहुमुखी क्याम्पस, इटहरीमा 'महको म' निबन्धको शैलीवैज्ञानिक अध्ययन गरिएको

पाइन्छ । प्रस्तुत शोधकार्यको समस्यमा 'महको म' आत्मपरक निबन्धमा क्रियापदको चयन, विचलन के कस्तो रहेको छ ? भन्ने उद्देश्यहरू निम्नप्रकार रहेको पाइन्छ :

(क) 'महको म' आत्मपरक निबन्धमा क्रियापद चयनको अध्ययन गर्नु,

(ख) 'महको म' आत्मपरक निबन्धमा रहेको विचलनको अध्ययन गर्नु रहेको पाइन्छ । यस कार्यमा पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ ।

'महको म' निबन्ध भाषिक चयनका आधारमा तत्सम तत्भव र आगन्तुक झर्रा तथा अनुकरणात्मक शब्दको चयनले औचित्यपूर्ण रहेको पाइन्छ । नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, क्रिया, पदवर्गको चयनमा मानक भाषाको नै बढी प्रयोग भएको पाइन्छ । वाक्य समानान्तरता र विचलन उपयुक्त रहेको पाइन्छ । वाक्य गठनमा एक शब्ददेखि धेरै लामा सरल, संयुक्त, मिश्र वाक्यका साथै धेरै लामोलामो वाक्यको प्रयोग बढी पाइन्छ । नेवारी आख्यान र नेपाली आख्यानलाई मिश्रण गरेर तयार गरिएको यस कृतिमा रहेका मानवीय तथा मानवेत्तर पात्रहरू तथा ईश्वर जस्ता अदृश्य पात्रहरूको प्रयोगमा अत्याधिक पात्रहरू प्राचीन ग्रीक आख्यानबाट लिइएको पाइन्छ । नेवारी सभ्यताको प्राचीन इतिहास, दर्शन, विज्ञान, आख्यान साहित्य तथा नेपाली लोक आख्यानले कृति नौलो, सुमधुर, सुन्दर र आकर्षक भएको निष्कर्ष निकालिएको पाइन्छ ।

सुवेदी, (२०७३) द्वारा जनता बुहमुखी क्याम्पस, इटहरीमा 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेको पाइयो । यो अध्ययन निम्नलिखित समस्यामा रहेर गरिएको पाइन्छ :

(क) 'दमिनी भीर' उपन्यासको कथानक चयन के कस्तो रहेको छ ?

(ख) 'दमिनी भीर' उपन्यासमा के कस्तो समानान्तरता छ ?

(ग) 'दमिनी भीर' उपन्यासमा पात्र के कस्ता छन् ?

यो शोधकार्य निम्न उद्देश्य प्राप्तिमा केन्द्रित भएको पाइन्छ :

(क) 'दमिनी भीर' उपन्यासमा कथानक चयनको अध्ययन गर्नु,

(ख) 'दमिनी भीर' उपन्यासमा समानताको खोजी गर्नु,

(ग) 'दमिनी भीर' उपन्यासमा विचलनको अध्ययन गर्नु, यस उपन्यासमा पात्रको विश्लेषण गर्नु रहेको छ भने पुस्तकालयीय विधिअनुसार सामग्री सङ्कलन गरी अनुसन्धान कार्यलाई अगाडि सारेको पाइन्छ ।

चर्चित उपन्यासकार राजन मुकारुङद्वारा रचित 'दमिनी भीर' उपन्यासमा समाज तथा सोझासिधा जनताले भोग्नुपरेको दयनीय यथार्थलाई प्रस्तुत गरिएको पाइन्छ । समाजमा बढ्दो अन्याय,

अत्याचार र त्यसबाट माओवादीकालले कसरी समाज परिवर्तन गर्छ भन्ने कुरा देखाइएको पाइन्छ । माओवादीको द्वन्द्वकालले समाजमा भएको परिवर्तन भोजपुरको दिल्पाबाट सुरु भएको घटना कसरी राष्ट्रिय राजनीतिबाट जोडिएको छ र २००७ सालपछि कांग्रेस सरकारले के कस्तो काम कार्य गऱ्यो ? वि.सं. २०६२/६३ पछि देशमा माओवादीले के गऱ्यो भन्ने मूल प्रश्नमै केन्द्रित राष्ट्रिय राजनीति तथा जति गरे पनि यहाँ सर्वहारा, निमुखा, पिछडिएको समूह जहिल्यै तल अर्घेलो भएर बाँच्नुपर्ने पीडासँगै दशकौँदेखि जारी आन्दोलनले कहिल्यै आफ्नो लक्ष्यमा पुग्न नसकेको र जनताले आफ्नो हक अधिकारका निमित्त हरदिन लडाइँ निरन्तर गर्नुपर्ने कुरा प्रस्तुत गरिएको छ । सामाजिक, सांस्कृतिक, राजनीतिक, जातीयवादी सङ्कीर्ण मानसिकतामा देश कसरी कुहिरोको काग भएको छ भन्ने कुरालाई कलात्मक रूपमा विश्लेषण गरिएको यो उपन्यास उत्कृष्ट बन्न पुगेको निचोड निकालिएको पाइन्छ ।

भट्टराई, (२०७४) द्वारा जनता बहुमुखी क्याम्पसमा 'ग्रेट फल्स' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित भएर गरेको पाइन्छ :

(क) 'ग्रेट फल्स' उपन्यासमा क्रियापदको चयन कस्तो रहेको छ ?

(ख) 'ग्रेट फल्स' उपन्यासमा विचलन के कस्तो रहेको छ ?

यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको देखिन्छ :

(क) 'ग्रेट फल्स' उपन्यासमा क्रियापद चयनको अध्ययन गर्नु,

(ख) 'ग्रेट फल्स' उपन्यासमा रहेको विचलनको अध्ययन गर्नु जस्ता काम भएका छन् साथै यसमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको पाइन्छ ।

'ग्रेट फल्स' उपन्यासमा चयन भएका क्रियापदहरू र यसमा रहेका व्याकरणिक विचलनको शैलीवैज्ञानिक आधारमा अध्ययन गरी त्यसको संरचना तयार गरिएको पाइन्छ । पुस्तकालयीय पद्धतिद्वारा सामग्री सङ्कलन गरी यसको संरचना तयार गरिएको पाइन्छ ।

वरिष्ठ उपन्यासकार कृष्ण धराबासीले जन्माउनु भएको उपन्यास 'ग्रेट फल्स' मा मानिसहरू अमेरिका जान किन तयार हुन्छन् र गएपछि कसरी उतैतिर घर बनाई बस्छन् भन्ने कुराको नाटकीय रूपमा उपन्यासमा यथार्थ प्रस्तुत गरिएको छ । कतै वर्तमान, केही भूतकाल र केही भविष्यतकाल जस्ता क्रियापदको प्रयोग गर्दै उपन्यासलाई सरल, सहज, रसात्मक र सुव्यवस्थित पार्न धेरै व्याकरणिक विचलनको पनि प्रयोग गरिएको निष्कर्ष निकालिएको पाइन्छ ।

भुजेल, (२०७२) द्वारा नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी अन्तर्गत 'लू' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरू

कथानकका आधारमा 'लू' उपन्यासको कथावस्तुको सार प्रस्तुत गर्नु, शैलीवैज्ञानिक आधारमा 'लू' उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण गर्नु रहेका छन् । उक्त शोधमा पुस्तकालयीय कार्यलाई आधार मानेर विश्लेषण गरिएको छ ।

प्रस्तुत शोध 'लू' उपन्यासमा गाउँमा घटिरहने अमानवीय र अपराधिक गतिविधि, आर्थिक र राजनैतिक स्वार्थता, सामाजिक सद्भाव जस्ता कुरालाई समेटेर उपन्यासमा प्रस्तुत गरिएको छ । मानवीय र मानवेत्तर पात्र चयन गरी राजनीति गर्न केही धनी भन्ने मानिसले गर्ने व्यावहारिकताको चरित्रचित्रण छर्लङ्ग रूपमा गरिएको पाइन्छ ।

भट्टराई, (२०७६) द्वारा जनता बहुमुखी क्याम्पस, इटहरीमा 'धनेश्वरकी साहिँली' कथाको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित भएर गरिएको पाइन्छ :

(क) 'धनेश्वरकी साहिँली' कथामा फ्रेटागको पिरामिडअनुसार कथानक र त्यसको विकास के कसरी भएको छ ?

(ख) 'धनेश्वरकी साहिँली' कथामा पात्रहरूको वर्गीकरण के कसरी गर्न सकिन्छ ?

(ग) शैलीविज्ञान अनुसार 'धनेश्वरकी साहिँली' कथामा के कस्ता चयन, विचलन र समानान्तरताहरू पाइन्छन् ?

यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको पाइन्छ :

(क) 'धनेश्वरकी साहिँली' कथामा फ्रेटागको पिरामिड अनुसार कथानक र त्यसको विकासको विश्लेषण गर्नु,

(ख) 'धनेश्वरकी साहिँली' कथाका पात्रहरूको वर्गीकरण गर्नु,

(ग) शैलीविज्ञान अनुसार 'धनेश्वरकी साहिँली' कथामा पाइने समानान्तरताहरूको विश्लेषण गर्नु रहेको छ भने पुस्तकालयीय वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी तथ्याङ्कको सङ्कलन गरिएको पाइन्छ ।

रीता ताम्राकारद्वारा लिखित 'धनेश्वरकी साहिँली' कथामा ग्रामीण परिवेशलाई समेटिएको पाइन्छ । मानव जीवनका विविधतालाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्दै ग्रामीण जीवनका कष्टकर समस्या र सहरी जीवनका संवेदाहीन पक्ष तथा परिवेशलाई चित्रण गरिएको पाइन्छ । हाल फस्टाउँदै गइरहेको धनाढ्य वर्गको उदय र उनीहरूले निर्माण गर्ने बिल्डिङहरूमा श्रममा खटिएका कामदारहरूको खस्किदो जीवनस्तर र हुने खाने र हुँदा खाने मालिक र कामदारबीचको खाडल नयाँ

समस्या होइन । समय समयमा यी दूई  वर्गकाबीच सानाठूला सङ्घर्षहरू गरिब सोझासिधा जनतालाई सामन्त वर्गले दिएका पीडाहरूलाई उजागर गरिएको पाइन्छ ।

'धनेश्वरकी साहिँली' कथाको कथानकको दायाँ क्रमबद्ध ढाँचामा प्रस्तुत भएकाले आदि, मध्य र अन्त्यको क्रम मिलेको देखिन्छ । त्यसैगरी नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात आदि शब्दहरूको समुचित विन्यासले कथाको कथानकको भाषा आकर्षक र प्रभावकारी बन्न पुगेको छ । कथामा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा प्रमुख पात्र, सहायक पात्र र गौण पात्रको विश्लेषण गरिएको पाइन्छ । कथामा 'धनेश्वरकी साहिँली' मिस्त्री र महिला कामदार आदि पात्रहरूको प्रयोग मार्फत कथाको कथावस्तुलाई मूर्त रूप दिने प्रयास गरिएको पाइन्छ ।

लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना आसन्तता आबद्धताका आधारमा पात्रहरूको वर्गीकरण गरी जीवनको यथार्थबोध गराइएको पाइन्छ । यसरी 'धनेश्वरकी साहिँली' कथा शैलीवैज्ञानिक आधारमा उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ ।

रिजाल, (२०७५) द्वारा सानोठिमी क्याम्पस, भक्तपुरमा 'मृगतृष्णा' कथाको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित भएर गरिएको पाइन्छ :

(क) 'मृगतृष्णा' कथामा कथानकको स्थिति के कस्तो छ ?

(ख) 'मृगतृष्णा' कथामा पात्रहरूको अवस्था के कस्तो छ ?

(ग) 'मृगतृष्णा' कथामा भाषाशैली विन्यास के कसरी भएको छ ?

यो शोधकार्य निम्नलिखित उद्देश्य प्रमप्तिको लागि केन्द्रित रहेको देखिन्छ :

(क) कथानकका आधारमा 'मृगतृष्णा' कथाको विश्लेषण गर्नु,

(ख) पात्रका आधारमा 'मृगतृष्णा' कथाको विश्लेषण गर्नु,

(ग) चयन, विचलन र समानान्तरताका आधारमा 'मृगतृष्णा' कथाको भाषिक विश्लेषण गर्नु रहेको छ । यसमा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ ।

कथाकार माया ठकुरीद्वारा रचित 'मृगतृष्णा' कथामा तत्सम, तत्भव, आगन्तुक, अनुकरनात्मक र झर्रा शब्दहरूको उपयुक्त किसिमले चयन गरिनुका साथै नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी र निपात जस्ता शब्दहरूको उपयुक्त संयोजनले कथालाई सशक्त बनाएको पाइन्छ । कथामा व्याकरणिक नियम मिलेका र नमिलेका दुवै किसिमका वाक्यहरू प्रयोग गरिनुका साथै सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग गरिएको पाइन्छ । साथै भाषिक चयन र विचलन जस्ता

पक्षमा केन्द्रित रहेर अध्ययन गरिएको पाइन्छ । भाषिक चयन अन्तर्गत प्रयुक्त शब्द चयन, वाक्य चयन र लेख्य चिह्नको प्रयोग पनि उपयुक्त नै रहेको पाइन्छ । साथै देशको विभिन्न संस्कृति, जातजाति, बोलीचाली र भेषभूषाजस्ता पक्ष र राष्ट्रप्रतिको भाव जागृत गरिएकाले पनि यो कथा उत्कृष्ट, सार्थक र रोचक रहेको निष्कर्ष निकालिएको छ ।

काफ्ले, (२०७४) द्वारा जनता बहुमुखी क्याम्पस, इटहरीमा स्नातकोत्तर उपाधिका लागि 'सल्लीपिर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित भएर गरिएको पाइन्छ :

(क) 'सल्लीपिर' उपन्यासको कथानक के कस्तो रहेको छ ?

(ख) शैलीवैज्ञानिक आधारमा उक्त उपन्यासको अवस्था कस्तो छ ?

(ग) विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको अवस्था कस्तो छ ?

यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको पाइन्छ :

(क) कथानकको आधारमा 'सल्लीपिर' उपन्यासको विश्लेषण गर्नु,

(ख) शैलीवैज्ञानिक आधारमा 'सल्लीपिर' उपन्यासका पात्रको विश्लेषण गर्नु,

(ग) विचलन र समानान्तरताको आधारमा 'सल्लीपिर' उपन्यासको विश्लेषण गर्नु रहेको छ भने यसमा पुस्कालयीय विधिको प्रयोग गर्दै तथ्याङ्कको सङ्कलन गरिएको पाइन्छ ।

नयनराज पाण्डेद्वारा लिखित 'सल्लीपिर' उपन्यासमा हिमाली भेगको खुम्बु क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिको दुःख, पीडा र त्यसबाट कुक्त हुनको लागि भरिया हुनुपर्ने बाध्यता, सङ्घर्ष गरेर अगाडि बढ्न खोज्दा झन् ठूलो विपत्ति परेका कुरा उपन्यासमा वर्णित छन् ।

खुम्बु क्षेत्रमा बसोबास गर्ने बासिन्दाले बाँच्नका लागि सङ्घर्ष र दुर्घटनाजन्य नियतिको जीवन्ततालाई उपन्यासमा प्रस्तुत गरेको पाइन्छ । नेपालको हिमाली क्षेत्रमा कहिल्यै पनि सुख अनुभूति गर्न पाइरुँदैन । त्यहाँ पीडा र विभेद मात्र हुने गर्दछ । कर्मा र पेमाको बालापन अभिभावकबाट छुट्टिएको पीडा, विवाह लगत्तै चौंरी चराउन तयार भएको यात्रा सङ्घर्षपूर्ण रहेको पाइन्छ । चुनावको वेला मात्र नेताले जनतालाई चिन्ने भएकाले नेपाली राजनीतिको चित्रण पनि यसभित्र पाइन्छ । सरकारी कामकाजको सिलसिलामा सामान्य जनताको दुःख पीडालाई प्रस्तुत गरिएको पाइन्छ । नेपाली सेना र माओवादीले गरेको अमानवीय व्यवहारबाट अलिकति पनि विचलित नभई आफ्नो मानवीयता र धार्मिक सहिष्णुता जगाउन सफल बासिन्दाहरूको मानसिकताको सफल चित्रण गरिएको पाइन्छ । त्यस्तै शिक्षाबिना मान्छे चौंरीजस्तै हुन्छ भनेर तुलना गरी शिक्षाप्रति मानिसलाई चेतना जगाई सचेत

गर्न खोजिएको पाइन्छ । कथामा छोटाछोटा वाक्यहरूको गठन गरी भाषालाई सरल, सहज रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयोग भएका पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गरी जीवनको यथार्थबोध गरिएको पाइन्छ ।

भट्टराई, (२०७६) द्वारा जनता बहुमुखी क्याम्पस, इटहरीमा 'पूर्वतिर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित भएर गरिएको पाइन्छ :

(क) कथानकका आधारमा 'पूर्वतिर' उपन्यास के कस्तो छ ?

(ख) चरित्रका आधारमा 'पूर्वतिर' उपन्यास के कस्तो छ ?

(ग) चयनका आधारमा 'पूर्वतिर' उपन्यास के कस्तो छ ?

(घ) विचलन र समानान्तरताका आधारमा 'पूर्वतिर' उपन्यास के कस्तो छ ?

यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको पाइन्छ :

(क) कथानकका आधारमा 'पूर्वतिर' उपन्यासको विश्लेषण गर्नु,

(ख) चत्रिका आधारमा 'पूर्वतिर' उपन्यासको विश्लेषण गर्नु,

(ग) विचलन र समानान्तरताका आधारमा 'पूर्वतिर' उपन्यासको विश्लेषण गर्नु,

(घ) चयनका आधारमा 'पूर्वतिर' उपन्यासको विश्लेषण गर्नु ।

यस 'पूर्वतिर' उपन्यासमा पुस्तकालयीय कार्यका साथै वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको पाइन्छ ।

प्रदीप नेपालद्वारा लिखित 'पूर्वतिर' उपन्यासमा ग्रामीण परिवेशलाई समेटिएको पाइन्छ । सामाजिक, आर्थिक क्षेत्रमा देखा पर्ने विकृति विसङ्गति, अन्याय, शोषणजस्ता पक्षहरूको चित्रण गरिएको छ । आर्थिक स्थिति कमजोर भएका ग्रामीण समुदायका जनता कसरी पीडित बन्दछन् भन्ने कुराको उजागर गरिएको छ । 'पूर्वतिर' उपन्यासमा तत्सम्, तत्भव, आगन्तुक, झर्रा एवम् अनुकरणात्मक शब्द, नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, निपात एवम् विस्मयादिबोधक जस्ता शब्दहरूको चयनले भाषा सहज, सरल र उत्कृष्ट बन्न पुगेको छ । तत्भव र आगन्तुक शब्दको पनि कतै कतै प्रयोग गरिएको छ । व्याकरणिक, ध्वनितात्विक, अर्थतात्त्विक, भाषिक विचलनयुक्त भाषाको प्रयोगले उपन्यासको भाषिक सौन्दर्य वृद्धि भई बोधगम्य बन्न पुगेको छ । उपन्यासभित्र प्रमुख पात्रको रूपमा जीवन घिमिरे छन् भने सहायक पात्रका रूपमा जन्तरे बूढा, नरवीर, सकुन्तला, अन्तरे बूढा र अन्य पात्र छन् । त्यसैगरी गौण पात्रका रूपमा उपन्यासका प्रमुख पात्रका आफन्त, नातेदार रहेका छन्

। यिनै पात्र मार्फत उपन्यासको कथावस्तु अगाडि बढेको छ ।  यसरी हेर्दा भाषा आन्तरिक र बाह्य समानान्तरताको समुचित प्रयोगले गर्दा उपन्यासको भाषा सार्थक बन्न पुगेको छ ।

निरौला, (२०७६) द्वारा जनता बहुमुखी क्याम्पस, इटहरीमा 'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित भएर गरिएको पाइन्छ :

(क) कथानकका आधारमा 'प्रिय सुफी' उपन्यास के कस्तो छ ?

(ख) चरित्रका आधारमा 'प्रिय सुफी' उपन्यास के कस्तो छ ?

(ग) चयन, विचलन र समानान्तरताका आधारमा 'प्रिय सुफी' उपन्यास कस्तो देखिन्छ ?

यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको पाइन्छ :

(क) फ्रेटागको पिरामिडका आधारमा 'प्रिय सुफी' उपन्यासको कथानकको विश्लेषण गर्नु,

(ख) चरित्रका आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण गर्नु,

(ग) चयन, विचलन र समानान्तरताका आधारमा 'प्रिय सुफी' उपन्यासको विश्लेषण गर्नु ।

यसमा मूलतः प्रमुख विधिका रूपमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा सङ्कलित सामग्रीहरूको गुणका आधारमा अध्ययन गरिएको हुँदा गुणात्मक ढाँचाका साथै त्यसै सामग्रीका विशेषताका आधारमा वर्णनात्मक तथा व्याख्यानात्मक विधिलाई अपनाएर अध्ययन गरिएको पाइन्छ ।

सुबिन भट्टराईद्वारा लिखित 'प्रिय सुफी' उपन्यासमा राष्ट्रिय परिवेशलाई समेटिएको पाइन्छ । जीवनमा जतिसुकै कठिनाइ सामना गर्न किन नपरोस् तर जीवनबाट हार्नु हुन्न भन्ने पक्षलाई चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा तत्सम्, तत्भव, आगन्तुक, झर्रा एवम् अनुकरणात्मक, नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियाविशेषण, संयोजक, निपात एवम् विस्मयादिबोधक जस्ता शब्दहरूको चयनले भाषा सरल, सहज र उत्कृष्ट बन्न पुगेको छ । तुलनात्मक रूपमा तद्भव शब्दको प्रयोग बढी मात्रामा भएको पाइन्छ भने आगन्तुक शब्द अन्तर्गत पनि अङ्ग्रेजी भाषाका शब्द बढी प्रयोग भएको पाइन्छ । उपन्यासमा सङ्ख्यात्मक रूपमा पात्रहरू बढी भए पनि कथानकलाई अघि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरू सीमित रहेका छन् । उपन्यासका मुख्य पात्र सदा र सुफी रहेका छन् भने सहयाक पात्रका रूपमा मुख्य पात्रका नातेदार रहेका छन् । यस उपन्यासमा भाषिक विचलन बढी मात्रामा भएको पाइन्छ । त्यसैगरी आन्तरिक र बाह्य समानान्तरको समुचित प्रयोगले गर्दा उपन्यासको भाषा सार्थक बन्न पुगेको छ ।

यस शोध भन्दा अगाडि अन्य कृति, काव्यको शैलीवैज्ञानिक अध्ययन भए पनि 'अढाई लाखको चेक' कथाको अध्ययन भने भएको पाइँदैन; तसर्थ यो अध्ययन कार्य नै यस क्षेत्रको प्रारम्भिक अध्ययन हुनेछ ।

## २.२. पूर्वकार्यको उपयोगिता

प्रस्तुत शोधकार्य 'अढाई लाखको चेक' कथाको शैलीवैज्ञानिक अध्ययन हालसम्म कोही कसैले पनि नगरेको तथ्य पूर्वकार्यको समीक्षाबाट प्राप्त नगरेको तथ्य प्राप्त हुन आउँछ । माथि उल्लेखित पूर्वकार्यको समीक्षालाई उपयोग गरी यो शोध पूरा  गर्न सहजता भएको छ । कुनै पनि विषय क्षेत्रमा गरिएको पूर्व अध्ययन अनुसन्धान एवंम् विश्लेषणबाट निस्केका निष्कर्षले शोधार्थीहरुलाई आफ्नो शीर्षकका सम्बन्धमा आवश्यक ज्ञान प्राप्त गर्न सहयोग पुग्छ । त्यस्तैगरी अनुसन्धानकर्ताले अध्ययन गर्न लागेको विषय र शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानको अध्ययन मार्फत प्राप्त सुझावका आधारमा आफ्नो शोधकार्यलाई सरल रुपमा सम्पन्न गर्न ठूलो योगदान पुग्ने देखिन्छ ।

प्रस्तुत शीर्षकमा शैलीवैज्ञानिक अध्ययन गर्न मोहनराज शर्मा (२०४९)को शैलीवैज्ञानिक, डा. माधवप्रसाद पौडेल (२०७३) को प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरु, शारदा काफ्ले (२०७४) को 'सल्लीपिर' उपन्यासको अध्ययन, संगिता निरौला (२०७६) को 'प्रियसुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, भावना पोखरेल (२०७४) 'ऐना' कथासंग्रहको शैलीवैज्ञानिक अध्ययन, दुर्गा भट्टराई (२०७६) 'धनेश्वरकी साँहिली' कथाको शैलीवैज्ञानिक अध्ययन,

लता भट्टराई (२०७६) 'पूर्वतिर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, निलादेवी भट्टराई (२०७४) 'ग्रेट फल्स' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ममता भुजेल (२०७२) 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन आदिलाई शैलीवैज्ञानिक शोधको आधार मानिएको छ ।विभिन्न समयमा गरिएको भिन्ना भिन्नै उपन्यासको शैलीवैज्ञानिक अध्ययनको पूर्व समीक्षाको अध्ययनबाट निम्नानुसारको उपयोगिता रहेको छ :

क) शीर्षकको पुनरावृत्ति हुनबाट जोगाउन सहयोग पुग्ने,

ख) अध्ययन समस्यालाई विशिष्टीकरण गर्न सहयोग पुग्ने,

ग) उद्देश्य निर्धारण गर्न सहयोग पुग्ने,

घ) विधि निर्धारणमा सहयोग तथा तथ्याङ्क संकलनका आवश्यक स्रोत पहिचान गर्न सहयोग पुग्ने,

ङ) अध्ययनको सैद्धान्तिक धारणा निर्माणका साथै तथ्याङ्क संकलनका आवश्यक स्रोत पहिचान गर्ने आदि कार्यक्रममा सहयोग पुग्ने देखिन्छ ।

विभिन्न उपन्यास, निवन्ध, कविता, खण्डकाव्य, गीतिनाटक तथा कथा आदिको समय-समयमा शैलीवैज्ञानिक अध्ययन अनुसन्धान भए पनि साहित्यकार रीता ताम्राकारबाट लिखित 'अढाई लाखको चेक'(२०७४) कथाको कोही कसैबाट पनि शैलीवैज्ञानिक अध्ययन एवंम् विश्लेषण नगरिएकाले यो पहिलो मौलिक तथा नितान्त नयाँ अध्ययन हुने भएकाले यस अध्ययनको उपयोगिता रहेको छ । त्यस्तैगरी शिक्षक, विद्यार्थी साथै अन्य शोधार्थीलाई समेत मार्गदर्शन गर्ने भएकाले यो अध्ययन उपयोगी र प्रभावकारी हुने देखिन्छ । शैलीविश्लेषण गर्न चाहने जोसुकै व्यक्तिलाई अध्ययन गर्न सहयोग पुग्नेछ ।

प्रस्तुत 'अढाई लाखको चेक' (२०७४) कथाको शैलीवैज्ञानिक अध्ययनबाट शैलीविज्ञान सम्बन्धी सैद्धान्तिक अवधारणा सम्बन्धित हुनु, शिक्षक, विद्यार्थी तथा पाठकवर्गलाई समेत उक्त कृतिमा प्रयुक्त भाषिक विशिष्टताको पहिचान गर्न एवंम् कृति लेखकहरुलाई कुनैपनि कृतिको विश्लेषणबाट निस्केको निष्कर्षलाई मध्यनजर गर्दै कृतिमा रहेको कमी-कमजोरी सुधार गर्न साथै शुद्ध र मानक भाषाको प्रयोग गरी कृति सिर्जना गर्न कर्यान्वयन पक्ष र नीतिनिर्माणका तहमा महत्वपूर्ण आधार प्रस्तुत गर्न सक्छ । त्यसैगरी कुनै पनि साहित्यिक कृतिको शैलीविश्लेषण गर्न चाहने समालोचकका लागि पनि उपयोगी हुनेछ ।


## २.३. सैद्धान्तिक खाका

प्रस्तुत अध्ययन फ्रेटागको पिरामिडको आधारमा कथावस्तुको विश्लेषण गरिएको छ भने शर्माः २०४८ का आधारमा चरित्र र शैलीको अध्ययन गरिएको छ ।

### २.३.१. कथानकको विकासक्रम

'अढाई लाखको चेक' कथाको कथानकको विश्लेषण फ्रेटागको पिरामिड अनुसार देखाउन सकिन्छ । प्रसिद्ध जर्मन समालोचक गुस्ताभ फ्रेटागले आख्यात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारण गरेका छन् , त्यसलाई उनकै नाम दिई फ्रेटागको पिरामिड भनियो (शर्मा, २०४८: १७१) । फ्रेटागको पिरामिड अनुसार कथानकको विकासक्रमलाई पाँच चरणमा वर्गिकरण गरी अध्ययन गरिएको छ । यसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं १**
**फ्रेटागको पिरामिड**




(शर्मा,२०४८ : १७१)

फ्रेटागको पिरामिडमा प्रस्तुत गरिएका कथानक विकासक्रमका चरणहरूलाई निम्न प्रकारमा प्रस्तुतगर्न सकिन्छ :

### २.३.१.१. चिनारी

चिनारी भन्नाले कथानक विकासको प्रथम अवस्थालाई बुझिन्छ (शर्मा, २०४८:१५१)। यस भागमा कृतिमा हुने विभिन्न किसिमका आरोह अवरोहको पूर्व सङ्केत एवंम् पात्रहरूले सामना गर्नुपर्ने समस्या, परिस्थिति वा अवस्थाको जानकारी पाउन सकिन्छ ।

### २.३.१.२.सङ्घर्ष विकास

कथानक विकासक्रमको दोस्रो चरणका रूपमा सङ्घर्ष विकासलाई मानिन्छ (शर्मा, २०४८:१५१) । यस चरणमा कृतिभित्रका घटना तथा उपघटनाहरू सक्रिय हुँदै जान्छन् ।

### २.३.१.३. चरम

फ्रेटागको पिरामिडअनुसार कथानकको तेस्रो चरणभित्र पर्ने यसभित्र पात्रहरूबीच द्वन्द्व र सङ्घर्ष बढ्दै गई कथानकको विकास हुन्छ र पात्रहरू महत्वपूर्ण, गम्भीर र निर्णायक अवस्थामा पुग्दछन् ।

### २.३.१.४. सङ्घर्ष ह्रास

कथानक विकासका पात्रहरूको चर्को द्वन्द्व, सङ्घर्ष यस अवस्थामा आएर साम्य हुने यस अवस्थालाई सङ्घर्ष ह्रास भनिन्छ । यस अवस्थामा आइपुगेपछि छरिएका घटनाहरूलाई समेट्ने वाभेला पार्ने कामगरिन्छ (शर्मा, २०४८:१५१) ।

### २.३.१.५. उपसंहार

यो अवस्थामा आएपछि कथानकको विकासक्रम टुङ्गिने गर्दछ; त्यसैले यो अवस्था कथानक विकासक्रमको अन्तिम अवस्था हो । यस अवस्थामा आइपुगेपछि पात्रहरूबीचमा भएको सङ्घर्षको अन्त्य हुनका साथै पात्रहरूको समस्या समाधान हुन्छ (शर्मा, २०४८:१५२) ।

### २.३.२. चरित्रको विश्लेषण एवम् वर्गीकरण

चरित्रलाई कथाको महत्वपूर्ण तत्व मानिन्छ । चरित्रले नै कथानकलाई सुरुदेखि अन्तिमसम्म पुऱ्याउने काम गर्छ । 'अढाई लाखको चेक' कथाको वर्गीकरणका आधारहरू निम्नप्रकार रहेका छन् :

### २.३.२.१. लिङ्गका आधारमा

कथामा आएका पात्रहरूको शारीरिक र प्राकृतिक गुण पहिचान गर्ने आधार लिङ्ग हो (शर्मा, २०४८:१७४) । नायक नायीका अनुकूल पात्र हुन् भने खलनायक र नायीका प्रतिकूल पात्र हुन् ।

### २.३.२.२.कार्यका आधारमा

कथामा प्रयोग भएका पात्रहरूको भूमिकाका आधारमा पात्रहरूलाई मुख्य, सहायक र गौण गरी छुट्याइएको छ । सुरुदेखि अन्तिमसम्म प्रमुख भूमिका खेल्ने पात्रहरूलाई मुख्य र कथामा बेला बेला आउने पात्र सहायक पात्र र त्यो भन्दा पनि झनै कम समय आकलझुकल कथामा देखिने पात्र गौण पात्र हुन् (शर्मा, २०४८:१७४) ।

### २.३.२.३ प्रवृत्तिका आधारमा

प्रतिकूल र अनुकूल गरी प्रवृत्तिका आधारमा पात्रलाई दूई किसिममा बाँडिएको पाइन्छ (शर्मा, २०४८:१७४) । नायक नायीका अनुकूल पात्र हुन् भने खलनायक खलनायीका प्रतिकूल पात्र हुन् ।

### २.३.२.४ स्वभावका आधारमा

आख्यानात्मक कृतिका पात्रहरूलाई गतिशील र गतिहीन गरी दूई भागमा बाँड्न सकिन्छ । देशकाल, वातावरण, परिस्थिति अनुसार आफ्नो स्वभावमा परिवर्तन ल्याउने पात्रलाई गतिशील पात्र भनिन्छ । त्यस्तै स्वभाव, बानी, आचरण, बौद्धिकता, दृष्टिकोणलाई परिस्थिति हेरेर जीवनमा परिवर्तन नल्याउने पात्रलाई गतिहीन पात्र भनिन्छ (शर्मा, २०४८:१७४) ।

### २.३.२.५. जीवन चेतनाका आधारमा

जीवन चेतनाका आधारमा पात्रहरूलाई व्यक्तिगत र वर्गीय दूई प्रकारमा बाँडिएको पाइन्छ

(शर्मा, २०४८:१७५) । निश्चित भौगोलिक क्षेत्रभित्र रहेर सामाजिक भूमिका निर्वाह गरी त्यही समाज, वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय पात्रभित्र पर्छ भने निजी स्वभाव वा व्यक्तिगत रूपमा भूमिका निर्वाह गर्ने पात्र व्यक्तिगत पात्र हुन् ।

**२.३.२.६ आसन्नताका आधारमा**

मञ्चीय र नेपथ्य गरी आसन्नताका आधारमा पात्र दूई प्रकारका छन् (शर्मा, २०४८:१७५) । कृतिमा प्रत्यक्ष रूपमा रहेर भूमिका खेल्ने पात्र मञ्चीय पात्र हुन् भने कथामा अप्रत्यक्ष आउने र आफ्नो भूमिका निर्वाह गर्ने पात्र नेपथ्य पात्रभित्र पर्दछन् ।

**२.३.२.७आबद्धताका आधारमा**


यसभित्र पनि पात्र मुक्त र बद्ध गरी दूई प्रकारका छन् । कथाभित्र सुरुदेखि कथाको अन्त्यसम्म रहिरहने पात्र बद्ध पात्र हुन् भने कथामा प्रत्यक्ष सम्बन्ध नभएका वा ती पात्रहरू नभए पनि कथानक अगाडि बढ्छ भने त्यस्ता पात्रलाई मुक्त पात्र भनिन्छ ।

माथि चर्चा गरिएको आधारमा 'अढाई लाखको चेक' कथाको कथानकमा उपयुक्त/प्रयुक्त पात्र/चरित्रहरूको वर्गीकरण गरी विश्लेषणसमेत गरिने छ ।

**२.३.३.कृति विश्लेषणका आधारमा शैलीवैज्ञानिक आधार/प्रक्रिया**

कुनै पनि साहित्यिक कृतिको भाषावैज्ञानिक अध्ययन के कसरी गरिन्छ भन्ने कुरालाई शैलीविश्लेषण भनेर बुझिन्छ । शैलीविश्लेषणका स्वरूप वा आधारहरूलाई निम्नानुसार रेखाचित्रमा देखाउन सकिन्छ :

**तालिका नं. २**



### २.३.३.१. साहित्यिक संरचना

कुनै वस्तुमा पाइने साना संरचक घटकहरूको समष्टिगत रूपलाई संरचना भनिन्छ (शर्मा, २०४९:६) । हरेक साहित्यिक कृतिका आफ्नो आफ्नै संरचना हुने गर्दछ । साहित्यिक संरचनामा घटकहरूको क्रमबद्धता निम्नानुसार हुने गरेको पाइन्छ :

**(क) बनोट**

कृतिमा पाइने साना घटकहरूको समष्टिगत वा सिङ्गो रूप हो । जस्तै : दृश्य, संवाद आदि लघु घटकहहरूको सिङ्गो रूप नाटक हो भने भाग, अनुच्छेद, परिच्छेद, प्रसङ्ग, घटना जस्ता विषयहरू लघु घटकहरूको सिङ्गो रूप उपन्यास हो (शर्मा, २०५९:६) । कृतिका सन्दर्भमा भन्नुपर्दा योग्य अङ्क, दृश्य भाग वा परिच्छेद आदि अथवा पङ्क्तिहरू क्रमशः साना घटक हुन् र शैलीविज्ञानले यिनकै साना घटकहरूको वर्णन-विश्लेषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त रूप दिने काम गर्दछ ( शर्मा, २०५९:७) ।

**(ख) बुनोट**

कुनै पनि साहित्यिक कृतिभित्र भएका बनोटका अङ्गहरूलाई बुन्ने कार्य नै बुनोट हो । यसले साहित्यिक कृतिका विभिन्न घटकहरूबीच अन्तरसम्बन्धित गराउँछ र साहित्यिक कृतिमा सौन्दर्य सिर्जना गराउँदछ (शर्मा, २०४८:९६) ।

### २.३.३.२.भाषा संरचना

भाषाको आफ्नै संरचना हुन्छ । साहित्यिक कृतिहरूको माध्यम वा आधार सामग्री भाषा हो । भाषाका संरचक घटकहरूको क्रमश्रेणी वा सोपान क्रमलाई यसप्रकार देखाउन सकिन्छ :

**(क) व्याकरण व्यवस्था**

व्याकरण व्यवस्थाभित्र पनि दूई उपव्यवस्था रहेका छन् । ती हुन् : रूप प्रक्रिया र वाक्य विज्ञान ।

**(ख) शब्द व्यवस्था**

रूप प्रक्रिया र अर्थहीन गरी शब्द व्यवस्था पनि दूई प्रकारका रहेका छन् ।

**(ग) ध्वनि व्यवस्था**

ध्वनि व्यवस्थाका खण्डीय र खण्डेत्तर गरी दूई प्रकारका व्यवस्था हुने गरेको छ ।

### २.३.३.३.शैली

भाषिक संरचनाको क्रमश्रेणी रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्दछ । यसरी भाषा संरचना रूपान्तरित भएर बुनोट र बनोटमा परिवर्तन हुने प्रक्रियालाई विशिष्ट प्रक्रिया भनिन्छ । यसैलाई सोझो अर्थमा शैली भनिन्छ । यो कृतिको संरचनाको मध्यवर्ती स्थिति वा अवस्था हो । यसको सम्बन्ध एकातिर भाषारूपी कच्चा पदार्थ वा आधार सामग्रीसँग हुन्छ भने अर्कोतिर कृतिरूपी प्रशोधित भाषिक प्रतीकसँग पनि गाँसिएको हुन्छ । यो सम्बन्ध एकैसाथ हुने यस सम्बन्धलाई शैली भनिन्छ । ( 'प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू' पुस्तक बाट) । शैलीविज्ञानले भाषिक शैलीको प्रमुख सम्बन्ध सूत्रलाई पत्ता लगाई विभिन्न पक्षबाट शैलीको पहिचान गर्ने वा विश्लेषण गर्ने काम गर्छ । ती प्रयासगत प्रक्रिया निम्न छन् :

**(क) चयन**

विकल्पहरूको छनोट गरेका हुनेछ । भाषाका वर्ण व्यवस्था, व्याकरण व्यवस्था, अर्थ व्यवस्था, लयात्मक व्यवस्था, आलङ्कारिक व्यवस्था, शब्द भण्डार व्यवस्था आदि सबैमा प्रशस्त विकल्पहरू हुने गर्दछन् । तिनै विभिन्न विकल्पहरूबाट कृति विशेषको आवश्यकता र मागअनुसार वर्ण, अक्षर, रूप, शब्द, उपवाक्य र वाक्यगत श्रेणीमा उपयुक्त विकल्पहरूको छनोट गरेर प्रयोग गर्न सकिन्छ । यसैलाई चयन भनिन्छ (प्रा.भा.वि.प्र. आयामहरू) ।

**(ख) अग्रभूमि निर्माण**

कुनै पनि चित्रको पछिल्लो वा पृष्ठ भागमा देखिने दृश्य पश्चभूमि हो, बीच भागमा देखिने दृश्य मध्यभूमि हो भने सबभन्दा अगाडि वा सामुन्ने देखिने दृश्य अग्रभूमि हो । एउटा चित्रमा सबभन्दा पछाडि हिमाल, पहाड कुनै प्राकृतिक दृश्य, बीचमा फूलको बगैँचा र फूलका बोटहरू तथा सबभन्दा अगाडि फूल टिप्दै गरेकी युवतीलाई देखाइएको हुन सक्छ । त्यस्ता चित्र हेर्दा कुनै पनि दर्शकको पहिलो नजर युवतीमाथि पर्ने स्थिति हुन्छ । ठीक त्यसैगरी साहित्यिक कृतिका पश्चभागमा रहेका अर्थमा पुऱ्याउने आकर्षणका निम्ति कृतिकार वा लेखकले अपनाउने मौलिक नयाँ तरिका वा चिन्तनलाई अग्रभूमि निर्माण भनिन्छ (प्रा. भाषाविज्ञानका प्रमुख आयामहरू) ।

कृतिकारले आफ्ना कृतिमा अग्रभूमिको निर्माण निम्न तरिकाबाट गर्ने गर्दछन् :

**(अ) समानान्तरता**

अग्रभूमि निर्माणका सन्दर्भमा विचलनको ठीक उल्टो देखा पर्ने उपकरणको नाम नैसमानान्तरता हो ।

भाषा प्रयोगमा हुने नियमित पुनरावृत्तिलाई समानान्तरता भन्ने गरिन्छ । छन्द, अलङ्कार वा अन्य प्रकारका पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । समानान्तरता मुख्यतः दूई किसिमका हुन्छन् :

(क) बाह्य समानानतरता (ख) आन्तरिक समानान्तरता ।

**(क) बाह्य समानान्तरता**

कृतिको वर्ण, रूप, शब्द, पदावली, लय र वाक्यात्मक तथा अलङ्कारमा हुने नियमित आवृत्ति वा पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ ।

**(ख) आन्तरिक समानान्तरता**

भावार्थ र वाच्यार्थका बीचमा  आन्तरिक रूपले रहने अर्थगत सादृश्यता, नियमितता वा समानतालाई आन्तरिक समानान्तरता भनिन्छ ।

**(आ) विचलन**

भाषाको प्रयोगगत र प्रयुक्तिगत मानक रूपमा अतिक्रमण गर्नु वा उल्लङ्घन गर्नुलाई विचलन भनिन्छ । यसरी मानक भाषा प्रयोगबाट चिप्लिनु वा विचलित हुनुलाई विचलन भनिन्छ; तर यस्तो विचलन निरर्थक नभई सार्थक हुन जरुरी मानिन्छ । विचलनका पनि विभिन्न उपप्रकार रहेका छन् । ती निम्नानुसार छन् :

**(क) कोशीय विचलन**

शब्दकोशले समावेश नगरेका मौलिक तथा नवीन शब्दको प्रयोगलाई विचलन भनिन्छ; जस्तै : चक्रेटो, पुलारु, मान्द्रिलो, गोब्रिलो आदि ।

**(ख) व्याकरणिक विचलन**

व्याकरणिक कोटि (लिङ्ग, वचन पुरूष, भाव, वाच्य, आदर, काल पक्ष, करण अकरण, पदक्रम आदि कुरामा देखिने नियम भङ्गलाई विचलन भनिन्छ; जस्तै : हाँस्यो, गमक्क गम्केर (पदक्रम विचलन) ।

**(ग) ध्वनि प्रक्रियात्मक विचलन**

लेख्य भाषालाई कथ्य उच्चारण प्रवृत्तिमा लगेर गरिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । जस्तैः भइरेछ, यौटा, क्वै आदि ।

**(घ) लेख्य प्रक्रियात्मक विचलन**

शब्द वा वाक्य लेख्दा बाङ्गो टिङ्गो पारेर लेख्ने चलन वा अवस्थालाई लेख्य प्रक्रियात्मक विचलन भनिन्छ । जस्तै :

घर त त आजको ताजा खबर

↑ ↓ ↓

घर लल ।

**(ङ) अर्थतात्विक विचलन**

कृतिमा प्रकृतिको मानवीकरण, मानवको प्रकृतीकरण आदि गरेर देखाउने विचलनलाई अर्थतात्विक विचलन भनिन्छ । जस्तै : आकाशबाट मुस्कुराउँदै जून धर्तीलाई भेट्न आउँछ (प्रकृतिको मानवीकरण) । म त लालीगुराँस भएँछु वनैभरि फुलिदिन्छु (मानवको प्रकृतीकरण) ।

**(च) भाषिका विचलन**

मानक भाषिकाको प्रयोग नगरी अमानक भाषिकाको प्रयोग गर्नु नै भाषिक विचलन हो । जस्तै : गाम बँसीका गीत, केटाटी ।

**(छ) प्रयुक्ति विचलन**

एउटा परिस्थिति वा प्रसङ्गमा प्रयोग हुने भाषिक व्यवहारलाई अर्को परिस्थिति वा व्यवहारको प्रसङ्गमा प्रयोग हुने विचलनलाई प्रयुक्ति विचलन भनिन्छ ।

**(ज) सादृश्य विचलन**

उस्तै वा समान नभएका विषय वा कुरालाई उस्तै वा एउटै वर्गका अर्थका बनाएर देखाउने विचलनलाई सादृश्य विचलन भनिन्छ । जस्तै : लाटीले घुमाएको जाँतोमा पालो छोडेर वर्तमान दौडेको छ ।


**(ग) विविधता**

विषयवस्तु, प्रसङ्ग, सामाजिक र सांस्कृतिक सन्दर्भ तथा प्रवृत्तिगत विशिष्टता अनुसार पर्छन्, त्यसलाई विविधता भन्न सकिन्छ । साहित्यिक कृतिहरूमा विषयवस्तु, सामाजिक सांस्कृतिक कृतिकारका प्रवृत्ति जस्ता पक्षको शैलीविज्ञानले अध्ययन र विश्लेषण गर्दछ ।

माथि उल्लिखित विषय शीर्षकका बारेमा चर्चा गरिएका सैद्धान्तिक आधारहरू मध्ये फ्रेटागको पिरामिडअनुसार कथानकको विश्लेषण गरिने छ । साथै लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा 'अढाई लाखको चेक' कथाको कथानकमा प्रस्तुत पात्रहरूको शैलीवैज्ञानिक अध्ययन तथा विश्लेषण गरिने छ । त्यसैगरी चयन, विचलन र समानान्तरताका आधारमा उक्त कथाको भाषिक विश्लेषण समेत गरिने छ ।प्रस्तुत शोधकार्यको धारणात्मक संरचनालाई चित्ररेखामा स्पष्ट रूपमा देखाइएको छ :

**तालिका नं. ३**

**धारणात्मक संरचना**



## अध्याय- तीन : अध्ययनको विधि र प्रक्रिया

### ३.१. अध्ययनको संरचना

'अढाई लाखको चेक' कथाको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ । उक्त कथाको विश्लेषण गर्दा प्रमुख विधिका रुपमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा संकलित सामग्रीहरुको गुणका आधारमा अध्ययन गरिएको हुँदा गुणात्मक ढाँचाका साथै त्यस सामग्रीका विशेषताका आधारमा पुस्तकालयीय वर्णनात्मक तथा विश्लेषणात्मक विधिलाई अपनाएर अध्ययन गरिएको छ । त्यसैगरी पुस्तकालयमा उपलब्ध भएका शैलीविश्लेषण सम्बन्धी विभिन्न लेख, रचना, समालोचनात्मक कृति, पत्रपत्रिका सम्बन्धित शीर्षकसँग मिल्दाजुल्दा शोधपत्रहरुको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।कथा भित्रका कथावस्तुलाई फ्रेटागको पिरामिडको आधारमा पाँच चरणमा वर्गिकरण गरिएको छ । पात्र चरित्रको शैलीवैज्ञानिक आधारमा वर्गिकरण र विश्लेषण गरी उक्त कथाको चयन, विचलन र समानान्तरताको भाषिक विश्लेषण गरिएको छ ।

### ३.२. नमुना जनसङ्ख्या

यस शोधकार्य वा अध्ययनका लागि कथाकार रीता ताम्राकारको निजी कथा सङ्ग्रह 'संवेग' भित्र रहेको 'अढाई लाखको चेक' कथालाई नमुना जनसङ्ख्याका रूपमा प्रयोग गरिएको छ ।

### ३.३.नमुना छनोट

प्रस्तुत कथा 'संवेग' कथा सङ्ग्रहभित्रको चौधौँ कथा हो । यस 'संवेग' कथा सङ्ग्रहमा जम्मा एक्काइस ओटा कथा समावेश भएकायादृच्छिक रूपमा 'अढाई लाखको चेक' कथालाई नमुना छनोटका रूपमा छनोट गरिएको छ ।

### ३.४.उपकरण निर्माण

प्रस्तुत शोधकार्यका लागि रीता ताम्राकारले लेख्नुभएको 'संवेग' कथा सङ्ग्रहको 'अढाई लाखको चेक' कथा र त्यसको विश्लेषण गर्ने उपकरणका लागि शैलीविज्ञानका सैद्धान्तिक पुस्तकहरूलाई उपकरणका रूपमा प्रयोग गरिने छ ।

### ३.५.उपकरणको परीक्षण

यस शोधकार्यका लागि तयार गरिएका उपकरणको परीक्षणका निम्ति शोधनिर्देशकबाट प्राप्त निर्देशन र सल्लाह अनुसार तयार पारिएको हो ।

### ३.६.तथ्याङ्क सङ्कलन

यस अध्ययनका निमित्त प्राथमिक र द्वितीयक दुवै स्रोतको प्रयोग गरिने छ । प्राथमिक स्रोतमा रीता ताम्रकारबाट रचित 'संवेग' कथा सङ्ग्रहभित्रको एउटा कथा 'अढाई लाखको चेक' कथाबाट कथानक, चरित्र र भाषाशैलीको खोज र सङ्कलन गरिने छ ।

### ३.७.तथ्याङ्क विश्लेषण

यस कार्यका लागि द्वितीयक स्रोत अन्तर्गत शैलीविज्ञानका सैद्धान्तिक पुस्तकहरूको प्रयोग गरिने छ ।

## अध्याय- चार : व्याख्या तथा विश्लेषण

### ४.१. कथाको कथानकको विश्लेषण

#### ४.१.१. कथानक

साहित्यकार रीता ताम्राकारद्वारा रचित संवेग (२०७४) कथा कथासंग्रहवि.सं.२०७४ चैत्रमा डिकुरा पब्लिकेसनबाट प्रकाशित भएको हो । यस संवेग कथासंग्रहमा जम्मा एक्काइस वटा कथाहरु समेटिएका छन् । जसमा यहाँ चौधौँ कथा 'अढाई लाखको चेक' शीर्षक रहेको कथाको अध्ययन तथा विश्लेषण गरिएको छ । यस संग्रहको अध्ययन पृष्ठ २०६ छ भने यसको वि.मू ३५०।- राखिएको छ । 'अढाई लाखको चेक' कथामा जम्मा १८ (अठार) पृष्ठ रहेको छ ।

'अढाई लाखको चेक' कथाको कथावस्तु हालको समाज सान्दर्भिक छ । यो कथा यथार्थवादी धारामा लेखिएको छ । जसले कला, संस्कार र संस्कृतिमा भईरहेको विकृती विसङ्गतीलाई छर्लङ्ग पार्ने काम भइरहेको छ । यो कथा प्रथम पुरुष दृष्टिविन्दुमा आधारित छ । 'म' पात्रले कथा सुरुदेखि अन्त्यसम्म आफैँ वर्णन गरेको पाइन्छ । 'म' पात्रको माध्यमबाट यस कथाको सुरुवात भएसँगै उसको जीवन सङ्घर्षको बारेमा वर्णित छ । यस कथाका मुख्य पात्रमा 'म'पात्र, 'म' पात्रकी बहिनी, छोरा, छोरी र ठुटे पैसावाल साहित्यकार रहेका छन् । यस कथाभित्र 'म' पात्रले जीवनकालमा भोग्नुपरेका सङ्घर्षका कुरा प्रस्तुत छ । साहित्यकार भएर कलम चलाएको भरमा परिवारको इच्छा, चाहना पूरा गर्न नसक्नु गरिबीले गर्दा आफ्नो उत्कृष्ट रचना पनि प्रकाशन समक्ष पुऱ्याएर प्रकाशित गर्न नसक्नु, गरिबीको फाइदा उठाएर परिवारलाई बहकाई पैसावाला नाम नचलेको ठुटे साहित्यकारले पैसाको तागतमा किन्नु र अरुको रचना आफ्नो नाममा छपाएर नाम चम्काउनु जस्ता कुरा प्रस्तुत छ । त्यस्तै हाल कला संस्कृति र परम्पराको नाममा तडकभडक र देखावटी आडम्बरीले परिवारमा कलह मच्चिनु, मनमुटाव हुनु जस्ता कुरालाई कलात्मक रुपमा प्रस्तुत गरिएको पाइन्छ । तछाड र मछाडमा नलागि यथार्थमा बाँच्न जाने जिन्दगी सुखी हुने सन्देश समेत यस कथाबाट पाप्त गर्न सकिन्छ । यस कथाको कथानकलाई फ्रेटागको पिरामिड ढाँचामा राखेर अध्ययन गरिएको छ ।

#### ४.१.२. 'अढाई लाखको चेक' कथाको कथानकको विकासक्रम :-


आख्यात्मक कृतिहरुमा पाइने कथानकको विकासक्रमलाई अध्ययन गर्न फ्रेटागले निर्माण, प्रतिपादन गरेको सिद्धान्तलाई नै फ्रेटागको पिरामिड भनिन्छ । प्रसिद्ध जर्मन समालोचक गुस्ताभ फ्रेटागले आख्यानात्मक कृतिका संरचनामा पाईने कथानकको जुन विकासक्रम निर्धारित गरेका छन् । त्यसलाई उनकै नाम दिई फ्रेटागको 'पिरामिड' भनिन्छ । (शर्मा २०५९: १५१)

जुन सुरुतिर फराकिलो र क्रमशः साँघुरिदै अन्त्यतिरगएको हुन्छ । फ्रेटागले 'टेकनिक अफद ड्रामा' (१८६३) पुस्तकमा सूचीस्तम्भात्मक आकारमा कथानकको विकासक्रमलाई यसरी प्रस्तुत गरेको छन् :-

फ्रेटागको सिद्धान्त अनुसार 'अढाई लाखको चेक' कथाको कथानकको विकासक्रलाई निम्नानुसार देखाउन सकिन्छ :-

**तालिका नं.४**

फ्रेटागको पिरामिड




फ्रेटागका पिरामिड अनुसार 'अढाई लाखको चेक' कथाको कथानकको विकासक्रमलाई निम्नानुसार प्रष्ट्याउनसकिन्छ :-

**१. आरम्भ/ चिनारी**

क) 'म' पात्रले कलम चलाएर इमान्दारिताको भरमा परिवारको इच्छा, चाहना पूरा  गर्न नसक्नु,

ख) 'म' पात्रकी पत्नीको हठले आफ्नो अक्षररुपी सन्तान बेच्न बाध्य हुन,

ग) 'म' पात्रको सपना टुटेसँगै उसलाई हृदयघात हुनु ,

घ) 'म' पात्रको परिवारमा झन आर्थिक अभाव र कलहता बढ्दै जानु,

**२. सङ्घर्ष विकास**

क) 'म' पात्रकी पत्नीको रानीहार लगाउने हठले 'म'पात्रले नचाहँदा नचाहँदै पनि आफ्नो लेख  ठुटे साहित्यकारलाई बेच्न बाध्य बन्नु यही कारणले 'म' पात्रलाई हृदयघात भई अस्पतालमा  लामो समयसम्म भर्ना हुनु,

ख)'म' पात्रको रचना राष्ट्रिय पत्रिकामा छापिएको खवरले 'म' पात्रका छोराछोरी धेरै खुसीबन्नु ,

ग)'म' पात्रलाई हेर्न आउनेको लर्को लाग्नु शत्रु र मित्र दुवै आउनु, साथै साहित्यिक प्रसङ्ग झिकेर बिरामीलाई झन् पीडा दिनु,

### ३. चरम

क) 'म' पात्रले आफ्नो छोराछोरी र पत्नीको इच्छा चाहना पूरा  गर्न नसक्नु,

ख) पत्नीको इच्छा अधुरै हुने भएकाले परिवारमा झै-झगडा सिर्जना हुनु,

ग) 'म' पात्रको पत्नीले यस्तो नभएर म मर्छु भन्ने अठोट गरेपछि 'म'पात्रले बाध्य भएर आफ्नोसिर्जना, मेहेनत र लगाव बौद्धिक खर्चेर लेखेको पाण्डुलिपि अरुलाई नै 'अढाई लाखको चेक'मा बेच्छु,

घ) 'म' पात्रकी बहिनी विदेशबाट घर फर्किनु र दाजुको सपना पूरा गर्न रचना माग्नु र दाजुको जिन्दगीमा घटेका सबैकुरा सुनेपछि बहिनी स्तब्ध बन्नु र आफूले दाजुका सपना पूरा गर्न भनि जोगाएर ल्याएको सबै पैसा फाल्नुर खुसी प्रति आक्रोश व्यक्त गर्नु, खुसी ले तीजमा रानीहार लगाएर खिचेको फोटो फ्रेम झिकेर भूइँमा पछार्नु,

### ४. सङ्घर्ष ह्रास

क) आर्थिक अभावले गर्दा 'म' पात्रले आफुले लेखेका साहित्यिक रचना प्रकाशन गर्न नसक्नु र सबै सपना चक्नाचुर बनाउनु,

ख) 'म' पात्र बिरामी भएपछि 'म' पात्रकी पत्नीले हिनताबोध गरी 'म' पत्रलाई स्याहार सुसार गर्नु,

### ५. उपसंहार

क) चाहना र आकांक्ष बढ्दै गएपछि 'म' पात्रको परिवारमा मायाप्रेम भएपनि झै-झगडा बढ्नु,

ख) 'म' पात्रले आफ्नो लेख रचना छपाउन नसक्नु,

ग) 'म' पात्र बिरामी भएपछि 'म' पात्रकी पत्नीमा हिनताबोध सिर्जना हुनु,

घ) 'म' पात्र प्रति 'म' पात्रकी पत्नीको माया झल्किन थाल्नु,

### ४.१.३. पात्र/चरित्र

कथानकलाई सुरुदेखि अन्त्यसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्न आउने मानवीय तथा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथाका विषयवस्तुलाई गतिशील बनाई कथानकमा आउने द्वन्द्व क्रियाव्यापार कौतूहलतालाई संचालित गर्ने प्रमुख अङ्ग पात्र हो ।

पात्र विनाको कथा कल्पना सम्म गर्न सकिदैन । आधुनीक कथामा कथावस्तुलाई भन्दा पनि चरित्रलाई महत्वपूर्ण मानिएको पाइन्छ । कथाको उद्देश्य, सन्देशलाई प्रवल बनाउदै समाजमा भएका सभ्यता, संस्कार संस्कृती र कलाका विविध पाटाहरुलाई विचरण गरी व्यक्ति तथा जनसमूहका जीवन प्रसङ्गलाई सजीवता देखाउने वा चित्रण गर्ने क्रममा पात्रको भूमिका सबल रहेको पाइन्छ, तसर्थ; कथाकारले स्वेच्छा कथाको परिवेश अनुसार सुहाउने पात्र चयन गरेको हुन्छ, कथाका पात्र कथाकारले इच्छा अनुसार पात्रलाई प्रथम दृष्टिविन्दु वा तृतीयदृष्टि केन्द्रमा समायोजित गरी कथावस्तुलाई पूरा गर्ने गर्दछ । कथामा यति नै पात्र हुनुपर्छ भन्ने छैन तर कम पात्र भएको उपयुक्त मानिन्छ । पात्रले कथामा प्रत्यक्ष वा नाटकीय जुनसुकै विधि अपनाएर पनि उसको निजी पहिचान झल्किएको हुनुपर्छ । स्वभाव, लिङ्ग ,कार्य, प्रवृति, सामाजिक सम्वन्ध, आसन्नता तथा आवद्धता आदिका आधारमा पात्र/चरित्रलाई वर्गीकरण गरिन्छ ।(नेपाली गद्य र नाटक)

### ४.१.४. पात्र वर्गिकरणको आधार

कथामा आएका पात्र/ चरित्रहरुको आ-आफ्नै भूमिका वा कार्य हुने गर्दछ । कथामा कथाकारले कथावस्तुको आधारका सामाजिक परिवेशबाट पात्र/चरित्र चयन/निर्धारण गरेको हुन्छन् । निर्धारित पात्रहरुलाई स्वभाव, लिङ्ग, कार्य, प्रवृत्ति, सामाजिक सम्बन्ध, जीवनचेतना, आसन्नता र आवद्धताका आधारमा विभाजित गरी पात्रहरुको शैलीवैज्ञानिक विश्लेषण गरी निम्नानुसार देखाइएको छ :-

**तालिका नं. ५**

'अढाई लाखको चेक' कथाका पात्रहरुको शैलीवैज्ञानिक तालिका :-

| | | लिङ्ग | | कार्य | | | स्वभाव | | प्रवृति | | जीवन चेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | पात्रहरु | स्त्री | पुरुष | प्र | स | गौ | गतिशील | गतिहीन | अ | प्र | वर्गीय | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १ | 'म' पात्र | | + | + | | | | + | + | | + | | + | | + | |
| २ | 'म' पत्नी | + | | + | | | + | | | + | | + | + | | + | |
| ३ | मुना | + | | | + | | | + | + | | + | | + | | + | |
| ४ | छोरो | | + | | | + | | + | + | | + | | + | | | + |
| ५ | छोरी | + | | | | + | | + | + | | + | | + | | | + |
| ६ | उत्कर्ष अविरल | | + | | + | | + | | | + | | + | + | | + | |

'अढाई लाखको चेक कथाका पात्रहरुको शैलीवैज्ञानिक अध्ययन'

**१. 'म' पात्र**

कथामा पुरुषात्मक 'म' पात्रका माध्यमबाट कथाकार वा अन्य कुनै व्यक्तिले आफ्ना भावनाहरु अभिव्यक्त गर्ने कार्यलाई प्रथम वा आन्तरिक दृष्टिविन्दु भनिन्छ । यस कथामा पनि आन्तरिक दृष्टिविन्दुको प्रयोग भएकाले 'म' पात्र भनि चिनाइएको छ ।

**क) पुरुष पात्र**

लिङ्गका आधारमा पात्रलाई पुरुष र स्त्री गरी दूई प्रकारमा बाँडिएको छ । कथाको मुख्य पात्रको भूमिकामा रहेको 'म' पात्र लिङ्गका आधारमा पुरुष पात्र हो । 'म' पात्रकी पत्नीले पति 'म' पात्रकी बहिनीले दाजुर छोरा छोरीलेबाबा साथै साथीहरुले सर भनेर सम्वोधन गरेकाले 'म' पात्र पुरुष भएको पुष्टि भएको छ ।

**ख) प्रमुख पात्र**

कार्यका आधारमा पात्रहरुलाई प्रमुख, सहायक र गौण गरी तीन किसिमले विभाजन गर्न सकिन्छ । कथाको सिङ्गो कथावस्तु नै 'म' पात्रको जीवन संघर्ष र यात्रामा आधारित भएको र उसकै जीवनकालमा अत्य भएको छ । यसर्थ 'म' पात्र कार्यका आधारमा प्रमुख पात्र हो । सुरुदेखि अन्त्यसम्म 'म' पात्रको मुख्य भूमिका भएकाले ऊ प्रमुख पात्र हो ।

**ग) अनुकूल पात्र**

प्रवृत्तिका आधारमा पात्रहरु अनुकूल र प्रतिकूल गरीदूई प्रकारका छन् । 'म' पात्र आफू दुःख, संघर्ष मेहनतले थोरैकमाएर इमान्दारीता र स्वाभिमानमा जिउन चाहने व्यक्ति छोरा छोरी, घरपरिवार, समाज र देशप्रति सकारात्मक सोच राख्ने गरिबी, दरिद्रता खेप्ने तर इमान बेचेर गलत बाटो रोजेर सम्पति नजोड्ने भन्ने भनाईबाट नै प्रष्ट पार्छकी म' पात्र अनुकूल पात्र हो ।

**घ) गतिहनि पात्र**

कथाको सुरुदेखि अन्त्यसम्म जीवनमा दुःख कष्ट धेरै गरेको, समस्या र गरिबी सँग आएपनि उसको सोचमा परिवर्तन देखिदैन पत्नीले बारम्बार हठ र ढिपि गरेतापनि उसले आफ्नो विचार परिवर्तन गर्दैन तसर्थ 'म' पात्र स्वभावका आधारमा गतिहीन पात्र हो ।

**ङ)वर्गीय पात्र**

आफ्नो लेख रचना र काव्यबाट समाज र देशमा सकारात्मक सन्देश दिन खोज्ने र अरु व्यक्तिले जस्तै घर, परिवार र समाजप्रति आफ्नो कर्तव्य र दायित्व बहन गर्ने सकारात्मक सोच भएको

कारणले 'म'पात्र जीवनचेतनाका आधारमा वर्गीय पात्र हो ।

**च) मञ्चीय पात्र**

आसन्नताका आधारमा पात्र मञ्चीय र नेपथ्य गरी दूई प्रकारका हुन्छन् । कथाको थालनी देखि अन्त्यसम्म प्रत्यक्ष रुपमा देखा परेकाले आसन्नताका आधारमा 'म' पात्र मञ्चीय पात्र हो भन्न सकिन्छ ।

**छ) बद्ध पात्र**

आवद्वताका आधारमा 'म' पात्र वद्व पात्र हो । कथा उसैबाट सुरु भएर उसकै जीवन संघर्षमा रही अन्त्य भएको छ यसकारण 'म' पात्र बद्व पात्र हो ।

**२. 'म' पात्रकी पत्नी**

**क) स्त्री पात्र**

लिङ्गगत आधारमा 'म' पात्रकी पत्नी स्त्री पात्र हो । 'म' पात्रले पत्नी, रमाले खुसी़ र छोरा छोरीले ममी भनेको र उसले तीजमा लगाउन चुरा, साडी, रानीहार मागेको आधारबाट थाहा हुन्छ उ स्त्री पात्र हो ।

**ख) प्रमुख पात्र**

कथामा केन्द्रिय भूमिका निर्वाह गरी कथालाई चरम उत्कर्षमा पुऱ्याउने साथै कथालाई विकराल रुप दिन तत्पर भएकाले 'म'  पात्रकी पत्नी प्रमुख पात्र हो ।

**ग) प्रतिकूल पात्र**

'म' पात्रकी पत्नी प्रकृतिका आधारमा प्रतिकूल पात्र हो । मुख्य पात्र भए पनि मुख्य पात्रकी पत्नी भएर उसमा कतै राम्रो गुण देखिएको छैन । खराब चरित्र र नकारात्मकता, विचार भएकीले साथै घरपरिवारप्रति छोराछोरीप्रति कुनै चाख दिएको देखिदैन । आफ्नो हठ र जिद्दीपनमा लागेर पतिका इच्छा, सपना चकनाचुर पारेकी छ । किशोर अवस्थाका छोराछोरी प्रति कुनै हेर विचार नपुऱ्याई आफ्नै व्यक्तिगत स्वार्स्थतामा लागि परेकाले 'म' पात्रकी पत्नी प्रतिकूल पात्रका रुपमा आएकी छ ।

**घ) गतिशील पात्र**

प्रवृत्तिका आधारमा 'म' पात्रकी पत्नी गतिशील पात्र हो । घरको आर्थिक अवस्था कमजोर भएको र

पतिको कमाई छैन भन्ने थाहा पाएर पनि देखासिकी र तडकभडकमा लागेकी छ । अरुलाई देखाउनै पर्छ समयसँग बदलिनु पर्छ भन्ने भावना राखेर क्षण-क्षण मै आफ्नो स्वभावमा परिवर्तन गर्ने भएकाले उ गतिशील पात्र हो ।

**ङ) व्यक्तिगत पात्र**

जीवनचेतनाका आधारमा 'म' पात्रकी पत्नी व्यक्तिगत पात्र हो । उसले घरपरिवारप्रति कसैको वास्ता नगरी आफ्नो बारेमा मात्र सोच्ने गरेकी छ । पतिले बारम्बार सम्झाउन खोज्दा पनि अबुझ भएकी कारण 'म' पात्रकी पत्नीलाई व्यक्तिगत पात्र भन्न सकिन्छ ।

- एकजोर ठिक्कको होइन, छ जोर दामी लुगा चाहिन्छ । मलाई यसपाली जहाँ जाँदा पनि त्यही एक जोर लुगा घिसार्दै जान सक्तिनँ । मेरो पनि इज्जत छ । (पृ.१४८)
- यसपालीपनि साथीसँगी र दिदीबहिनीका अगाडि लज्जित हुनुपर्‍यो भने म यो घरमा बस्तिनँ । म कसैको मायामा बाँधिन्नँ । एक दूई तीन बाँधिन्नँ । (पृ. १४८) यस्ता व्यवहारबाट थाहा हुन्छ 'म' पात्रकी पत्नी व्यक्तिगत पात्र हो ।
- यी हेर्नू यहाँ मुसाको प्वालप्वालमा मुसामार्ने गोली भन्दै पर्सबाट औषधीको बट्टा पो झिक्नु ।
(पृ.१५०)

**च) मञ्चीय पात्र**

कथाको सुरुदेखि अन्त्यसम्म प्रत्यक्ष रुपमा उभिएकी छे र उसकै सेरोफेरोमा कथा वस्तु अन्त्य भएको छ त्यसैले असमान्तताका आधारमा 'म' पत्रकी पत्नी मञ्चीय पात्र हो ।

**छ) बद्ध पात्र**

कथालाई चरम उत्कर्षमा पुर्‍याउन महत्वपूर्ण भूमिका खेलेकी छ । उसलाई कथाबाट हटाए कथाको अस्तित्व हराउने भएकाले आवद्धताका आधारमा 'म' पात्रकी 'पत्नी' बद्ध पात्र हो ।

**३. छोरा**

**क) पुरुष पात्र**

'म' पात्रले छोरा र 'म' पात्रकी पत्नीले छोरा सम्बोधन गरेको हुँदा छोरा पुरुष पात्र हो ।

**ख) गौण पात्र**

कार्यका आधारमा छोरा गौण पात्र हो । कथाको कुनै कुनै भागमा मात्र देखिएकोले छोरा गौण पात्र हो ।

**ग) अनुकूल पात्र**

प्रवृत्तिका आधारमा छोरा अनुकूल पात्र हो कथामा कतैपनि खराब चरित्र देखिएको छैन ।

**घ) वर्गीय पात्र**

जीवनचेतनाका आधारमा छोरा वर्गीय पात्र हो । कथाको बीचमा थोरै समय सम्म आएर छोराले असल व्यवहार देखाएको छ । छोरामा कहीँ कतै नकारात्मकता भेटिदैन त्यसैले छोरालाई वर्गीय पात्र मान्न सकिन्छ ।

**ङ)गतिहीन पात्र**

स्वभावका आधारमा छोरो गतिहीन पात्र हो । स्वभावका आधारमा छोरालाई असल मान्न सकिन्छ । आफ्नो बाबाको साहित्य रचना राष्ट्रिय पत्रिकामा पढेर उ खुसी भएको छ । छोरा कथाको बीचमा मात्रै थोरै उपस्थित भएकाले उसको चरित्र स्वभाव देख्दा राम्रो नै छ र स्वभाव परिवर्तन भएको छैन । यसर्थ छोरो गतिहीन पात्र हो ।

**च) मञ्चीय पात्र**

आसन्नताका आधारमा छोरा मञ्चीय पात्र हो । कथाको बीचमा उपस्थिती भएको र प्रत्यक्ष कथाको बीचमा उपस्थिती भएको र प्रत्यक्ष 'म' पात्र सँगै रहेकाले छोरो मञ्चीय पात्र मानिन्छ ।

**छ) मुक्त पात्र**

आवद्वताका आधारमा छोरा मुक्त पात्र हो । कथामा छोरा नभए पनि केही फरक पर्दैन ।

**४. छोरी**

**क) स्त्री पात्र**

'म' पात्रले छोरी भनेबाट थाहा हन्छ । छोरी स्त्री पात्र हो ।

**ख) गौण पात्र**

कार्यका आधारमा छोरी गौण पात्र हो । कथाभित्र छोरीको कार्य खासै महत्वपूर्ण देखिदैन ।

**ग) अनुकूल पात्र**

प्रवृत्तिका आधारमा छोरी अनुकूल पात्र हो । कथामा कतै पनि गलत व्यवहार देखिएको छैन ।

**घ) गतिहीन पात्र**

स्वभावका आधारमा छोरी गतिहीन पात्र हो । छोरी कथाको बीच भागमा आएर केही समय मात्र रहेकीले उसको बानीमा खासै परिवर्तन आएको छैन ।बाबाको कविता पत्रिकामा छापिदा खुसी भएकी छ । तसर्थ उ गतिहीन पात्र हो ।

**ङ) वर्गीय पात्र**

कथामा नकारात्मक व्यवहार नदेखिएकाले साथै सामाजिक सोच भएको हुँदा जीवन चेतनाकाआधारमा छोरी वर्गीय पात्र हो ।

**च) मञ्चीय पात्र**

आसन्नताकाआधारमा छोरी मञ्चीय पात्र हो । मुख्य पात्रसँग प्रत्यक्ष सम्पर्कमा भएकाले छोरीमञ्चीयपात्र हो ।

**छ) मुक्त पात्र**

कथामा छोरी नभएपनि कथानक पूर्ण हुने भएकाले छोरी मुक्त पात्र हो ।

**५. मुना**

**क) स्त्री पात्र**

लिङ्गका आधारमा मुना स्त्री पात्र हो । 'म' पात्रले बहिनी र 'म' पात्रकी पत्नीले मैया सम्बोधनगरेबाट मुना स्त्री पात्र भएको प्रष्ट भएको छ ।

**ख) सहायक पात्र**

कार्यका आधारमा मुना सहायक पात्र हो । कथाका बीचमा आएर उ कथाको अन्त्य गराउन सक्रिय देखिन्छे, साथैआफ्ना दाजुको उपन्यासको पाण्डुलिपी प्रकाशन गर्न देखि कथामा रोचकता सिर्जना गराउन उसको महत्वपूर्ण भूमिकादेखिन्छ तसर्थ मुना सहायक पात्र हो ।

**ग) अनुकूल पात्र**

मुना प्रवृत्तिगत आधारमा सकारात्मक वा अनुकूल पात्र हो । यस कथामा अनुकूल पात्रका रुपमा रहेरआफ्नादाजुकोसपना पूरा गर्नका लागि भनेर उसले आफैँ कमाएर नेपाल आएको भन्ने भनाईले मुनालाई अनुकूल पात्रका रुपमा स्पष्ट पारेको छ ।

**घ) गतिहीन पात्र**

स्वभावका आधारमा मुना गतिहीन पात्र हो । कथाको बीचमा आएर आफ्नो उपस्थिति जनाएपछि उसले पहिले देखि नै सोचेका उद्देश्यलाई अगाडि लैजाने विचार राखेकी र अहिले पनि दाजुको सपना पूरा गर्न विदेशबाट पैसा कमाएर नेपाल आएको कुराले मुनालाई गतिहीन पात्रका रुपमा प्रष्ट्याएको छ । उसको विचार कतैपनि परिवर्तन भएको छैन ।

**ङ) वर्गीय पात्र**

जीवन चेतनाका आधारमा मुनाले वर्गीय पात्रको स्थान लिइएकी छे। उसले आफ्ना व्यक्तिगत सपनालाई छोडेर दाजु र समाजका लागि सकारात्मकता व्यवहार देखाएकी र एक सामाजिक व्यक्तिको प्रतिनिधित्व गरेकी हुनाले मुना वर्गीय पात्र हो ।

**च) मञ्चीय पात्र**

कथामा उपस्थित वा आसन्नताका आधारमा पात्र दूई वर्गका (मञ्चीय र नेपथ्य) हुन्छन् । यस कथाकी पात्र मुनामञ्चीय पात्र हो । कथाको बीचमा आफ्नो उपस्थिति भएपनि उसको सेरोफेरो र उसको व्यवहारबाट कथाकोअन्त्यकथामा उपस्थित वा आसन्नताका आधारमा पात्र दूई वर्गका (मञ्चीय र नेपथ्य) हुन्छन् । यस कथाकी पात्र मुना मञ्चीय पात्र हो । कथाको बीचमा आफ्नो उपस्थिति भएपनि उसको सेरोफेरो र उसको व्यवहारबाट कथाको अन्त्य भएकाले यसर्थ मुना मञ्चीय पात्र हो ।

**छ) बद्ध पात्र**

कृतिको कथानकमा बाँधिने र नबाँधिने गरी पात्र दूई प्रकारका हुन्छन् । मुना कथाको बीचमा देखिएपनि मुना उसको कथा अन्त्य गराउन महत्वपूर्ण हात भएकाले मुना बद्ध पात्र हो ।

**६. उत्कर्ष अविरल**

**क) पुरुष पात्र**

स्त्री लिङ्ग र पुलिङ्ग गरी लिङ्गका आधारमा पात्र दूई किसिमका हुने गर्दछन् । सर, कवि भनेबाट थाहा हुन्छ उत्कर्ष अविरल पुरुष पात्र हो ।

**ख) सहायक पात्र**

आख्यानात्मक कृतिमा सबै पात्रको एउटै कार्य हुदैन, कार्य घटीबढीका आधारमा पात्र तीन प्रकारका हुन्छन् । यस कथामा आएको उत्कर्ष अविरल सहायक पात्र हो । किनकी उसैले अर्को पाण्डुलिपिलाई 'अढाई लाखको चेक' दिएर कथालाई संघर्षशील साथै चरम उत्कर्षमा पुऱ्याएको छ । कथाका ठाउँ ठाउँमा आएर उसले आफ्नो उपस्थिति देखाएको आधारमा भन्न सकिन्न उत्कर्ष अविरल सहायक पात्र हो ।

**ग) प्रतिकूलपात्र**

कथाको कथानकका आधारमा उत्कर्ष अविरललाई प्रतिकूलपात्रका रुपमा लिइन्छ । उसले पैसाले पेलेको भरमै साहित्यकार र बनेको राष्ट्रिय तथा अन्तराष्ट्रिय जस्ता ठूला पुरस्कारबाट सम्मान पाएको छ । वास्तवमा आफू साहित्यकार नै होइन, अरुले दिनरात लगाव मेहेनतले जन्माएको

साहित्य सिर्जनालाई आर्थिक अभाव भएको मौकामा एक योग्य र स्वाभिमान साहित्यकारको आत्मसम्मानलाई लत्याएर मोलमाल गरेर उपन्यासको पाण्डुलिपि किनेर आफूलाई सर्वश्रेष्ठ साहित्यकार बनाएकोले उत्कर्ष अविरल कथामा प्रतिकूलपात्रका रुपमा आएको हो ।

**घ) गतिशील पात्र**

स्वभावका आधारमा पात्र दूई किसिमका हुन्छन् । गतिशील र गतिहीन, उत्कर्ष अविरल स्वभावले गतिशील पात्र हो । उ परिस्थिति र समय अनुसार बदलिएको छ । अन्य व्यक्तिको गरिबी अवस्थाको फाइदा लुटेर आफू साहित्यकार कहलिएकाले उत्कर्ष अविरल गतिशील पात्र भित्र परेको छ ।

**ङ) व्यक्तिगत पात्र**

जीवन चेतनाका आधारमा उत्कर्ष अविरल व्यक्तिगत पात्र भित्र पर्दछ । उसले अरुकोसमस्या समाधान गर्दिन पनिसक्थ्यो किनभने उ पैसावाल थियो तर उसले त्यसो नगरी उल्टै स्वाभिमान बेच्न पुगेको छ । मौकामा चौका मारेर आफ्नो व्यक्तिगत रुपमा मात्र सोच्न पुगेको छ । तसर्थ उत्कर्ष अविरल व्यक्तिगत पात्र हो ।

**च) मञ्चीय पात्र**

आसन्नताका आधारमा उत्कर्ष अविरल मञ्चीय पात्र हो । यस कथाको शीर्षक नै उत्कर्षको कार्यकलापबाट सिर्जना भएको छ, साथै कथाका प्रमुख पात्रसँग प्रत्यक्ष सम्पर्कमा आएकाले उत्कर्ष अविरल मञ्चीय पात्र हो ।

**छ) बद्ध पात्र**

आबद्धताका आधारमा पात्र दूई प्रकारका हुन्छन् । बद्ध र मुक्त यस कथामा आएको उत्कर्ष अविरल बद्ध पात्र हो । किनभने उसले 'अढाई लाखको चेक' दिएर अर्कोको उपन्यासको पाण्डुलिपि आफ्नो नबनाएको भए यस कथाले मौलाउने मौका पाउदैन थियो ।त्यसैले उत्कर्ष अविरल बद्ध पात्रका रुपमा रहेको छ ।

### ४.१.५. भाषिक चयनका आधारमा 'अढाई लाखको चेक' कथाको विश्लेषण

साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन गर्न भाषा र भाषाविज्ञान जस्ता विषयलाई महत्वपूर्ण मानिएको छ । विशेषतः विषय पक्षको अध्ययन गर्दा चयन, विचलन र समानान्तरतालाई बढी महत्वपूर्ण मानिन्छ । कथा 'अढाई लाखको चेक' मा पनि भाषाका आधारमा चयन, विचलन र समानान्तरलाई आधार बनाइएको छ । सर्जकले आफ्ना साहित्यिक रचनामा मानवजीवनका विविध

पक्षलाई रोचक र कलात्मक रुपमा सशक्त अभिव्यक्ति गराउन शब्दको महत्वपूर्ण भुमिका रहन्छ । स्वतन्त्र रुपले उच्चारण गर्न सकिने न्युनतम अर्थयुक्त एकाइलाई शब्द भनिन्छ । स्रष्टाले आफ्नो साहित्यिक रचनालाई उपयुक्त उद्देश्यमुलक र भावपूर्ण बनाउनका लागि भाषामा हुने विभिन्न प्रकारका शब्दहरु एउटै अर्थका लागि खास शब्द चयन गर्दछ । स्रष्टाले कृतिमा लक्षणात्मक र व्यञ्जनात्मक भाषिक शैलीको सौन्दर्य माधुर्य र ओजपूर्ण हुन जान्छु । कथानकमा जस्तो परिवेश हुन्छ त्यस्तै ठाउँ वा परिस्थिति अनुसार भाषिक प्रयोग गर्ने गरिन्छ । त्यस्ता कार्यले कृति रोचक र प्रभावकारी बन्दछ । यस अध्ययनमा 'अढाई लाखको चेक' कथामा विषयवस्तु हालको समय सापेक्ष परम्परा र संस्कृतिको नाममा बढ्दै गएको देखावटी खोक्रो आडम्वरी समाजका व्यवहारलाई उठाइएको छ । साथै भाषाशैलीको प्रयोग पनि भएको छ । 'अढाई लाखको चेक' कथाको चयन, विचलन र समानान्तरताका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :-

**१. शब्द चयन**

स्वतन्त्र रुपले उच्चारण गर्न सकिने न्यूनतम अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ । तत्सम, तत्भब, आगन्तुक र झर्रा आदि शब्दहरुको सार्थक तथा उपयुक्त प्रयोग नै शब्द चयन हो । शब्द चयन सर्जक अनुसार फरक फरक पर्दछ । कथानक र परिवेश अनुसार बेग्ला बेग्लै अर्थ अनि अभिप्राय वहन गरेर प्रयोगमा आउने सम्भवना हुन्छ । जस्तैः स्त्री शब्दले नारी, महिला, माता, जननी आमा, रमणी सुन्दरी अरु इत्यादी मध्ये कुन शब्द चयन गर्दा कथा बढी सान्दर्भिक हुन्छ । त्यही आधारमा शब्द चयन गरिन्छ । त्यसर्थ तत्सम, तत्भव, आगन्तुक, भर्रा, नाम सर्वनाम, विशेषण, क्रियाविशेषण, निपात, संयोजक, विस्मयादीवोधक जस्ता आदि शब्दहरुलाई उपयुक्त रुपमा मिलाउनु नै शब्द चयन हो । 'अढाई लाखको चेक' कथाको शब्द सम्बन्धी विश्लेषण निम्न प्रकार गरिएको छ :-

**क) तत्सम शब्दको चयन**

तत् + सम् को अर्थ त्यो बराबर अथवा त्यो जस्तै भन्ने हुन्छ र यो शब्दले संस्कृतिलाई सङ्केत गरेको छ । त्यसैले संस्कृत भाषाबाट आफ्नो रुप नफेरी जस्ताको त्यस्तै नेपालीमा आएका शब्दहरुलाई तत्सम शब्द भनिन्छ । तत्सम शब्दको वर्णविन्यास अर्थ र प्रयोग संस्कृत अनुसार नै हुन्छ । यस 'अढाई लाखको चेक' कथामा परिवेश र सन्दर्भ अनुसार प्रयोग भएको पाइन्छ तत्सम शब्दलाई रेखाङ्कन गरी देखाइएको छ :-

- के गर्नु.......? हिन्दु संस्कारले पतिलाई स्थान नै त्यस्तै दिएको छ । पत्नीलाई बन्धन पतिलाई उन्मुक्ता पत्नीलाई दासत्वपतिलाई प्रभुत्व । (पृ१३७)
- म पनि कुनै अदृश्य बन्धनमा बाँधिए जस्तो त्यस प्रसङ्गलाई रोक्न असमर्थ छु । (पृ १३८)

- हजुरको एउटा निबन्ध र एउटा कथा के के मा छापियो थाहा छ हजुरलाई? (पृ १४०)
- तीनछक्क पर्दै अपत्यारिलो नजर मेरो नजरमा जोड्छे त्यो के भन्नु भएको त्यस्तो । (पृ १४०)
- कमजोर भएको छु विरामीले । तै पनि पौरुष त बलियै छ नि । (पृ १४०)
- अब जे हुनु भयो म अलिदिन यतै बस्छु । तपाईचिन्ता नगर्नुस् (पृ १४४)
- मेरो हार्दिक इच्छा थियो र आज पनि प्रवल रुपमा छ । (पृ १४५)
- धेरै दिनपछि प्रसववेदनामा छटपटाइ रहेको छ मन (पृ १४६)
- मेरो हृदयको खिल हो यो कुरा कुनै सिनेमाको सस्तो डाइलग होइन (पृ १५१)
- प्रकाशक शाखासम्मस्वर पुग्ने मेरो नजिकको कुनै नातेदार छैन । (पृ १५२)

**ख) तद्भव शब्दको चयन**

तद्भव बाट तद्भव शब्द बनेको हो । यसको अर्थ त्यसबाट भएको अथवा संस्कृतबाट बनेको भन्ने हुन्छ । त्यसैले संस्कृत बाट आफ्नो रुप केही परिवर्तन गरी नेपालीमा आएका शब्दहरु तद्भव शब्दहरुहुन् ।

- एक हप्ता अगाडिको खवर आज पनि उत्तिकै तातिरहेको रहेछ । रतजो आए पनि प्रसंग त्यही निस्किन्छ ।(पृ १३८)
- मेरो आँसु पुछि मलाई पानी खुवाई र सजिलो सँग बस्न लगाई मैले एक झल्को आमा नै देखे त्यसमा(पृ १४३)
- डाक्टरले टेन्सन नदिन भनेका छन् । त्यसको पनि शब्द त घाँटीमा धागो जस्तै गुजुल्टियो नि (पृ १४४)
- अस्तिको साँझ आईपुगेकी । तपाइँको खबरले त होस्वास नै उड्यो (पृ १४४)
- आज म यस्तो अवस्थामा पुग्नुमा त्यस्कै प्रभाव र देन छ । (पृ १४६)
- उसको कुराले रिसको आवेगमा पनि खितिती हाँसो फुत्कन्छ मेरो ओठबाट (पृ १४८)
- के गर्नु नि नानी हो तिमीहरुकी आमा कुरा नबुझ्ने सानी बच्ची भएकी छे अचेल (पृ १४९)
- हारे साँच्चै हारे छोराछोरीको आँसुमा भिजेको स्वरले हारे (पृ १५२)

**ग) आगन्तुक शब्द चयन**

संस्कृत बाहेक अन्य विदेशी तथा स्वदेशी भाषाबाट नेपालीमा आएका शब्दहरुलाई आगन्तुक शब्द भनिन्छ ।'अढाई लाखको चेक' कथा भित्र निम्नलिखित आगन्तुक शब्दको प्रयोग गरिएको छ :-

- आज एकहप्ता पछि अस्पतालबाटडिस्चार्ज भएर घर फर्केको म (पृ १३७)
- ताजा रजल्दोबल्दो खवर रेडियो पत्र पत्रिका टेलीभिजन जनमानसको जिब्रोमा भुन्डिनु कुनै आश्चर्यजनक कुरापनि त हैन (पृ १३८)
- छोराछोरी फर्केकलेजबाटएघार र बाह्रमा पढ्छन् (पृ १४०)
- बाबा.......... एउटा खुसीको कुरा हजुरका लागि सरप्राइज..... (पृ १४०)
- अचानक के पऱ्यो दाइ त्यस्तो टेनसन?हार्टअट्याक नै हुने गरी ...... की अस्तिको गोष्टिमा टिप्पणीकारले टिप्पणीले त दाइको मन भिजेको हैन (पृ १४१)
- ल केटा हो.......यस्तो एकदूई स्न्याप हान भरे फेसबुकमा बिरामीसँग भेटघाट भनेर हाल्नु पऱ्यो नि (पृ १४२)
- एकजनाले सम्भाएको थियो, सबै हातहातमा मोवाइल बोकेर रेडिफोटो सेसनलाई (पृ १४२)
- खिचियोफोटो सेल्फिमा समेत (पृ १४२)
- डाक्टरले पटक्कै टेन्सन नदिनु भन्ने चेतावनी दिएर ल्याएको छ (पृ १४२)
- प्रोग्राममै पिच्छेको फोटो फेसबुकमा हाल्छन् साथीहरु जुनमा पनि एउटै लुगा लगाएर लाछीकी स्वास्नी भन्ने नाम कमाउनु छैन मलाई (पृ १४८)
- म जे भए पनि बनाइदिउँला निक्कै बेर पछि हातमा पर्स च्यापेर पसि (पृ १४९)
- के भनेकी तिमीले यस्तो ?टिनएजमा पुगेका छोराछोरीमा के कस्तो असर पर्छ यस्तो कुराले, सोचेकी छौ ।(पृ १५०)
- प्लिजमूर्खतापूर्ण कुरा नगर त्यो औषधी मलाई देउ (पृ १५०)
- रातभर आफ्नो जिन्दगीको सहि अर्थ र परिभाषामा अल्भिएर बिताए (पृ १५०)
- मेरो हृदयको खिल हो यो कुरा कुनै सिनेमाको यस्तो डाइलग हैन (पृ १५१)
- रानीहार र तडकभडकका लुगाहरुले मेरो जिउँदो लासमाथि अट्टहास गर्दै ठाउँ-ठाउँमा प्रदर्शनी दिइरहयो(पृ १५३)

**घ) अनुकरणात्मक तथा भर्रा शब्द चयन**

कुनैपनि दृष्य वा आवाजको नक्कल गर्दा निर्माण हुने शब्दालाई अनुकरणात्मक शब्द भनिन्छ । अनुकरणात्मक शब्दले भाषालाई सौन्दर्यपूर्ण तथा रोचक प्रदान गर्दछ । कुनै स्रोतबाट नभएर निश्चित अर्थ दिन सक्ने सामर्थ्य भएको शब्द झर्रा नेपाली शब्द हो । झर्रा शब्दहरु स्थानीय र परिवेशसँगै मिल्दाजुल्दा हुन्छन् । 'अढाई लाखको चेक' कथाभित्र निम्नखाले अनुकरणात्मक तथा झर्रा शब्दको प्रयोग भएका छन् :-

- दाजु...... "मुना च्याप्प मेरो हात समातेर पिलपिल रोइदिन्छे" (पृ १४३)
- मेरो दाजुलाई..........।"फेरी कण्ठ अवरुद्ध बनाई बहिनीले पुलुक्क मलाई हेरी र पुनः भाउनुतर्फ उन्मुख भई(पृ १४३)
- बहिनीको अभिव्यक्तिले म थेगिएर बस्न असमर्थ निढाल सिरानेमा घोप्टिएर हिक्क-हिक्क गर्न पुगेछु (पृ १४५)
- म टाउको समातेर थचक्क भुँइमा बसे (पृ १५०)
- उ पुलुक्क-पुलुक्कमलाई हेर्दै भन्न एकछिन अक्मकाउँछे (पृ १५१)
- शरीर थर्थराएर बुरुक्क उफ्रे म र गएर दूई चड्कन बजाए त्यसको गालामा (पृ १५२)
- जुरुक्क उठेर छोराछोरी पढीरहेको कोठाभित्र पसेर चुकुल लगाई (पृ १५२)

**२. कार्यका आधारमा शब्द चयन**

**क) नाम शब्दको चयन**

कुनै पनि व्यक्ति वस्तु पदार्थ वा तिनका आन्तरिक भावलाई बुझाउने शब्दलाई नाम भनिन्छ । अर्थात जुन व्यक्ति वा वस्तुलाई जेभन्दा चिनिन्छ त्यही नाम हो । को र के भनि प्रश्नका उत्तरमा आउने शब्द नै नाम हो । यस्ता नाम शब्द 'अढाई लाखको चेक' कथामा यस प्रकार आएका छन् :-

- सरलाई हृदयघात भयो भन्ने सुनेर त मेरै मुटुको रक्तसञ्चार बन्द भए जस्तै भो (पृ १३८)
- भोक तिर्खा निन्द्रा सबै अरुले खोसे जस्तै भयो भन्या (पृ १३८)
- मनमाछटपटि नै हुन्छ (पृ १३९)
- बाबा एउटा खुसीको कुरा हजुरको लागि सरप्राइज पनि.......। (पृ १४०)
- छोराछोरी फर्के कलेजबाट एघार र बाह्र मा पढ्छन् । (पृ १४०)
- तेरी खुसीको तीजको लहरले बगायो मेरो पाण्डुलिपि (पृ १४६)
- अन्तरआत्मा नै सिउन नमिल्ने गरी धुजा-धुजा भएर च्यातिए जस्तो हुन्छ । (पृ १५०)

) म <u>टाउको</u> समातेर थचक्क भुइँमा बसे । आफ्नो अगाडिको सामान रोटेपिङ घुमे जस्तै घुमेको<u>दृष्य</u> हेरिरहेँ (पृ १५०)

) <u>बहिनी</u> आवेगले थरथरी काप्दै त्यसको <u>फोटो</u> भित्रबाट झिकी ड्याम्म भुइँमा पछार्छे । (पृ १५४)

**ख) सर्व नामको चयन**

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । कथाभित्र आएका सर्वनाम निम्न छन् :-

) <u>उत</u> कहाँ राम्रो लेख्ने मान्छे होर (पृ १३९)

) <u>तँ</u> कहिले फर्किस् मुना ? (पृ १४४)

) हँ..... <u>तँ</u> पनि भन त के कस्तो खुलदुली मच्चाएकी भन्या (पृ१४५)

) <u>तिमी</u>लाई थाहा छैन ? लेख्ने बेला एकान्त चाहिन्छ मलाई म झर्के (पृ १४६)

) <u>ऊ</u>सिङ जोड्न पूर्ण तयारीमा छे (पृ १४६)

) मेरा यी रहस्य बोकेका कुराले <u>तँ</u> अत्ति विस्मित छेस् बैनी मलाई थाहा छ (पृ १४६)

) के गर्नु नानी हो <u>तिमी</u>हरुकी आमा कुरा नबुज्ने सानो बच्ची भएकी छे अचेल (पृ १४९)

) <u>तिमी</u>हरु पढ्दैगर (पृ १४९)

) <u>तिमी</u> घरको स्थिती बुझ्ने कोसिस गर प्लिज (पृ १५०)

) <u>म</u> कुनै अनर्थको आसंकाले गिडगिडाउन थाल्छु (पृ १५०)

) <u>ऊ</u> पुलुक्क पुलुक्क हेर्दै भन्न एकछिन अकमकाउछे (पृ १५१)

) ल यस्तो सजिलो उपाय रहेछ <u>तिमी</u>सँग (पृ १५१)

) <u>तपाई</u>को उपन्यासको पाण्डुलिपी र उत्कर्ष अविरलको प्रस्ताव नै हो यसको सहि र सजिलो उपाय (पृ १५१)

) कस्तो अन्धो र अविवेकी आसक्ती <u>तपाइँ</u>को गहना र लुगा प्रति (पृ १५३)

) बहिनीको आवेगलाई <u>हामी</u>दुई ओल्लो पल्लो किरान जस्तै दाँया बाँया उभिएर आ-आफ्नौ मनको उहापोहमा अल्झिएर निहाली रहेछौ (पृ १५४)

**ग. विशेषणको चयन**

नाम वा सर्वनामको गुण दोष आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । कस्तो कति कुन कत्रो कस्को जस्ता प्रश्नहरु गर्दा आउने उत्तरहरु नै विशेषण हुन् । यस कथा भित्र निम्न विशेषण प्रयोग भएका छन् :-

- एक हप्ता अगाडिको खवर आजपनि उत्तिकै तातिरहेको रहेछ । (निश्चित संख्या) (पृ. १३७)
- अस्पतालमा मेरो रोग खुट्याइयो, पहिलो पटक हृदयघात (पृ. १३७)
- को आईपुग्यो र दुई चार जोर पदचापहरु ..... बढिरहेको थाहा पाउँछु । (पृ.१३८)
- यो सहानुभूतिको झुटो मुस्लो करेलाको रस जस्तै तितो तै पनि पचाउनु पऱ्यो (पृ.१३८)
- हो त विजयजी को रचना त साह्रै मीठो र स्वादिलो म त उहाँकै छापिएको रचना पटक पटक दोहोऱ्याएर पढ्छु नी (पृ.१४१)
- पत्नी साह्रै अचम्ममा छे म किन यो सँग रिसाएको छु बुझ्न नसकेर के गरोस् बबुरी अरुबेला जस्तै उग्रचण्डी बनेर मलाई थर्काउन मिलेन अहिले (पृ. १४२)
- धेरै दिनदेखि प्रसवेदनामा छट्पटाइरहेको छ मन । (पृ.१४६)
- केही गर्ने हुती नभएको हुतिहारा लोग्ने पऱ्या छ (पृ.१४७)
- भन त के छ उपाय ? त्यस्तो ठूलो रकम व्याजमा काढेर तिर्न सकिदैन । (पृ.१५१)

### घ. क्रियायोगी/क्रियाविशेषण चयन

क्रियापदको विशेषता बुझाउने अव्यय शब्दलाई क्रियायोगी वा क्रियाविशेषण भनिन्छ । यस कथामा निम्न क्रियाविशेषण रहेका छन् ।

- म भित्र सल्केको आगो र म भित्र गुम्सिएको अन्तरज्वालाबाट अनविज्ञ त्यो साडीको छेउले आँसु पुछ्न थाल्छे । (पृ. १४०)
- अहिलेको अवस्थामा फोटो सो गर्ने होडबाजी चलेको छ । (पृ. १४२)
- अस्तिको साँझ आइपुगेकी म (पृ.१४४)
- म छक्क परेर बहिनीको कुरा सुन्दै थिएँ निक्कै बाठी पो भइछे । (पृ.१४४)
- आज म यस्तो अवस्थामा पुग्नमा त्यसकै प्रताब र देन छ । (पृ. १४६)
- मेरो खित्काले घाइते बघिनी बनी एक्कासि मेरी पत्नी (पृ. १४८)
- म टाउको समातेर थ्याच्च भूँइमा बसे (पृ. १५०)

- नत्र त त्यो कहिले मेरा लागि काम नलाग्ने कुरा जीवनमा एकपटक काम लाग्ने हुँदा पनि कुरा नबुज्नु त ..... ठीक छ । (पृ. १५२)

**ङ)नामयोगी चयन**

नामिक पद वा नाम सर्वनाम र विशेषण सँगै जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । यसले शब्दहरुकाबीचमा सम्बन्ध गाँस्ने काम गर्दछ । यस कथामा आएका नामयोगी निम्न छन् :-

- आज एक हप्तापछि अस्पतालबाट डिस्चार्ज भएर घर फर्केको म (पृ १३७)
- यिनको यस अभिव्यक्तिले मलाई अन्तर हृदयसम्म काउकुती लगायो (पृ १३८)
- आज सरलाई सकुसल डिस्चार्ज दियो भन्ने थाहा पाएपछि मात्र ढुक्क भयो (पृ १३८)
- कोठाको ढोका ड्याम्म लगाई मनमनमा गुने एकान्त बन्द कोठा भित्र मायाले पगाल्छु (पृ १४९)
- के गर्नु आज मूर्खसँग राम पनि डराउने उखानै चरितार्थ भयो । (पृ १५०)
- आफ्नो अगाडिको सामान रोटे पिङ घुमे जस्तै घुमेको दृश्य हेरीरहें (पृ १५०)
- के निर्णय लिनु मैले ? मसँग तिम्रो चाहना पूरा  गर्ने बाटो र उपायहरु छैनन् भनेर जान्दा जान्दै पनि तिमी यस्तो कठोर अडानमा बसेकी छौ भने उपाय पनि तिमी नै बताउ (पृ १५१)
- लोग्नेपन देखाएर म माथि हात उठाएर खुब बहादुरी देखाए भनेको होला (पृ १५२)
- एउटा दर्दनाक चलचित्रझैं लाग्ने मेरो जीवनको तितो यथार्थ बहिनीका सामु पोख्तापोख्तै म अथाह पीडामा डुब्न पुगेछु ।(पृ १५३)

**च) निपातको चयन**

आफ्नो खास अर्थ नभएका तर नजिकको पदलाई प्रभावित पारी वाक्यको अर्थमा मिठास उत्पन्न गराउन सक्ने अविकारी पदहरुलाई निपात भनिन्छ । निपातले वाक्यको अर्थमा चमत्कार थप्ने काम गर्दछ । यसको कथामा आएका केही निपात निम्न छन् :-

- खैत...... पत्रिका ल्याइदिएनौ मलाई? (पृ १४०)
- को आयो फेरी यस्तो साँझपख भोलि आए पनि त हुनेनि (पृ १४१)
- अचानक के पऱ्यो दाइ त्यस्तो टेन्सन ? हार्टअट्याक हुने नै गरी.... के अस्तिको गोष्ठीमा टिप्पणीकारको टिप्पणीले त दाइको मन बिझेको हैन ? (पृ १४१)
- अरे मुना तँ ! कहिले फर्किस् अमेरीकाबाट ? (पृ १४३)

- ए बाबा.... क्याहो यस्तो ! (पृ १४७)
- आफ्नो त फुटेको कर्म (पृ१४७)
- आजपनि निहुँ खोजी भने तिमीहरु ढोका ढप्काएर पढ्नु है (पृ १४९)
- ल यस्तो सजिलो उपाय रैछ तिमी सँग (पृ १५१)

### छ) संयोजकको चयन

दूई वा दूई भन्दा बढी पदावली वा उपवाक्य जोड्ने अविकारी पदलाई संयोजक भनिन्छ । यसलाई योजक पनिभन्ने गरिन्छ । 'अढाई लाखको चेक'कथाभित्र निम्न संयोजक प्रयोग भएका छन् :-

- म बिरामी भएको कुरा पनि उर्लेको भेल जस्तो गरी अनियन्त्रित फैलिएछ कि क्या हो कुन्नि(पृ १३७)
- एक हप्ता अगाडिको खबर आज पनि उत्तिकै ताति रहेको रहेछ । रतजो आएपनि प्रसंग त्यही निस्कन्छ ।(पृ १३८)
- मलाई थाहा छ बहिनीको गलाभरी शब्दहरु अटेस् मटेस् भएका छन् । तरनिःशब्द आँसु बोलिरहेछन् । (पृ १४३)
- किनयसरी असहय भएर रुनुभएको तपाई ?(पृ १४५)
- दिए नि.... कुन ठूलो कुरो भयो र?तर मैले बोलेजती पुग्न सक्दैन भन्ने व्यवहार चलाउने घरमुली भएपछिबुझ्नु पर्यो नी ? गृहमन्त्रीजी (पृ १४७)
- जहिले तीजमा खिसीट्युरीको नयनबाँण खप्नुपर्छ । (पृ १४७)
- फोटोमा देखाउन र अरुले के भन्ला भनेरआफ्नो हैसियत भन्दा माथि त पुग्नु भएन नि होइन र?( पृ १४८)
- यदि भएन भने त्यसपछिको मेरो कामले तपाई जीवनभर पछुताउनु हुनेछ महासय (पृ १५०)

### ३. वाक्य चयन

भाषाको सबैभन्दा ठूलो एकाई वाक्य हो । एउटा उद्देश्य र एउटा विधेय अनिवार्य भएको सार्थक अभिव्यक्तिलाई वाक्य भनिन्छ । संरचना र बनोटका आधारमा वाक्य तीन प्रकारका हुन्छन् :-

### क) सरल वाक्यको चयन

एउटा उद्देश्य र एउटा विधेय भएको स्वतन्त्र र पूर्ण वाक्यलाई सरल वाक्य भनिन्छ ।

''अढाई लाखको चेक' कथामा आएका केही सरल वाक्यहरु निम्न छन् :

- अस्पतालमा मेरो रोग खुट्याइयो पहिलो पटकको हृदयघात । (पृ १३७)
- मलाई भरोसा दिन काँध समात्न आउछे ऊ (पृ १४०)
- छोराछोरी फर्के कलेजबाट एघार र बाह्र पढ्छन् (पृ १४०)
- लेख्न बस्योकी किचकिचले गर्दा फुरेको पनि उछिटिएर भाग्छ । (पृ १४६)
- धेरै दिनदेखि  प्रसववेदनामा छटपटाइरहेको छ मन (पृ १४६)

**ख) मिश्र वाक्यको चयन**

एउटा मुख्य उपवाक्य र एक भन्दाबढी अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेमा त्यसलाई मिश्रवाक्य भनिन्छ । जो, जहाँ, जब, जुन, जसरी जसले, भने, भनि, भन्ने आदि सापेक्ष संयोजक हुन् । 'अढाई लाखको चेक' कथामा निम्न मिश्रवाक्य प्रयोग भएका छन् :-

- सरलाई हृदयघात भयो भन्ने सुनेर त मेरै मुटुको रक्तसञ्चार बन्द भए जस्तै भो । (पृ१३८)
- अनि सर कति समय आराम गर्नुपर्ने ? यसो हामीले गर्नुपर्ने सहयोग छ भने अन्यथा नमानी भन्नुहोला(पृ १३८)
- एउटी सर्जक जो मलाई र मेरो रचनालाई सामान्य मान्नसम्म तयार थिइन । (पृ १४१)
- एकजोर ठिक्कको होइन छ जोर दामी लुगा चाहिन्छ  मलाई यसपालि जहाँ जाँदा पनि त्यही एकजोर लुगा घिसार्दै जान सक्दिन । (पृ १४८)
- मैले स्वाभिमान र आत्मसम्मानमा कुल्चन खोजेको भनि सक्दो झपारेर पठाएँको थिएँ । (पृ १५२)
- रानीहार र तडकभडकका लुगाहरुले मेरो जिउँदो लासमाथि अट्हास गर्दै ठाउँ-ठाउँ प्रदर्शनी दिइरहयो र त्यो दिन पनि आयो । जुन दिन त्यही उपन्यासमा उत्कर्ष अविरलले बर्षकै उत्कृष्ट कृतिको सर्जकका रुपमा राष्ट्रिय पुरस्कारको विजेता बन्यो । (पृ १५३)

**ग) संयुक्त वाक्यको चयन**

दूई  वा दूई भन्दा बढी स्वतन्त्र उपवाक्यलाई निरपेक्ष संयोजकले जोडेमा त्यसलाई संयुक्त वाक्य भनिन्छ । यसमा जोडिने वाक्यहरु स्वतन्त्र हुन्छन् । तिनीहरुलाई जोड्ने र अनि, पनि, तर, वा, अथवा, त्यसैले, किनभने आदि निरपेक्ष संयोजक हुन् । 'अढाई लाखको चेक' कथामा आएका केही संयुक्त वाक्य निम्न छन् :-

- ताजा र जल्दोबल्दो खवर रेडियो, पत्रपत्रिका, टेलिभिजन र जनमानसको जिब्रोमा झुण्डिनु कुनै आश्चर्यजनक कुरा पनि त होइन तर आफूलाई चाँही..... । (पृ १३८)
- घरमा ममीले बाबाको प्रतिभाको कदर नगर्नुभए पनि बाहिर तिम्रो बाबा साहित्यकार होनि ! उहाँको रचना कस्तो राम्रो हुन्छ भनेर अरुले भन्दा कस्तो आनन्द आउँछ । (पृ १४०)
- मेरा हार्दिक इच्छा थियो र आज पनि प्रवल रुपमा छ । तपाईले धेरै मेहेनत लगन र परिश्रम खर्चेर लेख्नुभएको उपन्यासको पाण्डुलिपिलाई पुस्तक रुप दिउँ । त्यो काम म ज्वाइँको पैसाले त गर्न सक्दिनथैं । (पृ १४५
- कुन मुखले भन्छे त्यसले ? जसलाई आफ्नो बाँच्ने सहारा र भरोसा सम्झैं, त्यसैले मलाई घात गरी आज म यस्तो अवस्थामा पुग्नुमा त्यसकै प्रताप र देन छ । के भन्थी त्यसले ? म नै भन्छु तँलाई सबै र हलुङ्गो हुन्छ । अनि सुस्ताउँछुशान्तिले । (पृ १४६)

### ४.१.६. विचलन

भाषाको प्रयोगगत र प्रयुक्तिगत मानक रुपमा अतिक्रमण गर्नुलाई विचलन भनिन्छ । अर्को शब्दमा 'विपयन' पनि भन्ने गरिन्छ । यसरी मानक भाषा प्रयोगबाट रड्किनु, चिप्लनु वा विचलित हुनुलाई नै विचलन भनिन्छ तर यस्तो विचलन निरुदेश्य र निरर्थक नभई उद्देश्य र सार्थक हुन जरुरी मानिन्छ । साहित्यिक कृति निमार्णका क्रममा साहित्यकार सचेत र असचेत रुपमा मानकबाट विचलित हुने गर्दछ । सामान्य भाषिक वा व्याकरणीकनियमले विचलित गर्न नहुने कुरालाई विचलित गरेर देखाउने लेखकिय प्रवृत्ति नै विचलन हो । यस्तो विचलन भाषाका विभिन्न स्तर, एकाई वा पक्षहरमा प्रयोग भएका विचलन यस प्रकार छन् :- (डा.पौडेल २०७३५०)

#### क) व्याकरणिक विचलन

व्याकरणात्मक तत्व वा पक्षहरुविभिन्न स्तर अथवा लिङ्ग, बचन, पुरुष, आदर, काल पक्ष, भाव, करण, अकरण, वाच्य, उक्ति, पदक्रम आदि विविध कुरामा देखिने नियम भङ्गलाई व्याकरणीक विचलन भनिन्छ । यस कथाभित्र व्याकरणीक विचलन खासै देखिएको छैन :-

- के हेरेको लाटाले पापा हेरे जस्तो । (पृ १५१)

#### ख) ध्वनि प्रक्रियात्मक विचलन

लेख्य भाषालाई कथ्य उच्चारण प्रवृत्तिमा ढालेर गरिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ ।

) ल यस्तो सजिलो उपाय रैछ तिमी सँग (पृ १५१)

**ग)अर्थतात्विक विचलन**

सन्निधानको सिद्धान्त अनुसार मेल नखाने कुरा अथवा प्रकृतिको मानकीकरण मानवको प्रकृतिकरण आदि गरेर

देखाउने विचलित प्रवृतिलाई अर्थतात्विक विचलन भनिन्छ । यस कथा भित्र भेटिएका केही यस्ता विचलन निम्न छन् :-

) पाण्डुलिपिसँगै मेरो आत्मसम्मान र स्वाभिमान छाल बनेर ओल्लो किनार पाल्लो किनार ठोकिदै बग्यो (पृ.१४६)

) पत्नीको त तनमन दुवै हुरहुरी जल्यो । (पृ. १४७)

) ए रिस मरेछ क्यारे, आशाको एक झिल्को बल्यो मनमा, हँसिलो अनुहार बनाएर हेर्छु । कालो बादल छाँटिएको छैन कतिखेर बेमौसमको भयानक वर्षा हुने हो जीउ सिरिङ्ग गर्छ । (१४९)

) कुरा अधुरै छाडेर मनभरी गह्रुँगो भारीको बोझ बोक्दै घरबाट निस्के । (१४९)

**घ) प्रयुक्ति विचलन**

यस कथा भित्र भेटिएका केहीप्रयुक्ति विचलनहरुनिम्न छन् :-

) मेरो हितैषी सहकर्मीको अभिव्यक्तिले मेरो पत्निले आली लगाएर आँखाको गरामा जम्मा गरेको पानीले आली भत्काई कुलेसाको बाटो रोजिहाल्यो । (पृ १३८)

) फर्के सहकर्मीका टोली मेरो मनभरी अदृश्य डढेको सल्काएर । (पृ १३९)

) उ सिङ्ग जोड्न पूर्ण तयारीमा छे । (पृ १४६)

) मेरो खित्काले घाइते बघिनी बनी एक्कासी मेरो पत्नी । (पृ १४८)

) दिनभरी मनमा बाक्लो तुवाँलो बोकेर काम गरी साँझ मुटु हल्लाउदैं घर फर्कन्छु । (पृ १४९)

) मर्दै मर्दै गएँ र आफ्नो लासको मलामी भएर फर्के हरेक ठाउँ र हरेक पटकको पुस्तक चर्चामा मरिरहे जिउँदै मरिरहे निरन्तर । (पृ १५३)

**ङ) भाषिक विचलन**

मानक भाषिकाको प्रयोग नगरी अमानक भाषिकाको प्रयोग गर्नुबाट यस्तो विचलन देखिन्छ यसैलाई भाषिक विचलन भनिन्छ । यस कथा भित्र देखिएका केही विचलन निम्न छन् :-

- अब आफ्नै घरमा बोल्न पनि विचार पुऱ्याउनु पर्ने भो (पृ १४७)
- यसपालि पनि यस्तै भयो भने मैले जान्या छु । (पृ १४७)

### ४.१.७. समानान्तरता

भाषामा प्रयोग हुने नियमित पुनरावृतिलाई नै समानान्तरता भनिन्छ । विचलन जस्तै : समानान्तरताको प्रयोग पनि उद्देश्यमूलक र सार्थक हुन जरुरी मानिन्छ । यो भाषाको विभिन्न एकाइ, तह र पक्षमा देखिन्छ । यो वर्णगत, रुपगत, शब्दगत, पदावलीगत, उपवाक्य वा वाक्यगत, लय, छन्दगत र अर्थगत स्तरमा देखापर्दछ । कतिमा नियमितताको पालना कतिको उद्देश्यपूर्ण छ भन्ने देखाउँछ। (डा.पौडेल २०७३ : ५२) 'अढाई लाखको चेक' कथा भित्र देखिएका केही समानान्तरता निम्न छन् :-

#### क) आन्तरिक समानान्तरता

भावार्थ वा वाच्यार्थका बीचमा आन्तरिक रुपले रहने अर्थगत सादृश्यता नियमितता वा समानतालाई आन्तरिक समानान्तरता भनिन्छ । यस कथा भित्र केही आन्तरिक सामानान्तरता छ :

- "थाहा पाउनु भो तपाईले ? उत्कर्ष अविरलले राष्ट्रिय पुरस्कार पायो नि पहिलो उपन्यासमा नै हुन पनि गज्जब लेख्यो बा अब त झन थप जोस जाँगरले यस्ता उपन्यास कति जन्माउला उसले.....।"

#### ख) बाह्य समानान्तरता

बाह्य समानान्तरता स्थूल प्रकृतिको हुन्छ । भाषाका समध्वन्यात्मक उच्चारण वा लय, वर्ण, रुप, शब्द, पदावली र वाक्यात्मक स्वरुपको नियमित आवृत्ति वा पुनरावृत्तिका रुपमा यो देखिन्छ । 'अढाई लाखको चेक' कथा भित्र आएका केही समानान्तरता निम्न छन् :

- आँसुले नै मेरो रोग पखालुँला जस्तै गरी अस्पतालमा बसुन्जेल घरी-घरी मेरो हात दह्रोसँग समातेर स्पर्श स्पर्शमा नै रोग आफैमा सारुँला झै पनि गरी । (पृ १३७)
- भो..भो... यस्तो चेपारो मलाई चाहिदैन (पृ १४०)
- यो आपत आएको होइन ल्याइएको हो । दशा लागेको होइन लगाइएको हो । (पृ.१४०)
- खुसी, खुसी,...... कहाँ हुनुहुन्छ ? (पृ १४२)
- केही त्यस्तो साह्रो गाह्रो अफठ्यारो परे मलाई खवर गर्नु भए पनि हुन्थ्यो । (पृ.१४३)
- पत्नीको तनमन दुवै हुरहुरी जल्यो । (पृ १४७)

- त्यो त गर्दिन यसपालि त चाहियोचाहियो । (पृ १४८)
- उ पुलुक्क-पुलुक्कमलाई हेर्दै भन्न एकछिन अकमकाउँछे । (पृ १५१)
- त्रासयुक्त स्वरमा बाबाबाबा भन्दै पुकार्दै छन् । (पृ १५२)
- विमोचनमा करैले जानैपऱ्यो मर्दै-मर्दै गएँ र आफ्नै लासको मलामी भएर फर्के । (पृ १५३)

### ४.२. छलफल र व्याख्या

'अढाई लाखको चेक' कथाको कथानक आदि, मध्य र अन्त्य श्रृङ्खला मिलेका कारण फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ । यस कथाको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ । यस कथामा आएका प्रमुख पात्रमा 'म' पात्र र 'म' पात्रकी पत्नी हुन् । यो कथा प्रथम दृष्टिविन्दुमा आधारित रहेको छ । त्यस्तै गरी सहायक पात्रमा मुना र उत्कर्ष अविरल हुन् भने गौण पात्रका रुपमा छोराछोरी र सहकर्मी आएका छन् ।

'अढाई लाखको चेक' कथामा साहित्यिक, सामाजिक, आर्थिक, सांस्कृतिक, कला र संस्कार परम्परामा देखिएका विकृति विसङ्गति, अन्याय देखासिखी खोको आडम्बर जस्ता पक्षहरुलाई सौन्दर्य र सरल भाषाशैलीको माध्यमबाट प्रष्टाएको छ । आर्थिक स्थिति कमजोर भएका स्वाभिमानमा बाँच्ने एउटा साहित्यकारले कलम चलाएर नत परिवारको इच्छा चाहना पूरा गर्न सक्छ न त आफ्नो नामनै युगौं युग बचाउन सक्छ उसले चाहेर पनि केही गर्न नसक्ने कुरालई प्रस्तुत गरिएको छ । आर्थिक अवस्था नाजुक भएपछि अर्काको लागि आफ्नो रहर सपना सबै चकनाचुर पारेर बाँच्न पर्ने आफूले कति मेहनत र लगाव खर्चेर लेखेको अक्षररुपी सन्तानालई बेच्नुपर्ने बाध्यता देखाईएको छ । हुने खाने र पैसावालाहरुले आफुले पैसाले नै खरिद गरेर नाम कमाउने राष्ट्रिय, अन्तराष्ट्रिय जस्ता पुरस्कारले सम्मानित हुने पैसाकै आडमा वाहवाह जयजयकार पाउने र त्यस्तै नकारात्मक कुरालाई छानविन नगरी सरकारले, समाजले नै संरक्षण कसरी गर्छ भन्ने कुरालाई कथा मार्फत मार्मिक रुपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत 'अढाई लाखको चेक' कथामा तत्सम तद्भव, आगन्तुक, भर्रा र अनुकरणात्मक नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, निपात, एवम् विस्मयादिबोधक जस्ता शब्दहरुको चयनले कथाको भाषा सरल, सहज, सुबोध र उत्कृष्ट बन्न पुगेको छ । कथाको भाषिक पक्षको विश्लेषण गर्ने क्रममा विचलन पक्षको पनि अध्ययन गरिरहेको छ । व्याकरणीक, ध्वनितात्विक, अर्थतात्विक, भाषिक विचलनयुक्त, भाषाको प्रयोगले कथाको भाषिक सौन्दर्य बढ्न गई कथा बोधगम्य बन्न पुगेको छ । हुनेखाने र हुँदाखाने बीचको अन्तरलाई कथाको माध्यमबाट उत्कृष्ट रुपमा प्रस्तुत गरिएको छ ।

# अध्यय- पाँच : सारांश, निकर्ष, सुझाब तथा उपयोगिता

## ५.१. सारांश

प्रस्तुत शोधपत्रमा नेपाली साहित्य आकाशमा आफ्नो नाम स्थापित गराउन सक्षम एक नारी हस्ताक्षर, साहित्यकार रीता ताम्राकारबाट लिखित 'संवेग' कथा संग्रह (२०७४) भित्रको 'अढाई लाखको चेक' कथानकको शैलीवैज्ञानिक अध्ययन शीर्षक रहेको छ । समालोचनको क्षेत्रमा शैलीविज्ञान नवीनतम् विधा भाषाबादी सिद्धान्त र पद्धतिका रुपमा देखापरेको छ । शील, धातुमा 'ई' प्रत्यक्ष लागेर शैली शब्द निर्माण भएको हो । यसको अर्थ ढङ्ग, ढाँचा, रीति, वृत्ति, मार्ग भन्ने हुन्छ । शाब्दिक रुपमा अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ । यसले हाल आएर आफूलाई स्वतन्त्र विधाको रुपमा स्थापित गरिसकेको छ ।

शैलीवैज्ञानिक आधारमा 'अढाई लाखको चेक' कथाको फ्रेटागको पिरामिड अनुसार कथानकको विकासक्रम पात्रहरुको शैलीवैज्ञानिक वर्गीकरण, भाषिक चयन विचलन साथै समानान्तरता जस्ता विषयको शैलीवैज्ञानिक रुपमा विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित भएर यो शोधपत्र तयार गरिएको छ ।

'अढाई लाखको चेक' कथामा व्याकरणीक विचलन भाषिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, अर्थतात्विक विचलनमा देखा परेका विचलनले कथाको भाषाशैलीमा कलात्मकता र सौन्दर्यता थपेको छ। उपयुक्त शब्द चयन तथा सन्दर्भ परिवेश अनुसारको भाषा प्रयोगले कथा झन् रोचक, सरल, सुमधुर र बोधगम्य बन्न पुगेको छ ।

'अढाई लाखको चेक' कथाको शैलीवैज्ञानिक अध्ययन गर्ने सन्दर्भमा यसमा कथानकको विश्लेषण फ्रेटागको पिरामिडलाई आधार मानेर कथानकको विकासक्रम शैलीवैज्ञानिक आधारमा पात्रहरुको वर्गीकरण त्यस्तैगरी भाषिक चयन, विचलन र समानान्तरताको विश्लेषण गरिएको छ । पुस्तकालयीय कार्यको प्रयोग गर्दै वर्णनात्मक ढाँचामा व्याख्या गरिएको छ  साथै प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ ।

## ५.२. निकर्ष

प्रस्तुत अध्ययन 'अढाई लाखको चेक' कथाको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहको छ । अनुसन्धान कार्यबाट नयाँ सत्यतथ्य फेला पर्ने भएकोले यो कार्य निरन्तर चलिरहने प्रक्रिया हो । प्रस्तुत कथाको कथानकको विश्लेषण फ्रेटागको पिरामिडको आधारमा गरिएको छ भने पात्रहरुको शैलीवैज्ञानिक आधारमा विश्लेषण तथा वर्गिकरण गरिएको छ ।

'अढाई लाखको चेक' कथाको ढाँचा क्रमवद्ध ढाँचामा प्रस्तुत भएकाले आदि, मध्य रअन्त्यको क्रम मिलेको देखिन्छ त्यस्तै गरी नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात आदि शब्दहरुको समुचित विन्यासले कथाको कथानकको भाषा आकर्षक र प्रभावकारी बन्न पुगेको छ ।

कथामा आएका पात्रहरुको शैलीवैज्ञानिक अध्ययन गर्दा प्रमुख पात्र, सहायक पात्र साथै गौण पात्रको विश्लेषण गरिएको छ । कथामा आएको मुख्य पात्रमा 'म' पात्र र 'म' पात्रकी पत्नी छन् भने सहायक पात्रमा मुना र उत्कर्ष अविरल त्यस्तै गौणमा छोरा, छोरी र कथाको कथानक अगाडि पुगेको छ । लिङ्ग, स्वभाव, कार्य, प्रवृत्ति जीवनचेतना, आसन्नता र आवद्धताका आधारमा पात्रको वर्गीकरण गरी विश्लेषण गरिएको छ । यस शोधकार्यलाई पूर्णता दिन शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित समालोचनात्मक पुस्तक शोधपत्रहरु, शैलीविश्लेषण सम्बन्धी लेख रचना आदिको सहयोग लिइएको छ । यस अध्ययनको प्रमुख विधि पुस्तकालयीय विधिको प्रयोग गरी वर्णनात्मक पद्धतीबाट अध्ययनलाई पूर्णविराम दिइएको छ । यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन स्रोतमा प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतमा 'अढाई लाखको चेक' कथालाई लिइएको छ भने द्वितीयक स्रोतका रुपमा शैलीविज्ञान सम्वन्धी पुस्तक विभिन्न पुस्तकहरु, अप्रकाशित शोधपत्रहरु तथा विभिन्न लेखको समेत प्रयोग गरिएको छ । कथामा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दहरुको चयन गरिनुका साथै नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, नामयोगी, संयोजक रनिपातको संयोजनले कथा मधुर ररोचक बनेको छ । त्यस्तैगरी व्याकरणीक, ध्वनिप्रक्रियात्मक, अर्थतात्विक र भाषिक विचलनको पनि रहेको पाइयो । कथाभित्र व्याकरणीक नियम कतै मिलेको र कतै विचलित भएका वाक्य प्रयोगसाथै सरल, संयुक्त र मिश्रवाक्यको समेत प्रयोग भएको छ साथै गरिब र धनी व्यक्तिबीचको अन्तरलाई कला संस्कृतिमा बढ्दै गएको विकृति, विसंगति र देखावटीलाई कथाको माध्यबाट प्रष्ट्याइएको छ । यी विविध विषयवस्तुको प्रयोगले कथा शैलीवैज्ञानिक रुपमा उत्कृष्ट रहेको निष्कर्ष निकालियो ।

### ५.३. सुझाव

प्रस्तुत 'अढाई लाखको चेक' कथाको शैलीवैज्ञानिक अध्ययन गरिसकेपछि प्राप्त भएका निष्कर्षको आधारमा निम्न सुझावहरुलाई तल बुदाँवद्ध गरिएको छ :-

- कथामा कथानकको प्रस्तुति एवम् शैली अझै क्रमवद्व हुनुपर्ने देखिन्छ ।
- कृति सृर्जना गर्दा शैलीवैज्ञानिक अध्ययन गर्न मिल्ने खालको कृति सिर्जना गर्नुपर्ने देखिन्छ ।
- कथामा उपस्थित भएका पात्रहरुको सङ्ख्या कथाको आवश्यकता अनुसार राख्नुपर्ने देखिन्छ ।

- कृतिकारले कृति सिर्जना गर्दा उच्च, मध्यम, निम्न, बौद्धिकता भएका सबै पाठक वर्गलाई ध्यानमा राखेर सरल, सहज, सुबोध भाषाशैली प्रयोग र शब्द छनौट गर्नुपर्ने जरुरी देखिन्छ ।

### ५.४. उपयोगिता

खोज तथा अनुसन्धान कार्यलाई व्यवस्थित, प्रभावकारी तथा तथ्यपूर्ण बनाउन नीति, नियम तथा पालनाको आवश्यकता पर्दछ । यस शैलीविश्लेषणले कृतिकार, पाठक, वर्गलाई उपर्युक्त र पठन योग्य कृति सिर्जना गर्न महत्वपूर्ण सहयोग पुऱ्याउँछ । हालको अवस्थामा कथाको शैलीवैज्ञानिक अध्ययनलाई बढी महत्व दिएको पाइन्छ । यसको अध्ययनबाट श्रष्टा र द्रष्टा दुवै पक्षलाई फाइदा पुग्नेछ । शैलीवैज्ञानिक आधारमा यस ‘अढाई लाखको चेक’ कथाको अध्ययन गर्न चाहने अनुसन्धान कर्तालाई सहयोग पुग्ने देखिन्छ ।

### ५.४.१.नीतिगत उपयोगिता

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग अर्न्तगत स्नाकोत्तर तह दोस्रो बर्षको ने.पा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि यस ‘अढाई लाखको चेक’ कथाको शशैलीवैज्ञानिक अध्ययनको शीर्षकमा शोधकार्य अध्ययनलाई बिट मारिएको छ । प्रस्तुत सोधपत्र तयार गर्नका लागि गरिएको सैद्धान्तिक पक्षको अध्ययनका आधारमा नीतिगत तहलाई निम्नअनुसार सहयोग पुग्नेछ :-

- पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण कार्य पूरा  गर्न पाठ्यक्रमविद् बढी लाभान्वित हुने छन् ।
- शैलीवैज्ञानिक अवधारणाको बारेमा जानकारी गराउन सहयोग पुग्ने छ ।
- शैलीविश्लेषण सँग सम्वन्धित पाठ्यपुस्तक लेखनमा सहयोग पुग्नका साथै शैलीगत विशिष्टतालाई पाठ्यक्रम भित्र समावेश गर्न सहयोग मिल्नेछ ।
- शब्द चयन, वाक्यचयन, शब्दकोश निर्माण, शैक्षणिक व्याकरण निर्माण गर्नका साथै साप्ताहिक काव्य कृतिहरुलाई बोधगम्य र उद्देश्यमूलक बनाउन सहयोग मिल्नेछ ।

### ५.४.२. कार्यन्वयन तह

प्रस्तुत शोधपत्र ‘अढाई लाखको चेक’ कथाको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ । शैलीवैज्ञानिक दृष्टिकोणले कथाको कथानक, कथाको विकासक्रम, पात्रहरुको वर्गिकरण, भाषिक चयन, विचलन साथै समानान्तरताको विश्लेषण यस शोधपत्रको अध्ययन अन्य कृतिमा शैलीवैज्ञानिक

अध्ययनमा रुचि राखेर शोध कार्य गर्न खोज्ने व्यक्तिलाई यस शोधपत्रले सारथीको भूमिका निर्वाह गर्नेछ । यस 'अढाई लाखको चेक' कथाको कार्यान्वयन तहलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :-

- यस अध्ययनले शैलीवैज्ञानिक आधारमा कथामा उपस्थित पात्रहरुको वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । यस अध्ययनले शैलीवैज्ञानिक अध्ययन शीर्षकमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धान कर्ताका लागि प्राप्त निर्ष्कषहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ ।
- सरल, संयुक्त साथै मिश्रवाक्यको प्रयोग चयनका आधारमा कति उपर्युक्त छ अथवा छैन भनेर पत्ता लागाउन सहयोग पुग्नेछ ।
- सिर्जनात्मक काव्य कृतिमा रोचकता प्रदान गर्नका लागि भाषिक चयन, विचलनको प्रयोगमा सुधार ल्याउन पनि यो अनुसन्धानको निष्कर्षलाई उपयोग गर्न सकिन्छ ।
- यस अनुसन्धानको निष्कर्षबाट शिक्षक, विद्यार्थी, पाठक वर्गको तार्किक, वौद्धिक र भाषिक क्षमताको वृद्धि गर्न मद्यत पुग्ने देखिन्छ ।

### ५.६. अगामी अनुसन्धानका लागि शिर्षक

- 'अढाई लाख चेक' कथाको सङ्कथन विश्लेषण
- 'अढाई लाख चेक' कथाको परिवेश र समाजको अध्ययन
- 'अढाई लाख चेक' कथामा प्रर्युक्त बिम्व प्रतिकहरुको अध्ययन
- 'अढाई लाख चेक' कथामा प्रर्युक्त आगन्तुक शब्द प्रयोगको अध्ययन

## सन्दर्भसूची

काफ्ले, शारदा (२०७४), *'सल्लीपिर' उपन्यासको शैलीविज्ञानको अध्ययन;* इटहरी : जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र) ।

निरौला, सङ्गीता (२०७६), *'प्रिय सुफी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन;* इटहरी : जनता बहुमखी क्याम्पस (स्नातकोत्तर) ।

न्यौपाने, टङ्कप्रसाद र पारसमणि भण्डारी, दीपक न्यौपाने र तुल्सीराम घिमिरे (२०७३), ***सामान्य भाषाविज्ञान*** काठमाडौँ : सनलाइट पब्लिकेसन ।

ताम्राकार, रीता (२०७४), *'संवेग'; (कथा सङ्ग्रह)* काठमाडौँ : डिकुरा पब्लिकेसन ।

पोखेल, भावना (२०७४), *'ऐना' कथा सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन;*इटहरी : जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र) ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भट्टराई, दुर्गा (२०७६), *'धनेश्वरकी साहिँली' कथाको शैलीवैज्ञानिक अध्ययन;* जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र) ।

भट्टराई, निलादेवी (२०७४), *'ग्रेट फल्स' उपन्यासको शैलीवैज्ञानिक अध्ययन;* इटहरी : जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र) ।

भट्टराई, लता (२०७६), '*पूर्वतिर उपन्यासको शैलीवैज्ञानिक अध्ययन',* इटहरी : जनता बहुमुखी क्याम्पस, (स्नातकोत्तर शोधपत्र) ।

भुजेल, ममता (२०७२), '*लू उपन्यासको शैलीवैज्ञानिक अध्ययन',* इटहरी : जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र) ।

राई, प्रतिमा (२०७४), '*महको म आत्मपरक निबन्धको शैलीवैज्ञानिक अध्ययन',* इटहरी :जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र) ।

रिजाल, हेमराज (२०७५), '*मृगतृष्णा कथाको शैलीवैज्ञानिक अध्ययन',* भक्तपुर : सानोठिमी क्याम्पस (स्नातकोत्तर शोधपत्र) ।

शर्मा, मोहनराज (२०४८), ***शैलीवैज्ञानिक,*** काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, लोकेन्द्र (२०७३), '***दमिनी भीर उपन्यासको शैलीवैज्ञानिक अध्ययन***', इटहरी : जनता बहुमुखी क्याम्पस (स्नातकोत्तर शोधपत्र) ।

## व्यक्तिवृत्त

शोधार्थीको नाम : सुमित्रा शर्मा

जन्मस्थान : चैनपुर न.पा.-९, सङ्खुवासभा

जन्ममिति : २०४९/०१/०१ (१९९२/०३/१३)

बुबा : बैजनाथ अत्री

आमा : चित्रकुमारी गौतम

वैवाहिक स्थिति : विवाहित

स्थायी ठेगाना : रामधुनी न.पा.-६, वक्लौरी ।

शैक्षिक योग्यता : २०६४ एस.एल. सी. परीक्षा नियन्त्रण कार्यालय शिक्षा मन्त्रालय

२०६८ उच्च माध्यमिक तह उच्च शिक्षा परिषद्

२०७१ स्नातक त्रिभुवन विश्व विद्यालय ।

.........................

हस्ताक्षर

# अढाई लाखको चेक

आज एक हप्तापछि अस्पतालबाट डिस्चार्ज भएर घर फर्केको म । त्यस दिन मेरो कानले नसुन्नुपर्ने खबर सुन्यो । त्यही खबरले मेरो छातीको देब्रे पाटो बेस्कन चस्कन थाल्यो ।

निधकैबेर दाँत किटेर सहेँ । सकिनँ । खलखली पसिना छुट्यो माघको जाडामा पनि । असह्य वेदनाको छाल छातीभित्र उर्लन थालेपछि कराएँ । मेरो दर्दनाक आवाजले छिमेकीसँग छिमेकीकै चर्चापरिचर्चामा व्यस्त मेरी पत्नी फाल हाल्दै आइहोला सम्भवतः ।

अस्पतालमा मेरो रोग खुट्याइयो । पहिलो पटकको हृदयाघात । साह्रै चिन्ता गरी पत्नीले । रोएर आँसुले नै मेरो रोग पखालुँला जस्तै गरी । अस्पतालमा बसुन्जेल घरीघरी मेरो हात दह्रोसँग समातेर स्पर्श-स्पर्शमा नै रोग आफैँमा सारुँला झैँ पनि गरी ।

म बिरामी भएको कुरा पनि उर्लेको भेलजस्तो गरी अनियन्त्रित फैलिएछ कि क्या हो कुन्नि । आईसीयुबाट जनरल वार्डमा सार्नासाथ हेर्न आउनेको त ताँती नै पो लाग्यो अस्पतालमा ।

आज मलाई सकुशल घर फर्काएर ल्याउँदा मेरी पत्नी विश्वविजेताजस्तै फुर्केकी छे । फुर्कन पनि किन नफुर्कियोस् त ... ! मलाई घुत्रुक्क केही भएको भए त्यसको सर्वस्व रित्तो हुन्थ्यो । के गर्नु ... ? हिन्दु संस्कारले पतिलाई स्थान नै त्यस्तै दिएको छ । पत्नीलाई बन्धन पतिलाई उन्मुक्तता । पत्नीलाई दासत्व पतिलाई प्रभुत्व ।

एक हप्ताअगाडिको खबर आज पनि उत्तिकै तातिरहेको रहेछ र त

जो आए पनि प्रसङ्ग त्यही निस्कन्छ। कसलाई थाहा मलाई हृदयघात दिने खबर हो त्यो। म पनि कुनै अदृश्य बन्धनमा बाँधिएजस्तो त्यस प्रसङ्गलाई रोक्न छेक्न असमर्थ छु।

ताजा र जल्दोबल्दो खबर रेडियो, पत्र-पत्रिका, टेलिभिजन र जनमानसको जिब्रोमा झुन्डिनु कुनै आश्चर्यजनक कुरा पनि त होइन। तर आफूलाई चाहिँ ...!

को आइपुग्यो ? दुईचार जोर पदचापहरू आफूतर्फै बढिरहेको थाहा पाउँछु र मुटु निमोठिने खबरको रापबाट उछिट्टिएर सामान्य बन्ने प्रयासमा तल्लिन बन्छु।

"नमस्कार सर ... नमस्कार ...!" क्रमबद्ध आधा दर्जन नमस्कारको ठेलीलाई म एकमुष्ठ जवाफ फर्काएर बस्ने सङ्केत गर्छु।

"ल ... सर त खल्र्यापखुर्लुप घट्नुभएछ। भन्नै चिन्नै गाह्रो पर्नेगरी।" यो सहानुभूतिको झुटो मुस्लो करेलाको रसजस्तै तीतो। तै पनि पचाउनुपर्‍यो।

"अँ ... अलि दुब्लाएँ।"

"सरलाई हृदयाघात भयो भन्ने सुनेर त मेरै मुटुको रक्तसञ्चार बन्द भएजस्तै भो। भोक, तिर्खा, निद्रा सबै अरूले खोसेजस्तै भयो भन्या। सुद्धिसम्म ठाउँमा रहेन। आज सरलाई सकुशल डिस्चार्ज दियो भन्ने थाहा पाएपछि मात्र ढुक्क भयो।" यी मेरा सहकर्मी टोलीमध्येका हरदम मेरो दोहोलो र उछित्तो काट्न तयार रहने सहकर्मी मित्र। यिनको यस अभिव्यक्तिले मलाई अन्तर्हृदयसम्म काउकुती लाग्यो। तर व्यक्त गर्ने यी महाशयमित्रचाहिँ लाजको छाला कति उद्‌यो कुन्नि ?

"अनि सर कति समय आराम गर्नुपर्ने ? यसो हामीले गर्नुपर्ने सहयोग छ भने अन्यथा नमानी भन्नुहोला। दुःखबिराम त परि नै हालिन्छ। ढिलोचाँडो सबैलाई हो। राम्रो उपचारले ठीक हुन्छ। चिन्ता नलिनुहोला है सर अनि भाउजूले पनि।" मेरो हितैषी सहकर्मीको अभिव्यक्तिले मेरी पत्नीले आली लगाएर आँखाको गरामा जम्मा गरेको पानीले आली भत्काई कुलेसाको बाटो रोजिहाल्यो।



बेला न कुबेला आँसु झार्ने मेरी पत्नी देखेर बेपत्तासँग रिस उठ्छ मलाई। के गर्नु र ...। त्यसमाथि मेरो हृदयाघातको एउटा माध्यम त्यो।

"ए साँच्चै ...। सरले थाहा पाउनुभयो ? त्यो उत्कर्ष अविरल भन्ने लेखक छ नि। नयाँ विषयवस्तु साह्रै गहकिलो र सशक्त उपन्यास पो लेखेका छन् रे त। नयाँ धार र फरक शैलीमा। त्यसैका निम्ति देशकै ठूलो र सम्मानित राष्ट्रिय पुरस्कार उसले पाएको खबर छ्यापछ्यापी छ देशभर अहिले।" एक जना सहकर्मीले मैले सुन्नै नचाहेको खबर फेरि सुनायो।

"ऊ त कहाँ राम्रो लेख्ने मान्छे हो र। अरबपति छ, पैसै पेलेको भरमा साहित्यकार बनेर हिँडेको त हो नि। पैसा खर्च गरेपछि लेखेको कुरा स्तरीय पत्रिकामा छापिने, नाम चलेका समालोचकहरूबाट समीक्षा लेखिने, सुन्नैनसकुवो भुर रचना सुनाउँदा वाहवाह! पाउने कुरा कसबाट लुकेको छ र! पुरस्कार पनि त्यस्तै हो। साहित्यमा पनि अर्थले निक्कै प्रभाव पार्छ होइन सर ? सर पनि त साहित्यकार। सरलाई यो कुरा अरू राम्ररी थाहा हुन्छ होला।" अर्को सहकर्मीले साहित्यमाथि मर्मान्त प्रहार गर्दै कुराको सुर्कनी मलाई पो थमायो।

खुकुरीको चोट अचानालाई बाहेक कसलाई थाहा! एउटा ओइलाएको फूलजस्तो सौन्दर्यहीन मुस्कान थपक्क ओठमा निम्त्याएँ।

फर्के सहकर्मीका टोली। मेरो मनभरि अदृश्य ढुङ्गो सल्काएर। उफ! कस्तो औडाहा भएको। मनमा छटपटी नै हुन्छ। निसास्सिएजस्तो ...सासै फेर्न गाह्रो हुन्छ। मन अत्यासिन्छ फेरि कतै ...!

खुइ ... लामो उच्छ्‌वास निस्कन्छ र लामोलामो श्वास लिन थाल्छु। मेरो अनभिज्ञतामा मलाई निहारिरहेकी पत्नी आत्तिँदै आउँछे र मलाई मुसार्न थाल्छे।

"फेरि गाह्रो भो कि क्या हो हजुरलाई ... ? सजिलो बस्नुस् ... खै सिरानी थपूँ पछाडि। पिर नलिनुस् ...। मनमा नानाभाँती कुरा पनि नखेलाउनुस्। खै ... के आपत् आइलागेको हो ...। ठूलै दशा रहेछ यसपालि ...।" पत्नीको कुरा, माया, स्पर्श, सुसार अपाच्य भो मलाई, साह्रै अपाच्य। अप्रत्याशित शब्दहरू उछिट्टिन्छन् मेरो मुखबाट।

'भो ... भो ... यस्तो पैसारो मलाई चाहिँदैन । यो आपद् आएको होइन ल्याइएको हो । दशा लागेको होइन लगाइएको हो ।' म घृणायुक्त विरक्तिले नजर त्यसमा टेकाउँछु ।

तीनछक्क पर्दै अपत्यारिलो नजर मेरो नजरमा जोड्छे त्यो- 'के भन्नुभएको यस्तो । मेरो सर्वस्व हजुर । म हजुरलाई किन पैसारो पार्छु । तु एकछिन निदाउने कोसिस गर्नुस् । टाउको सुमसुम्याइदिन्छु ।'

मलाई भरोसा दिन काँध समात्न आउँछे ऊ ।

कमजोर भएको छु बिरामीले । तै पनि पौरख त बाँकिऐ छ नि । एक नमीठो झट्का दिएर त्यसको हात फालिदिन्छु । त्यो अवाक् बन्छे । मन्त्रि सल्केको आगो र मन्त्रि गुम्सेको अन्तर्ज्वालाबाट अनभिज्ञ त्यो साडीको छेउले आँसु पुछ्न थाल्छे ।

छोराछोरी फर्के कलेजबाट । एघार र बाह्रमा पढ्छन् । कति खुसी बनेका छन् मलाई घरमा देखेर उनीहरू । उनीहरूको खुसीले मनित्रको ज्वाला केही शीतल बनेको महसुस हुन्छ मलाई ।

'बाबा ...! एउटा खुसीको कुरा । हजुरका लागि सरप्राइज पनि ...। हजुरको एउटा निबन्ध र एउटा कथा केकेमा छापियो थाहा छ हजुरलाई ? कथा समकालीन साहित्यमा र निबन्ध मधुपर्कमा । वाह ...! हाम्रा बाबाको रचनाहरू पनि धमाधम राष्ट्रिय स्तरको पत्रिकामा छापिन थाले अब । यो के कम गर्वको कुरा हो र ? हजुरलाई बधाई छ बाबा ...!' छोरीको खुसी छताछुल्ल भएर पोखिन्छ । म उसको शिरमा स्नेहालु आशीर्वादले सुमसुम्याइदिन्छु ।

'घरमा ममीले बाबाको प्रतिभाको कदर नगर्नुभए पनि बाहिर तिम्रो बाबा साहित्यकार हो नि । उहाँको रचना कस्तो राम्रो हुन्छ' भनेर अरूले भन्दा कस्तो आनन्द आउँछ । गर्वले छाती चौडा भएजस्तो लाग्छ ।' छोरो पनि आफ्नो खुसी दिदीलाई उछिन्ने गरी पोख्न आतुर बन्छ ।

'खै त ... पत्रिका ल्याइदिएनौ मलाई ... ?' मनको उथुलपुथुल छुपाउँदै उनीहरूसँग खुसी बनिदिन्छु केहीबेर । म छापिएको रचना



सुमसुम्याइरहन्छु । र त्यो तेक्का घोरिदा पत्नीबाट पाइएको व्यङ्ग्यात्मक नजरबाण र तिक्त बोली सम्झिरहन्छु ।

उसका इच्छा, चाहना, रहर र आवश्यकता परिपूर्ति गर्न नसक्ने मेरो वाहियात प्रतिभासँग ऊ सख्त घृणा गर्छे । हो ... ऊ यसलाई वाहियात नै ठान्छे । एकदमै बेकामे ।

साँझ क्रमशः पाल हाल्दै आइपुग्यो ।

फेरि एउटा नौलिकिरको महसुसले दिक्क हुन्छु म । को आयो फेरि यस्तो साँझपख । भेटि आए पनि त हुने नि । आउन पनि कुन बेलै पो आएछन् त । कवि, कथाकार, गजलकार मनाउँदाहरू ।

सीधै भन्ने हो भने आगन्तुकको उपस्थितिले कायरताले पीडितको महसुस गर्दै छु म । म जेदेखि र जोदेखि भाग्न चाहिरहेको छु । उही अघि विराजमान छ अगाडि । पचाउन र खान बाध्य छु ।

'अचानक के भयो दाइ यस्तो टेन्सन ? हार्ट अट्याक नै हुने गरी ... कि अमितको गोष्ठीमा टिप्पणीकारको टिप्पणीले त दाइको मन बिथोलेको होइन ?' आफूलाई निकै वरिष्ठ मान्ने पुच्छे कविले आफ्नो बौद्धिकता दर्शायो ।

'के वाहियात कुरा गरिराख्या । त्यो टिप्पणीकारभन्दा निक्कै नियाल्न लाग्छ कि कसो तिमीलाई ? त्यसै टिप्पणी गरिदिएको हो त्यो । त्यसले दाइको महिरो बौद्धिकताले भरिएको रचना बुझ्ने सक्दैन होला ।' एउटा सर्जक जो मलाई र मेरा रचनालाई सामान्य मान्यतामा तयार छैनन् । आज यो अप्राप्य विश्लेषण ! म भित्रभित्र गुम्सनीय भएको महसुस गर्छु उनीहरूको कुराले ।

'हो त विप्लवजीको रचना त साह्रै मीठो स्वादिलो । म त जहिले छापिएको रचना त पटकपटक दोहोर्‍याएर पढ्छु नि । कथा त कन असाध्य राम्रो र रोचक लेख्नुहुन्छ ।' मेरो रचना पढ्न र ज्ञान पोख्न नै हुँदैन भनेर पटकपटक मेरो बदख्वाइँ गर्ने साहित्यिक मित्रको कुराले लाजमर्मको लाज लाग्यो मलाई ।

'थाह पाउनुभो तपाईंले ? उत्तर्ष अविरलले राष्ट्रिय पुरस्कार पाये

नि पहिलो उपन्यासमा नै। हुन पनि गज्जब लेख्यौ बा _ । अब त मन्
थप जोसजाँगरले त्यस्ता उपन्यास कति जन्माउला उसले _ !' खुल्क
फन्या मेरा। निकै चिन्न पाएको रोक कि कसो कुन्नि। मन्त्र सितिमिति
कलैको तारिफमा शब्द खर्च गर्ने कहाँ हो र तँ _ म मनमा गुन्दै छु।

'ल लल पन्यो _ यो हामी सबैको तर्फबाट तपाईंलाई फलफूल _ !
ल _ ल केटा हो _ यसो एकछुई न्याय हान। मरे फेसबुकमा बिरामीसँग
भेटघाट भनेर हालुपन्यो नि !'

मलाई मन नपर्ने काम। एक जनाले के सम्भाएको थियो, सबै
हातहातमा मोबाइल बोकेर रेडी फोटो सेसनलाई। म बिचरा बुढो बिरामी
मान्छे। नाईंनाईं भन्दै ओछ्यान छाडेर कुदर्दै भाग्न नसक्ने। खिचियो
फोटो सेल्फीमा समेत।

अहिलेको अवस्थामा फोटो सो गर्ने होडबाजी चलेको छ। के गर्नु
बाध्यतावश आज म पनि त्यसको सिकार बन्नैपन्यो।

उफ। बल्ल गए। एकछिन शान्तिको लामो श्वास फेरें। सजिलोसँग
उल्कें। पत्नीले खाना ल्याई। त्यसको अनुहार नहेरी खाएँ। त्यसको
विपरीत हुन नदिए सुतेँ। निद्रा परेको छैन आँखामा, त्यही पनि निदाएको
बहाना गरिरहेछु, त्योसँग बोल्न पर्ला भनेर।

पत्नी साह्रै अचम्ममा छे। म किन त्योसँग रिसाएको छु बुझ्न
नसकेर। के गर्लेस् बुढी। अलबेला त्यस्तो उदासपूर्वी बनेर मलाई
थर्कराउन मिलेन अहिले। डाक्टरले पत्नीको टेन्सन नदिनु भन्ने चेतावनी
दिएर ल्याएको छ।

ठीकै छ सोचोस् न गिदी हल्लने गरी। त्यसलाई पनि निद्रा
नलागोस्। भोक नलागोस्। छाती मतभती पोलोस्। नेपालीको राष्ट्रिय
रोग ग्यास्ट्रिकले फत्याकफत्याक पारोस्। हो _ म त्यहीसँग एउटै
ओछ्यानमा सुतेर यही कामना गर्दै छु।

'भाउजू _ भाउजू _ कहाँ हुनुहुन्छ ? खै दाजु _ ?' अत्यासिलो
आवाजमा कराउँदै हस्याङफस्याङ गर्दै बहिनी कोठामा पस्छे। धेरै दिनको
तुँवालो फाटेर घाम मल्मलाएजस्तो लाग्छ उसको उपस्थितिमा।



'अरे _ नुना _ तँ _ ! कहिले फर्किस् अमेरिकाबाट ? मलाई त तँ
फर्केको थाहा पनि छैन त! किन त्यहाँ उभेकी ? यहाँ आइज न !' म
हात लम्काउँछु उसलाई तान्न। अत्यधिक खुसीले हो कि कमजोरीले हो
मेरो हात थरर काँप्छ।

'दाजु _ !' नुना च्याप्प मेरो हात समातेर सिलसिल रोइदिन्छे।
मलाई थाहा छ बहिनीको गलाभरि शब्दहरू अटेसमटेस भएका छन्। तर
निःशब्द आँसु बोलिरहेछन्।

'किन रोएकी ? मरो _ । आइज। यहाँ बस्। यहाँ हेर् त, मलाई
निको भइसक्यो नि। ठीक भइसके भन्या _ हेर् त राम्री मलाई !'
बहिनीको टाउको मुसार्दै भन्छु म। तर कहाँ सकें र दबेर बन्धुत्वको
आफूलाई। बिरामी भएदेखि अहिलेसम्म बाँधिराखेको बाँध आफ्नो एकमात्र
बहिनीको सामने भत्कियो।

हामी दाजुबहिनी निकैबेर भक्कानिएर रोइरह्यौं। त्यो मेरी पत्नी
पनी मलाई पनी नन्दलाई सम्झाउँदै छे नरुन भन्दै। पत्नी जान्दछे सानैमा
टुहुरा बनेका हामी दाजुबहिनी कति बलियो भ्रातृप्रेममा बाँधिएका छौं
भनेर। बहिनीले मेरो अस्वस्थतालाई ध्यान राख्दै आफूलाई थाँदै सम्हाली।
मेरो आँसु पुछी। मलाई पानी ख्वाई र सजिलोसँग बस्न लगाई। मैले एक
भरको आमा नै देखें त्यसमा।

'के भएको थियो भाउजू, दाजुलाई त्यस्तो ? केही त्यस्तो साङ्गे-गाङ्गे
अप्ठ्यारो परे मलाई खबर गर्नुभए पनि हुन्थ्यो। दाजु जस्तो निरोगी
पुलपुलस्त मान्छेलाई एकैपटक हार्ट अट्याक _ ! मलाई त विश्वासै
लागेको छैन। मेरो दाजुलाई _ !' फेरि कण्ठ अवरुद्ध बनाई बहिनीले।
पुलुक्क मलाई हेरी र पुनः भाउजूतर्फ उन्मुख भई।

'हुन त म तीजमा आउँदा नै दाजुलाई अलि फरक पाएकी थिएँ।
अलि निस्ताउनुभएजस्तो। थाक्नुभएजस्तो। अँध्यारिनुभएजस्तो। मनमा
त लागेको थियो दाजुलाई के भएछ भन्ने। तर फेरि सोचें अफिसमा
कामको पेलानले होला त्यस्तो देखिनुभएको। भन्नुस् त भाउजू के भएको
छ दाजुलाई ?' पत्नी नतिर पुलुक्क हेर्दै आँखा झुकाँउन भ्याई। शायद तीजको
प्रसङ्गले होला पुँइक्क बोलिन त्यसले।

'बोल्नुस् न भाउजू ... घरमा के भएको छ ... जान्ने अधिकार छैन मेरो ? के भएर मेरो दाजुको अवस्था यस्तो भयो मैले थाहा पाउनु जरुरी हुन्छ !' नन्दको रूखा अभिव्यक्तिले बल्ल बोली फुट्यो त्यसको।

'केही भएको छैन मैयाँ। हजुर तीजमा आउनुहुँदा पनि केही भएको थिएन। अचानक नै त्यस्तो भयो। हजुर टाढा भएर दसैं-तिहारमा आउनुहुन्न भनेर दाजु धेरै न्याउनुभएको थियो। खै के भएको ... मनमा के कुरा छ ... केही भन्नुहुन्न ... सधैंभरि रिसाएको रिसाएकै गर्नुहुन्छ। डाक्टरले टेन्सन नदिन भनेका छन् !' त्यसको पनि शब्द त घाँटीमा धागोजस्तै गुजुल्टियो नि।

'अब जे हुनु भयो ... म अलिदिन यतै बस्छु। तपाईं चिन्ता नगर्नुस्। के छ दाजुको मनमा, बिस्तारै मलाई भन्नुहुन्छ होला !' बहिनीको कुराले निकै भरोसा पाइछ क्यारे। अनुहार उज्यालो बनाएर नन्दलाई खाना बनाउन लागी भान्सातिर।

'तँ कहिले फर्किस् नुना ? फोन पनि गरिनस् त ... भन्छे यो टुलुक्क आइपुगिस् !'

'अतिरको सौख आइपुगेकी। तपाईंको खबरले त होसहवास नै उड्यो। फोन गर्ने हिम्मत पनि गरिनँ। हिजो केटाकेटी बेट्न गएर आज हिँडिहालेकी। भदामदै पढ्न गएका छन् डी दाजु ...! ज्वाइँले त आज बस्न भन्दै थिए। मानिनँ म। नानी-केटाकेटी, बूढा सासु-ससुरा सम्झेर मन कटक्क हुने। घुम्नलाई मज्जाले घुमें !' बहिनी बिस्तारै सामान्य बन्दै गई।

'घुम्न नि घुमें चार महिनासम्म, काम पनि गरें। ज्वाइँ केमा भन्दा परेको पु भनेर रिसाउँदै थिए। तर म मान्दै मानिनँ। मलाई उनले कमाएको पैसा होइन मेरो पसिनाको कमाइको पैसा आवश्यकता थियो। एउटा विशेष कामका लागि। मैले आँटेको काम उनको पैसाले गर्दा मेरो स्वाभिमान र आत्मसम्मानले धिक्कार्छ मलाई !' म उत्सुक भएर बहिनीको कुरा सुन्दै थिएँ, निकै बाठी पो भइछे यो पिन्सी त भन्दै।

'होइन ... के काम हो त्यस्तो। ज्वाइँ र तँलाई नै सिध्याउने गरी नेताजस्तो उम्दाउने। सुनुँ न म पनि तेरो काम !' म जिज्ञासा राखें त्यसलाई। बहिनीले मेरो हत्केला समाउँदै भनी।



'नरिसाउने भए मात्र भन्छु। तर होस् ... तपाईं राम्ररी ठीक हुनु अनि मात्र भन्छु। अहिले भन्दिनँ !' बहिनीलाई मैले सानी बालिका नै देखें, र हाँस्दै भनें।

'हे ... तँ पनि ...! भन् त के। कस्तो खुल्दुली मच्चाएकी भन्या। तँसँग त यत्तिकै किन रिसाउने ? पक्का रिसाउँदिनँ। भन् त बहिनी, के काम हो त्यस्तो तेरो !' मैले बहिनीलाई फकाएँ।

'पक्का हो नरिसाउने ? रिसाउन पाउनुहुन्न है फेरि !' उ मलाई वचनमा बाँध्दै भन्न थाली।

'... मेरो हार्दिक इच्छा थियो र आज पनि प्रबल रूपमा छ। तपाईंले धेरै मेहनत, लगन र परिश्रम खर्चेर लेख्नुभएको उपन्यासको पाण्डुलिपिलाई पुस्तक रूप दिऊँ। त्यो काम म ज्वाइँको पैसाले त गर्न सक्तिनथें। त्यसैले मौका पर्दा आफैंले काम गरेर कमाएकी। अब म तपाईंको उपन्यास छपाउँछु र तपाईंलाई एक स्थापित साहित्यकारमा उभ्याउँछु दाजु। त्यति अधिकार मलाई दिनुपर्छ तपाईंले ...। दाजु ... दाजु ... के भयो ? किन यस्तो असहज भएर रुनुभएको तपाईं ?' बहिनीको अभिव्यक्तिले म थेगिएर बस्न असमर्थ निढाल सिरानीमा घोप्टिएर हिक्कहिक्क गर्न पुगेछु।

'के भयो मैयाँ ? किन आत्तिनुभएको ?' थाल लिएर ढोकामा आइपुगेकी पत्नी पनि अत्याउँदै बोल्न पुगी।

'खै ... मैले दाजुको उपन्यास छाप्नुपर्छ। अमेरिकामा काम गरेर पैसा लिएर आएकी पु मात्र भनेकी दाजु त ...!' बहिनीले पनि क्रुद्ध अवरुद्ध बनाई।

'चुप लाग् नुना चुप लाग् ... नसम्झा मलाई त्यो उपन्यासको पाण्डुलिपि र त्यसमा लागेको मेरो अथक परिश्रम, मिहिनेत र लगन। मलाई छाती पोल्छ भतभती। निसास्सिन्छु म। छटपटाउँछ मेरो आत्मा।... मलाई सहन गाह्रो हुन्छ। आफैंलाई सम्हाल्न हम्मेहम्मे पर्छ !' मेरो कुराले बहिनी अवाक् भई, अचम्भित भई।

'भाउजू ... दाजु के भन्दै हुनुहुन्छ ? मैले केही बुझ्न सकिनँ। तपाईं

नै स्पष्ट पार्नुस् त । भयो दाजु ... तपाईं चुप लाग्नुस् ... । आराम गर्नुस् ... सकस भयो तपाईंलाई । भन्नुस् त भाउजू, के भएको छ घरमा ?' बहिनी त्यसपट्टि उन्मुख भई ।

'कुन मुखले भन्छे त्यसले ? जसलाई आफ्नो बाँच्ने सहारा र भरोसा सम्भें । त्यसैले मलाई घात गरी । आज म यस्तो अवस्थामा पुग्नुमा त्यसकै प्रताप र देन छ । के भन्थी त्यसले ?' म नै भन्छु तैंलाई सबै र हलुक्लो हुन्छु । अनि सुस्ताउँछु शान्तिले । सधैंका लागि चिरनिद्रामा परें भने भदाभदैको ख्याल गर्नू तैंले ।' बोल्दाबोल्दै केके फुल्यो-फुल्यो मेरो मुखबाट ।

'दाजु के बोल्दै हुनुहुन्छ ? चुप लाग्नुस् प्लिज ।' बहिनी आत्तिंदै कराई ।

'तेरी भाउजूको तीजको रहरले बगायो मेरो पाण्डुलिपि । मैले सम्हाल्ने गल्ती गरी । मबाट टाढा, धेरै टाढा । पाण्डुलिपिसँगै मेरो आत्मसम्मान र स्वाभिमान छाल बनेर ओल्लो किनार पल्लो किनार ठोकिँदै बग्यो । मेरा यी रहस्य बोकेका कुराले तँ अति विस्मित छेस् बहिनी, मलाई थाहा छ । तैंलाई सबै प्रस्ट पार्न मैले फेरि कालो र तीतो अतीतमा डुबुल्की मार्नुपर्छ । सुन् तँ पनि मेरो कथाको व्यथा वा व्यथाको कथा ।'

धेरै दिनदेखि प्रसववेदनामा छटपटाइरहेको छ मन । एउटा विषयवस्तुलाई कथाको रूपमा, जो उन्मोचन सकिएन । आजचाहिँ जन्म दिने तरखरमा कलम हातमा समाएर घोत्लिरहेको छु । निर्ब्यैबत्पाछि कलम र कागजको सम्बन्ध गाँसिने औंटको अवस्थामा पत्नी ध्याच्च अगाडि बस्न आई ।

'तिमीलाई थाहा छैन ? लेख्ने बेलामा एकान्त चाहिन्छ मलाई ।' म भर्कें ।

'चाहिन्छ होला ... । मैले कहिले चाहिँदैन भनेकी छु र । तर त्यसरी घोत्लेर मेरो आवश्यकता पूरा हुँदैन र पो त ...' उ सिङ जोड्न पूर्ण तयारीमा छे ।

'लेख्न बस्यो कि किचकिचले गर्दा फुरेको पनि उडिटिएर भाग्छ ।



के आवश्यकता थियो ? यो केही खाँचो परेजस्तो लाग्दैन ।' म आफ्नै धुनको लहरमा बग्छु ।

'लाजसरम पचाएर नबोल्नुस् । तीज आएको थाहा छैन ? पोहोर ठेके बोल्नुभएको थियो ? साँपले भ्यागुता निलेजस्तो सतर्कक बिर्सन सकी दइन्छ र ?' पत्नी त भज्याले बन्कन थाली ।

'ए ! अब आफ्नै घरमा बोल पनि विचार पुन्याउनुपर्ने भो । अबुझहरूलाई तत्काल समस्या समाधानका लागि भुटो नै भए पनि आश्वासन त दिनै पर्‍यो । दिदैं नि ... कुन ठूलो कुरो भयो र । तर मैले बोलेजति पुग्न सक्दैन भन्ने त व्यवहार चलाउने घरमूली भएपछि बुझ्नुभन्यो नि गृहमन्त्रीजी । कि कसो ?' मैले त सामान्य रूपमा नै बोलेको । पत्नीको त तनमन दुवै हुरहुरी जल्यो । रुँदै फतफत थाली ।

'आफ्नो त फुटेको कर्म । केही गर्न हुती नभएको कुतीहरा बोल्ने पन्या छ । एउटा जागिर खाएको छ गुच्छा । कागज अगाडि राख्यो, कलम हातमा लियो, घोत्ल्यो । उही अल्को भने ... । माइतमा दिदी-बहिनीको कस्तो छ । जहिले तीजमा चिट्टीटिउरीको नयनबाण खानुपर्छ । धिक्कार छ मलाई । यसपालि पनि त्यसै भयो भने मैले जान्या छु ।' गुनगुनाउँदै सुँक्सुँकाउँदै भतभतसा लयालिक्स फोकेर सुत्न गई ।

हे भगवान् ... के आपत् आइलागेको यो । यसो मौका हेरेर फुर्के कि भन्दै लेख्न बस्यो । पत्नी मिलेन बनिहाल्छे । तीज नेपाली महिलाहरूको महान् पर्व । संस्कार संस्कृतिको जगेर्ना गर्ने सु-अवसर पनि । साथैसँगै दिदीबहिनी भेटघाट गर्ने सुनौलो मौका । तर अहिले आएर तीजको वास्तविक महत्त्व र अर्थ घट्दै गइरहेछ । अहिले देखावटीपन र देखासिकीको प्रतिस्पर्धामा सीमित हुन गइरहेछ तीज ।

ए बाबा ... क्या हो यस्तो ! राति त अलपत्र पारेर सुतिसुती । बिहान भइसक्दा पनि यो उठ्ने सुरसार छैन त । यसरी त कसरी चल्छ ?

'औ ... उठ न । उठ्ने होइन भन्या । केटाकेटीलाई भोकभोकै पठाउनु त भएन नि । उठ न ... के तमासा हो यो ।' म उसको हात समाएर तान्छु । एकै भट्कामा हात फाल्छे मेरो । फेरि तान्छु ... फेरि फाल्छे । रन्का

लोग्ने रिस उठ्छ । तैपनि छोराछोरीका खातिर पचाउँछु । र हतारहतार आफ्नो ढङ्गले ब्याएसम्मको नास्ता गराएर पठाउँछु पढ्न ।

"उठ भनेको । कैको अगरहते हो यो ? के चाहियो ? तीज त सबै आउँछ । तीजको दिन लगाउन एकजोर ठिकको चोखो लुगा भरेभोलि गएर किन्नु । अहिले हत्ती चढे भनेर आफूले धुरी चढ्नुभएन । आफ्नो घाँटी हेरेर हाड निल्नुपर्छ !" म उसलाई सम्झाउन खोज्छु । तर केको .. मेरो कुराले त झन् बलेको आगोमा घिउ थप्ने काम पो गर्‍यो ।

"एक जोर ठिकको होइन, छ जोर दामी लुगा चाहिन्छ मलाई यसपालि । जहाँ जाँदा पनि त्यही एक जोर लुगा घिसार्दै जान सकिन्नँ । मेरो पनि इज्जत छ । पोहोरको बेइज्जती कहाँ बिर्सेको छु र । प्रोग्रामैपिच्छेको फोटो फेसबुकमा हाल्छन् साथीहरू । जुनैमा पनि एउटै लुगा लगाएर लाछीकी स्वास्नी भन्ने नाम कमाउनु छैन मलाई ।"

अनुभवना मरिएको कुराको पनि सीमा हुन्छ नि । कस्ती मूर्ख रहिछे । कहाँ नभएको पाठ पढ्छ मलाई पनि ।

"चाहिन्छ भन्नासाथ कहाँबाट आउँछ ? चोर्नु भएन । घरको अवस्था घरमूली भएर थाहा नपाउने कुरा भएन तिमीले । फोटोमा देखाउन र अरुले के भन्ला भनेर आफ्नो हैसियतभन्दा माथि त पुग्नुभएन नि होइन र !" अझै आफू मत्थर भएर उसलाई सम्झाउने प्रयासमा लाग्छु ।

"त्यो त जान्दिनँ । यसपालि चाहियो .. चाहियो । त्यति मात्र होइन । मेरा सबै दिदीबहिनीको जस्तै सानै भए पनि रानीहार पनि चाहियो मलाई यसपाल्ट !" उसको कुराले रिसको आवेगमा पनि खितिति हाँसो फुत्कन्छ मेरो ओठबाट ।

मेरो खित्काले चाहुले बघिनी बनी एक्कासि मेरी पत्नी । फुर्दिदै आएर मेरो कचालो समातेर मलाई लछार्न र रुँदै कराउन थाली ।

"यसपाल्ट पनि साथीसँगी र दिदीबहिनीका अगाडि लज्जित हुनुपर्ने भने म यो घरमा बस्तिनँ । म कसैको मायामा बाँधिन्नँ । एक दुई तीन बाँधिन्नँ !" भन्दै मेरो कपालको झोडो फेरि लुछ्न थाई ।

"ल .. अब बहुलाउने औंट्यौ कि क्या हो । कस्तो असम्भव माग राखेर



अड्को थापेकी ? त्यो माग पूरा हुन सक्तैन यो घरमा भन्ने त जस्तै लाटागाँइलाई पनि बुझ्छ । म त गएँ । छोराछोरीको माया भए पकाएर खुवाउनू नत्र .. !" कुरा बीचैमा छोडेर मनभरि गहुँगो मारीको बोझ बोक्दै घरबाट निस्कें ।

होइन .. के नचाहिँदो अड्को थापेकी है ? रानीहार चाहियो भनेर । यो तीजमा मलाई जस्तै स्थिति देशभर कति लोग्नेलाई परेको होला है । एकपल्ट मेला भएर मिठ्ठै नै बस्न पाए पनि हुन्थ्यो नि बरु ।

के माग राखेकी त्यस्तो ? के आफ्नो लोग्ने चोर्न जा भनेकी ? कि मेरो एउटा किड्नी बेच भनेकी ? कस्तो बेकुफ स्वास्नीसँग भेट परिछे ? त्यसका दिदीबहिनीका लोग्नेले जस्तो कालो काम गर्न म सक्तिनँ । जे पर्छ-पर्छ । म त्यस्तो काम गर्दैगर्दिनँ कहिल्यै । चिह्नै खोजेर सुतोस् कति दिन सुत्छे र । एक दिन त त्यसले हार खानु नै छ । मैले त्यस्तो मूर्खको कुरा किन टाउको दुखाउनु पर्‍यो ? दिनभरि मनमा बल्दो तुषौलो बोकेर काम गरी साँझ मुटु हल्लाउँदै घर फर्कनु ।

"खै मम्मी ? खान खायौ कि खाएनौ ?" मेरो प्रश्नले छोराछोरी पिलपिलाउँदो बस्छन् । म कटक्क खान्छु ।

"के गर्नु नानी हो । तिमीहरूकी आमा कुरा नबुझ्ने सानी बच्ची भएकी छ अझैसम्म । तिमीहरूभन्दा सानी भएकी छे । के गर्ने होला नि त्यसलाई सम्झाउन । आफू पनि चिह्नै खोज्ने भन्ने हैसियत खोजा ढकाएर पढ्नु है । म जे भए पनि बनाइदिउँला !"

निकैबेरपछि झन् पर्स च्यापेर पत्नी ।

ए रिस मरेछ क्या । आजाको एक मिनेट त्यो मनमा । हैसिलो अनुहार बनाएर हेर्छु । त्यो बादल छाँटिएको छैन । कतिखेर बैगैसमको भयानक वर्षा हुने हो थाहै सिरिङ्ग गर्छ ।

"तिमीहरू पढ्दै गर । बाबाको र मेरो एउटा काम छ । पछि खाना बनाइदिन्छु !" कोठाको ढोका ढ्याम्म लगाई । निस्तब्ध गुनें एकान्त बन्द कोठाभित्र मायाले ग्लप्प । यसो म्याद खान त्यो बैसो मात्र के पार्थें

एकैचोटि धुलिएँ पर ...। छक्क पर्दै हेर्छु। आँखाभित्र विषाक्त भाव बोकेर घुर्दै छ मलाई।

"नाटक गर्न नखोज्नू। यो रङ्गमञ्च होइन। म यस पल्ट साँच्चै भन्दै छु। हरेक वर्षजस्तै यस वर्ष पनि तबैको सामु लज्जित बन्नुपर्थ्यो भने म बाँच्दिनँ मारिदिन्छु। यसलाई थोरो धन्दो नठान्नू। यो हेर्नू यही मुसाको यालयालमा मुसा मार्ने गोली!" भन्दै पर्सबाट औषधीको बट्टा पो झिक्छे।

कस्ती मूर्ख! करेन्ट लागेजस्तो हुन्छ। झुटु पनि कतीले गिथोरेजस्तो हुन्छ। अन्तर्आत्मा नै सिउन नमिल्ने गरी धुजाधुजा भएर च्यातिएजस्तो।

"के भनेकी तिमीले त्यस्तो? टिनएजमा पुगेका छोराछोरीमा केवलको असर पर्छ यस्तो कुराले, सोचेकी छ्यौ? फिज मूर्खतापूर्ण कुरा नगर। त्यो औषधी मलाई देऊ। तिमी घरको स्थिति बुझ्ने कोसिस गर, प्लिज!" म झुनै अनर्थको आशङ्काले गिडगिडाउन थाल्छु।

"आफै नडराउनुस्! भोलि साँझसम्म निर्णय चाहिन्छ मलाई। मेरो चाहना र आवश्यकता पूर्ण हुन्छ कि हुँदैन। यदि भएन भने त्यसपछिको मेरो कामले तपाईं जीवनभर पछुताउनुहुनेछ महाशय!" फिन यति साह्रै एकोहोरो बनेकी होला। यस्तो त थिइन। दुःखसुख बुझ्थी। अहिले आएर तीजको नाममा भिड्दै गएको आडम्बरले नराम्रोसँग गाँजेछ यसलाई।

म टाउको समातेर थचक्क भुइँमा बसेँ। आफ्नो अगाडिको सामान रोटेपिङ घुमेजस्तै घुमेको दृश्य हेरिरहेँ।

यसरी आफ्नो जिन्दगीको सही अर्थ र परिभाषा अल्मिएर बितेँ। झुनै निष्कर्षबिना। अन्तिम निर्णय दिनुपर्ने दिन आज। उसको इच्छा, चाहना र आवश्यकता परिपूर्ति गर्ने बाटो नभेटेको मान्छे म। उसैलाई सोध्न चाहन्छु। केही उपाय सोचेकी छे कि। नत्र मबाट त झुनै विकल्प निस्केन। मेरा लागि त मरुभूमिको उजाड भूमिमा भरना वा तलाउ खोज्नुजस्तो भो। के गर्नु आज मूर्खसँग राम पनि हराउने उखान चरितार्थ भयो। आजको दिन मेरा लागि जीवनकै चुनौतीपूर्ण दिन।

"के निर्णय गर्नुभो ...?" साह्रै पिसो र शुष्क स्वर निकाल्छे। तिमी



कुरा गर्छ मन। कहाँ तीजको बेलामा गर्न पुगेको अतृप्त आत्मा त पसेको छैन पत्नीभित्र। म उसको अनुहार गहिरिएर हेर्छु।

"के हेरेको ... लट्टाले पाथा हेरेजस्तो। मेरो हृदयको छिद्र हो यो कुरा। झुनै सिनेमाको सस्तो डाइलग होइन। भन्नुस् के निर्णय लिनुभो ...?" ऊ बम्किन्छे।

"के निर्णय लिनु मैले? सकिन तिम्रो चाहना पूरा गर्ने बाटो र उपायहरू छैनन् भनेर जान्दाजान्दै पनि तिमी यस्तो कठोर अडानमा बसेकी छौ भने ... उपाय पनि तिमी नै बताऊ। कुन बाटो छ तिम्रो आवश्यकता पूरा गर्न सकिने!" म लाचार बन्छु सबैभन्दा दाउमा पुगाएको जुवाडेजस्तो।

"भएर नै अडकी बसेको। नत्र म पनि पागल होइन!" ऊ आँखा मबाट भुइँमा झार्छे।

"भन न त, के छ उपाय? त्यस्तो ठूलो रकम ब्याजमा काढेर तिर्न सक्दिनँ। यो बजारमा कोठाको बास मासेर कि घाटीको बास गर्नुपर्थ्यो। त्यो तिमीलाई पक्कै मन्जुर नहोला। के छ त उपाय? सुनूँ म पनि!" म ठिक्क बन्छु।

"मेरो कुरा मान्दा यो दुवै बाटा हिँड्नुपर्दैन। सजिलो, सरल र सुगम छ बाटो!" आँखा नचाइ धुन्ने छ त्यसको।

"त यस्तो सजिलो उपाय रैछ तिमीसँग। किन बबाल मच्चाइरहनुपर्थ्यो? हिजोअस्ति नै भन्दा हुन्थ्यो नि। भन न त सुनूँ म पनि। कहाँ राखेछ कुबेरको खानी लुकेको यस घरमा?" कुरोको पुरो बुझ्न नसकेर छक्क पर्छु म।

ऊ पुलुक्कपुलुक्क मलाई हेर्दै मन्न एकछिन अकमकाउँछे। अनुहारभरि विविध तरङ्ग दौडिन्छ। हैन के मन्न ओठी है? यति मैले लोग्नेलोग्नेले आफूलाई तयार पारिछे क्यार।

"तपाईंको उपन्यासको पाण्डुलिपि र लत्ताकपडा अभिरलको प्रस्ताव नै हो यसको सही र सजिलो उपाय!" उसको यी शब्दहरूले एकैचोटि हजारौं बिच्छीले टोकेजस्तो भयो मलाई।

शरीर थर्थराएर फुत्तक उठेँ म र गएर दुई चड्कन बजाएँ त्यसको गालामा। चित्त बुझेन। यस्तो उपाय भन्न सक्ने थुतुनो च्यातेँ मज्जाले। अहँ बुझेन – बुझ्दै बुझेन मन। च्याप केश समातेर फनफनी घुमाएँ।

प्रतिकार नगरी थामी रही। शायद यस्तो उपाय भन्दा म एकछिन नराम्रोसँग बहुलाउँछु भन्ने पूर्ण ज्ञात थियो उसलाई। म आफैं थकित भएर ध्याब्ब टाउको समातेर बस्नु खाटमा। मेरो दृष्टि वरिपरि घुमिरहेछ उत्कर्ष अविरल र मेरो उपन्यासको पाण्डुलिपि।

उत्कर्ष अविरल टुटे साहित्यकार। पैसाको भरमा छपिइदिने। मैले ठूलो साधन र तपस्याका साथ लेखेको पाण्डुलिपि। जुन आर्थिक अभावको कारण पुस्तक बन्न सकेको छैन। प्रकाशक शब्दासम्म स्वर पुग्ने मेरो नजिकको कुनै नातेदार छैन। र आफू स्वयम् पनि पहुँचबेगरकै छु। अहिलेको समय कि पैसा कि पावर। यी दुई चीजविना हरेक कुरा असम्भव। मेरो दुवै चीज छैन। त्यही कुराको फाइदा उठाएर त्यो टुटे साहित्यकारले पैसाको पुछुक देखाउँदै मेरो अगाडि प्रस्ताव राख्यो दुई लाखको। अरू नीचताको पराकाष्ठा नाघ्यो अढाई लाख पुग्यो। मैले मेरो स्वाभिमान र आत्मसम्मानमा कुल्चन खोजेको भनी सक्दो मपाएर पठाएको थिएँ।

आज मेरी पत्नी झुटो आडम्बर र देखावटीपनाका लागि मेरो अक्षररूपी सन्तान बेच्ने तरखरमा लागेकी छे।

'लोग्नेपन देखाएर, मलाथि हात उठाएर खुब बहादुरी देखाएँ भनेको होला। त्यो जाबो पाण्डुलिपि स्वास्नीको ध्यानभन्दा ठूलो र प्यारो रैछ भने ठीकै छ। जेलमा त्यही अँगालेर बस्नू। चित्त बुझाएरै जानु संसारबाट। नत्र त त्यो कहिले मेरा लागि काम नलाग्ने कुरा, जीवनमा एकपटक काम लाग्ने हुँदा पनि कुरा नबुझ्नू त – ठीक छ!' जुरुक्क उठेर छोराछोरी पढिरहेको कोठाभित्र पसेर चुकुल लगाई।

भित्रबाट छोराछोरी ममीमम्मी भन्दै आत्यासपूर्ण स्वरमा चिच्याइरहेका छन्। त्रासयुक्त स्वरमा बाबा-बाबा भन्दै मलाई पुकार्दै छन्। म कहिले उसलाई कहिले छोराछोरी बोलाउँदै ढोका पिट्दै छु। हारेँ – साँच्चै हारेँ। छोराछोरीको आँसुमा भिजेको स्वरले हारेँ। स्वास्नीमान्छेको रहरसँग हारेँ।



मूर्खतासँग हारेँ र हारेँ समाजमा व्याप्त आडम्बर र देखासिकी प्रथासँग।

र भोलिपल्ट साटियो अढाई लाखको चेकसँग पाण्डुलिपि। साढे तीन तोलाको रानीहार बन्यो। र थप आयो लुगाफाटा अनि शृङ्गारसामग्री। म भने त्यही हेरेर पलपल मर्दै बाँचें र बाँच्दै मरिरहेँ।

उत्कर्ष अविरलको नाममा पुस्तक छापियो। एक वर्ष उनी खुदले 'सप्रेम भेटसहित पुनप्रकाशन भए'। थप एकपटक मरेँ। विमोचनमा कसैले जानेपऱ्यो। मर्दमर्दै गएँ र आफ्नै लासको मलामी भएर फर्कें। हरेक ठाउँ र हरेक पटकको पुस्तकचर्चामा मरिरहें, जिउँदै मरिरहें निरन्तर।

रानीहार र तडकभडकका लुगाहरूले मेरो जिउँदो लासमाथि अट्टहास गर्दै ठाउँठाउँ प्रदर्शनी दिइरह्यो र त्यो दिन पनि आयो। जुन दिन त्यही उपन्यासमा उत्कर्ष अविरलले वर्षकै उत्कृष्ट कृतिको सर्जकका रूपमा राष्ट्रिय पुरस्कारको विजेता बन्यो। त्यही खबरले मेरो छातीको देब्रे पाटो चस्कने क्रमसँगै मलाई हृदयघात भयो।

आइया – कै साह्रो चस्केको छाती। म वर्तमान अवस्थामा नै छाती समातेर कराउन पुग्छु। एउटा दर्दनाक चलचित्रझैं लाग्ने मेरो जीवनको तीतो यथार्थ बहिनीका सामु पोखाएपछि म अथाह पीडामा डुब्न पुग्छु।

बहिनी शब्दशून्य बनी। ब्यागबाट पैसा निकालेर हेर्दै रोई एकछिन। पैसा बुझाई र भाउजूमाथि खनिई।

'धिक्कार छ भाउजू तपाईंलाई! आफ्नो स्वार्थमा त्यतिविधि डुब्नुभयो! देखासिकी र आडम्बरमा डुबेर उचित-अनुचित सब भुल्नुभयो। मान्छेको भौतिक शरीर नरहे पनि युगौँयुगसम्म बाँचिरहने आफ्नो लोग्नेको प्रतिभालाई अलिकति भौतिक विलासिताको सामानसँग साट्नुभयो? धिक्कार छ तपाईंलाई!' त्यत्र नै फुल्ल बहिनीको तेस्रो सकिन पुग बस्न।

'कस्तो अन्धो र अविवेकी आसक्ति तपाईंको गहना र लुगाप्रति। तपाईंले जतिकै सिद्धीपन, अविवेकीपन र स्वार्थीपन बोकेर सबै महिलाले व्यवहार गर्ने हो भने एक दिन यी तीजको आकर्षण र महत्व हराएर नजाला भन्न सकिन्न। तपाईंको रानीहार लगाएर गजक्क परेको यो

फोटोले मेरो दाजुलाई पाण्डुलिपिको झल्को दिएर बाँच्न गाह्रो बनाएको होला । पर्दैन यो यहाँ राख्न !" बहिनी आवेगले थरथरी काँप्दै त्यसको फोटो भित्ताबाट झिकी ड्याम्म भुईमा पछार्छे ।

सिसा चकनाचुर हुन्छ । त्यतिले चित्त नबुझेर फोटोसमेत धुजाधुजा बनाएर च्याती । बहिनीको आवेगलाई हामी दुई ओल्लोपल्लो किनारजस्तो दायाँबायाँ उभिएर आ-आफ्नै मनको ऊहापोहमा अल्झिएर निहारिरहेछौं ।

■■